निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# वार्षिक प्रतिवेदन
# २०७२/२०७३



## निर्वाचन आयोग, नेपाल
### कान्तिपथ, काठमाडौं
### २०७३

# वार्षिक प्रतिवेदन

## २०७२/०७३

**निर्वाचन आयोग, नेपाल**

कान्तिपथ, काठमाडौं

२०७३

प्रकाशक :

निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं
फोन नं. ०१-४२२३१६५
इमेल : info@election.gov.np
वेबसाइट : www.election.gov.np

प्रकाशन : २०७३ मङ्सिर
प्रकाशित प्रति : ५००

मुद्रक : सोपान प्रेस प्रा.लि., डिल्लीबजार, काठमाडौं
फोन: ०१-४४४२२०६

प.सं. च.नं./Ref:

# वार्षिक प्रतिवेदन, २०७२/७३

नेपालको संविधानको धारा २९४ र निर्वाचन आयोग ऐन, २०६३ को दफा ४२ अनुसार निर्वाचन आयोगले आर्थिक वर्ष २०७२/०७३ (वि.सं. २०७२ साल श्रावण १ देखि २०७३ साल आषाढ मसान्तसम्म) मा सम्पादन गरेका कार्यहरूको विवरण समेटी वार्षिक प्रतिवेदनका रूपमा तयार गरेका छौं।

इला शर्मा
निर्वाचन आयुक्त

डा. अयोधीप्रसाद यादव
प्रमुख निर्वाचन आयुक्त

२०७३ मङ्सिर


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np

# निर्वाचन आयोग, नेपालका वर्तमान पदाधिकारीहरू



प्रमुख निर्वाचन आयुक्त
डा. अयोधीप्रसाद यादव



निर्वाचन आयुक्त
श्री इला शर्मा



सचिव
श्री गोपीनाथ मैनाली

# प्रतिवेदन सारांश

नेपालको संविधानको धारा २४५ अनुसार निर्वाचन आयोग एक स्वतन्त्र संवैधानिक निकायको रूपमा रहेको छ, जसमा प्रमुख निर्वाचन आयुक्त र अन्य चार जना निर्वाचन आयुक्त रहने व्यवस्था रहेको छ। संविधानको धारा २४६ बमोजिम संविधान र सङ्घीय कानूनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य, प्रदेश सभा सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने तथा राष्ट्रिय महत्त्वको विषयमा जनमत सङ्ग्रह गराउने मुख्य जिम्मेवारी तोकिएको आयोगले सो प्रयोजनको लागि मतदाताहरूको नामावली तयार गर्ने कार्य समेत गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य वा स्थानीय तहका सदस्यको लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भइनसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय समेत आयोगबाट हुने संवैधानिक व्यवस्था रहेको छ। संविधानको धारा २९४ अनुरूप आयोगले आफूले गरेको काम-कारवाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नुपर्ने र निर्वाचन आयोग ऐन, २०६३ को दफा ४२ बमोजिम आयोगले सम्पादन गरेका कार्यहरूको विवरण वार्षिक प्रतिवेदनको रूपमा प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ। सोही प्रयोजनको लागि आयोगले आर्थिक वर्ष २०७२/०७३ मा सम्पादन गरेका कार्यहरूको वार्षिक प्रतिवेदन तयार गरेको छ।

आयोगले आफ्नो कार्य-व्यवस्थापनलाई प्रभावकारी बनाउन दोस्रो पञ्चवर्षीय रणनीतिक योजना, २०७१/०७२-२०७५/०७६ तर्जुमा गरी उक्त योजनाले प्राथमिकीकरण गरे अनुसारका क्रियाकलापहरू कार्ययोजनामा आधारित भई कार्यान्वयनमा ल्याएको छ। यसै गरी कार्य-सञ्चालन पद्धतिलाई थप प्रभावकारी बनाउन तालिम नीति, २०७०, मतदाता शिक्षा नीति, २०७०, पर्यवेक्षण नीति, २०७०, लैङ्गिक तथा समावेशीकरण नीति, २०७०, र लैङ्गिक तथा समावेशी रणनीति, २०७१-२०७६ लाई कार्यान्वयन गरिएको छ। आयोगको संरचना, कार्यपद्धति र निर्वाचन व्यवस्थापन लगायत आगामी दिनमा हुने निर्वाचनमा समावेशीकरणको विषयलाई दृष्टिगत गरी लैङ्गिक तथा समावेशी कार्ययोजना

निर्माण गरी सरोकारवालासँगको सहकार्यमा यससम्बन्धी क्रियाकलापहरू सञ्चालन गरिरहेको छ। त्यस्तै, आयोगको रणनीतिक योजनाले प्राथमिकीकरण गरेका विषयलाई वार्षिक योजनामा समावेश गरी कार्यान्वयन गर्ने र आयोगबाट हुने सबै खालका अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन "योजना तथा कार्यक्रम तर्जुमा, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी एकीकृत निर्देशिका" निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ।

मतदाता हुन योग्य सबै नेपालीको नाम मतदाता नामावलीमा समावेश हुन सकोस् भन्ने अभिप्रायले आयोगले ५ वटा क्षेत्रीय निर्वाचन कार्यालय र ७० वटा जिल्ला निर्वाचन कार्यालय, ७५ वटै जिल्ला प्रशासन कार्यालय र तोकिएका विभिन्न २६ वटा इलाका प्रशासन कार्यालयमा वर्षैभरी निरन्तर मतदाता दर्ता कार्यक्रम सञ्चालन गरेको छ। साथै २०७२ पौष १ देखि २०६३ आषाढ मसान्तसम्म मतदाता नामावली सङ्कलन तथा अद्यावधिक (विशेष) कार्यक्रम सञ्चालन गरिएको थियो। यस बाहेक जिल्ला प्रशासन कार्यालयहरूले सञ्चालन गर्ने एकीकृत घुम्ती शिविरमा क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूको सक्रियतामा मतदाता दर्तासम्बन्धी कार्य समेत सञ्चालन गर्दै आइएको छ। प्रतिवेदन वर्षमा जम्मा ५,९०,९२३ जनाको नाम दर्ता भएको छ।

निर्वाचन शिक्षामा आम नागरिकको पहुँच पुऱ्याउने उद्देश्यले निर्वाचन प्रक्रियामा सरोकारवालाको पहुँचसम्बन्धी प्रशिक्षण, सामाजिक अध्ययन विषय शिक्षकका लागि निर्वाचन शिक्षा प्रशिक्षण, राजनीतिक दलहरूलाई राजनीतिक वित्तसम्बन्धी कार्यशाला, बहिरा नागरिकका लागि निर्वाचन शिक्षा प्रशिक्षण जस्ता तालिम/प्रशिक्षण सञ्चालन गर्नुका साथै काठमाडौं, कैलाली र कास्कीमा निर्वाचन शिक्षा तथा सूचना केन्द्रको सञ्चालन, ९ जिल्लामा घुम्ती निर्वाचन शिक्षा कार्यक्रम र रेडियो/टेलिभिजनबाट निर्वाचन शिक्षाका विविध आयामलाई समेटेर कार्यक्रम सञ्चालन गरिएको छ। त्यस्तै, कर्मचारीको क्षमता विकासका लागि वैदेशिक अध्ययन भ्रमणसहित क्षमता विकासका विविध तालिम सञ्चालन गरिएको छ।

निर्वाचन व्यवस्थापन र सञ्चालनतर्फ पूर्व-तयारीका विभिन्न कार्य सम्पादन भएका छन्। यस अन्तर्गत ३० जिल्लाका ५३ मतदानस्थल/केन्द्रमा अपाङ्गमैत्री र्‍याम्प निर्माण कार्य सम्पन्न भएको छ। यसैगरी मतदानस्थल/केन्द्रको

पुनरावलोकनका लागि मापदण्डको तयारी, भूकम्पबाट क्षतिग्रस्त मतदानस्थल/केन्द्रको विवरण सङ्कलन कार्य सम्पन्न भएको छ। नेपालको निर्वाचन इतिहाससम्बन्धी पुस्तक लेखन र निर्वाचन सञ्चालन दिग्दर्शनको तयारी गर्ने कार्य भैरहेका छन्।

निर्वाचन व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग विस्तार गर्ने अभिप्रायले २०७२ आषाढ मसान्तसम्म सङ्कलित मतदाता नामावलीलाई अयोगको केन्द्रीय सर्भरमा एकीकरण (Integration) गरी दोहोरोपना हटाउने र पुनः जिल्लागत रूपमा पृथकीकरण (Segregation) गर्ने, Voter List Application को विकास गर्ने, Biometric Based Voter Registration System (BBVRS) सफ्टवेयरसम्बन्धी तालिम सञ्चालन, नयाँ इमेल सर्भर स्थापना, Storage device र Wireless Access Point को खरिद जस्ता कार्यहरू प्रतिवेदन वर्षमा सम्पन्न गरिएको छ।

नेपालको संविधान अनुरूप विभिन्न तहको निर्वाचन सम्पन्न गर्नुपर्ने दायित्व निर्वाचन आयोगमा रहेको छ। निर्वाचन सम्पन्न गर्न आवश्यक देखिएका विभिन्न ९ वटा ऐन तर्जुमाका लागि मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति प्राप्त भएबमोजिम प्रतिवेदन वर्षमा निर्वाचन आयोग, राजनीतिक दलसम्बन्धी, मतदाता नामावलीसम्बन्धी, निर्वाचन (कसूर र सजाय) र स्थानीय तह निर्वाचनसम्बन्धी विधेयकको प्रारम्भिक मसौदा तर्जुमा गरी संसदमा पेश गर्न गृह मन्त्रालयमा पठाइएको छ।

प्रतिवेदन वर्षमा आयोगलाई विभिन्न पाँच शीर्षकमा रू. ५७ करोड १३ लाख नेपाल सरकारबाट प्राप्त भयो भने आयोगले विभिन्न शीर्षकमा रू. १९,६२,८७९/७८ राजस्व दाखिला गर्‍यो। त्यस्तै आ.व. २०७२/०७३ सम्ममा फछ्र्यौट गर्नुपर्ने दायित्व सिर्जना भएको बेरुजु रू. १,५९,८२,३३,०००/- रहेकोमा १,१२,६५,५५,०००/- (७०.४९%) फछ्र्यौट गरिएको छ।

❑

# विषय सूची


| | | *पृष्ठ सं.* |
|---|---|---|
| **परिच्छेद १** | **निर्वाचन आयोग : सङ्क्षिप्त परिचय** | **१** |
| १.१. | संवैधानिक व्यवस्था | १ |
| १.२. | निर्वाचन आयोगको साङ्गठनिक संरचना | ४ |
| १.३. | निर्वाचनसम्बन्धी कानूनी व्यवस्था | ५ |
| **परिच्छेद २** | **जनशक्ति तथा सामग्री व्यवस्थापन** | **१५** |
| २.१. | जनशक्ति व्यवस्थापन | १५ |
| २.२. | सामग्री व्यवस्थापन | २० |
| **परिच्छेद ३** | **योजना, अनुगमन तथा समावेशीकरण** | **२२** |
| ३.१. | योजना र अनुगमन | २२ |
| ३.२. | लैङ्गिकता तथा समावेशीकरण | २४ |
| **परिच्छेद ४** | **मतदाता नामावली** | **२७** |
| ४.१. | मतदाता नामावली सङ्कलन तथा अद्यावधिक | २७ |
| **परिच्छेद ५** | **निर्वाचन शिक्षा, सूचना तथा तालिम** | **३१** |
| ५.१. | तालिम तथा प्रशिक्षणहरू | ३१ |
| ५.२. | निर्वाचन शिक्षा तथा सूचना केन्द्रको अवलोकन भ्रमण | ३७ |
| ५.३. | रेडियो टेलिभिजन कार्यक्रम | ३८ |
| **परिच्छेद ६** | **अध्ययन, अनुसन्धान तथा वैदेशिक सम्बन्ध** | **३९** |
| ६.१. | SAIDES स्थापनाको लागि प्रारम्भिक कार्य | ३९ |
| ६.२. | वैदेशिक अध्ययन भ्रमण | ४० |
| ६.३. | दक्षिण एशियाली निर्वाचन व्यवस्थापन निकायको छैटौं बैठकमा प्रतिनिधित्व | ४० |
| **परिच्छेद ७** | **निर्वाचन व्यवस्थापन तथा सञ्चालन** | **४१** |
| ७.१. | मतदान स्थलमा अपाङ्गमैत्री ऱ्याम्प निर्माण | ४१ |
| ७.२. | मतदानस्थल/केन्द्रको पुनरावलोकनसम्बन्धी कार्य | ४१ |
| ७.३. | पुस्तक प्रकाशनसम्बन्धी कार्य | ४२ |
| ७.४. | निर्वाचन सञ्चालन दिग्दर्शन तर्जुमा | ४२ |
| ७.५. | मतदान स्थल/केन्द्रको विवरण | ४३ |

| | | |
|---|---|---|
| **परिच्छेद ८** | **सूचना प्रविधि तथा प्रणाली व्यवस्थापन** | **४४** |
| ८.१. | मतदाता दर्तासम्बन्धी तथ्याङ्क एकीकरण तथा पृथकीकरण | ४४ |
| ८.२. | अध्ययन अवलोकन भ्रमण | ४४ |
| ८.३. | मतदाता दर्ता सफ्टवेयरको विकास | ४५ |
| ८.४. | पुराना ल्यापटप मर्मत कार्य | ४५ |
| ८.५. | क्षमता अभिवृद्धि | ४६ |
| ८.६. | नयाँ ल्यापटप लगायतका सामग्रीहरूको परीक्षण | ४६ |
| ८.७. | अन्य | ४६ |
| **परिच्छेद ९** | **निर्वाचन तथ्याङ्क, भू-सूचना तथा जोखिम विश्लेषण** | **४९** |
| ९.१. | मतदान स्थलको भू-अवस्थितिसम्बन्धी विवरण सङ्कलन | ४९ |
| ९.२. | स्रोत पुस्तिका तयारी | ४९ |
| **परिच्छेद १०** | **निर्वाचन कानून तथा राजनीतिक दल व्यवस्थापन** | **५०** |
| १०.१. | केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको मसौदा | ५० |
| १०.२. | निर्वाचन आचार संहिता अनुगमन निर्देशिकाको मसौदा | ५० |
| १०.३. | सैद्धान्तिक सहमति | ५० |
| १०.४. | निर्वाचनसम्बन्धी ऐनहरूको विधेयकको प्रारम्भिक मसौदा तर्जुमा | ५१ |
| १०.५. | निर्वाचन कानूनहरूको विद्युतीय प्रति निर्माण | ५१ |
| १०.६. | राजनीतिक दल व्यवस्थापन | ५२ |
| **परिच्छेद ११** | **स्रोत परिचालन** | **५४** |
| ११.१. | विनियोजन र खर्च | ५४ |
| ११.२. | राजस्व/धरौटी | ५५ |
| ११.३. | बेरुजु फछ्र्यौट प्रगति विवरण | ५५ |
| ११.४. | वित्तीय व्यवस्थापन तालिम कार्यक्रम | ५६ |
| **परिच्छेद १२** | **विविध** | **५७** |
| १२.१. | प्रमुख निर्वाचन आयुक्तको पदभार ग्रहण | ५७ |
| १२.२. | सम्माननीय राष्ट्रपतिसँग भेटघाट | ५७ |
| १२.३. | सम्माननीय प्रधानमन्त्रीसँग भेटघाट र छलफल | ५८ |
| १२.४. | विविध भेटघाट/छलफल | ५८ |
| १२.५. | विदाइ | ६० |
| **परिच्छेद १३** | **प्रमुख समस्या तथा चुनौतीहरू** | **६१** |
| १३.१. | प्रमुख समस्या तथा चुनौतीहरू | ६१ |
| १३.२. | समस्या तथा चुनौती समाधानका लागि चालिनुपर्ने कदमहरू | ६२ |

## बृत्तचित्र


| | | |
|---|---|---|
| चित्र सं. १ | आ.व. ७२/७३ को निरन्तर दर्ता कार्यक्रमबाट भएको मतदाता दर्ता विवरण | २८ |


## तालिकाहरू


| | | |
|---|---|---|
| तालिका-१ | आयोग सचिवालयको विद्यमान दरबन्दी अवस्था | १६ |
| तालिका-२ | क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयको मौजुदा दरबन्दी विवरण | १७ |
| तालिका-३ | सामग्री हस्तान्तरणसम्बन्धी विवरण | २१ |
| तालिका-४ | जग्गा प्राप्ति तथा भवन निर्माणको विवरण | २३ |
| तालिका-५ | आ.व.७२/७३ को निरन्तर दर्ता कार्यक्रमबाट भएको मतदाता दर्ता विवरण | २८ |
| तालिका-६ | लैङ्गिकता, समावेशीकरण र निर्वाचन विषयक तालिमको विवरण | ३२ |
| तालिका-७ | निर्वाचन प्रक्रियामा सरोकारवालाहरूको पहुँच विषयक तालिमको विवरण | ३२ |
| तालिका-८ | राजनीतिक वित्त विषयक कार्यशालाको विवरण | ३३ |
| तालिका-९ | मतदाता नामावली सङ्कलन तथा अद्यावधिक तालिमको विवरण | ३४ |
| तालिका-१० | बहिरा नागरिकका लागि निर्वाचन शिक्षा तालिमको विवरण | ३४ |
| तालिका-११ | संविधान र निर्वाचन व्यवस्थापनसम्बन्धी प्रशिक्षण कार्यक्रमसम्बन्धी विवरण | ३५ |
| तालिका-१२ | फोटो सहितको मतदाता नामावली दर्ता सफ्टवेयर सञ्चालनसम्बन्धी प्रशिक्षण | ३६ |
| तालिका-१३ | घुम्ती निर्वाचन शिक्षा कार्यक्रम | ३७ |
| तालिका-१४ | मर्मत भएका ल्यापटपहरूको विवरण | ४५ |
| तालिका-१५ | आर्थिक वर्ष ०७२/७३ मा विनियोजन र खर्चको विवरण | ५४ |
| तालिका-१६ | आ.व. ०७२/७३ मा भएको बेरुजु फछ्र्यौटको विवरण | ५६ |

## अनुसूचीहरू


| | | |
|---|---|---|
| अनुसूची - १ | प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्तको कार्य विभाजन | ६५ |
| अनुसूची - २ | आयोगबाट भएका महत्त्वपूर्ण निर्णयहरू | ६६ |
| अनुसूची - ३ | निर्वाचन आयोगको सङ्गठन तालिका | ७२ |
| अनुसूची - ४ | लैङ्गिकता र समावेशीकरणका क्षेत्रमा सञ्चालन भएका तालिम/अभिमुखीकरण/अन्तरक्रिया कार्यक्रमहरूको विवरण | ७३ |
| अनुसूची - ५ | निरन्तर मतदाता दर्ताको मासिक तथा वार्षिक विवरण | ७९ |
| अनुसूची - ६ | मतदाता नामावली सङ्कलन तथा अद्यावधिक (विशेष) कार्यक्रम-२०७२ जिल्लागत दर्ता विवरण | ८० |
| अनुसूची - ७ | एकीकृत घुम्ती शिविरमा भएको मतदाता दर्ता विवरण | ८४ |
| अनुसूची - ८ | हालसम्मको मतदाता दर्ता विवरण | ८९ |
| अनुसूची - ९ | भूकम्पमा परी मृत्यु भएका मतदाताहरूको विवरण | ९० |
| अनुसूची - १० | वैदेशिक अध्ययन भ्रमण विवरण | ९२ |
| अनुसूची - ११ | कोलम्बो घोषणापत्र | ९८ |
| अनुसूची - १२ | अपाङ्गमैत्री र्‍याम्प निर्माण भएका मतदानस्थलको विवरण | १०१ |
| अनुसूची - १३ | भूकम्प प्रभावित मतदानस्थलहरूको विवरण | १०४ |
| अनुसूची - १४ | सबै क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयबाट सङ्कलित नामावली सङ्ख्याको विवरण | १०६ |
| अनुसूची - १५ | प्रतिवेदन वर्षमा आयोगले नेपाल सरकार समक्ष प्रस्तावित गरेका नीति तथा कार्यक्रम र नेपाल सरकारबाट नीति तथा कार्यक्रममा समावेश भएका विषयहरू | ११० |
| अनुसूची - १६ | वार्षिक समीक्षा गोष्ठी, २०७१/०७२ को घोषणापत्र | ११२ |
| अनुसूची - १७ | आयोग र क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयका टेलिफोन नम्बरहरू | ११५ |


♦

# परिच्छेद १

# निर्वाचन आयोग : सङ्क्षिप्त परिचय

नेपाल अन्तरिम शासन विधान, २००७ ले नेपालमा पहिलो पटक निर्वाचन आयोगसम्बन्धी व्यवस्था गरेको थियो। तत्पश्चात् जारी भएका नेपाल अधिराज्यको संविधान, २०१५ र नेपालको संविधान, २०१९ ले निर्वाचन अयोगको व्यवस्था गरेका थिएनन्। वि.सं. २०२३ सालमा जारी भएको नेपालको संविधान, २०१९ को पहिलो संशोधनले निर्वाचन आयोगको व्यवस्थालाई समावेश गर्‍यो। वि.सं. २०४६ सालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि बनेको नेपाल अधिराज्यको संविधान, २०४७ मा पनि निर्वाचन आयोगको व्यवस्था कायमै रही २०६२/६३ को जनआन्दोलनपछि बनेको नेपालको अन्तरिम संविधान, २०६३ र २०७२ साल असोज ३ गते जारी नेपालको संविधानले निर्वाचन आयोगसम्बन्धी संवैधानिक व्यवस्थालाई निरन्तरता दिएका छन्।

## १.१. संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा २४५-२४७ मा निर्वाचन आयोगको गठन, काम, कर्तव्य र अधिकारका सम्बन्धमा देहायको व्यवस्था रहेको छ :

**धारा २४५. निर्वाचन आयोग**

(१) नेपालमा एक निर्वाचन आयोग रहनेछ जसमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्त रहनेछन्। प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई काम गर्नेछ।

(२) राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा प्रमुख निर्वाचन आयुक्त र आयुक्तको नियुक्ति गर्नेछ।

(३) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ।

(४) तर देहायको कुनै अवस्थामा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पद रिक्त हुनेछ :-

(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,
(ख) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा,
(ग) निजको विरुद्ध धारा १०१ बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा,
(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा,
(ङ) निजको मृत्यु भएमा।

(५) उपधारा (२) बमोजिम नियुक्त प्रमुख निर्वाचन आयुक्त तथा आयुक्तको पुनः नियुक्ति हुन सक्ने छैन।

तर आयुक्तलाई प्रमुख निर्वाचन आयुक्तको पदमा नियुक्ति गर्न सकिनेछ र त्यस्तो आयुक्त प्रमुख निर्वाचन आयुक्तको पदमा नियुक्ति भएमा निजको पदावधि गणना गर्दा आयुक्त भएको अवधिलाई समेत जोडी गणना गरिनेछ।

(६) देहायको योग्यता भएको व्यक्ति प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्त पदमा नियुक्तिका लागि योग्य हुनेछ :-

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,
(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,
(ग) पैंतालिस वर्ष उमेर पूरा भएको, र
(घ) उच्च नैतिक चरित्र भएको।

(७) प्रमुख निर्वाचन आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका शर्त सङ्घीय कानूनबमोजिम हुनेछन्। प्रमुख निर्वाचन आयुक्त र आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्त परिवर्तन गरिने छैन।

तर चरम आर्थिक विश्रृंखलताका कारण सङ्कटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन।

(८) निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त र आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन।

तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

**धारा २४६. निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार**

(१) निर्वाचन आयोगले यस संविधान र सङ्घीय कानूनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्नेछ। निर्वाचनको प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगले गर्नेछ।

(२) निर्वाचन आयोगले यस संविधान र सङ्घीय कानूनबमोजिम राष्ट्रिय महत्त्वको विषयमा जनमत संग्रह गराउनेछ।

(३) राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यका लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय निर्वाचन आयोगले गर्नेछ।

(४) निर्वाचन आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख निर्वाचन आयुक्त, कुनै निर्वाचन आयुक्त वा सरकारी कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(५) निर्वाचन आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि सङ्घीय कानूनबमोजिम हुनेछ।

**धारा २४७. आवश्यक सहयोग गर्नुपर्ने**

यस संविधानबमोजिम निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउनेछ।

# १.२. निर्वाचन आयोगको साङ्गठनिक संरचना

नेपालको संविधानले राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद, प्रदेश सभा र स्थानीय तहका सदस्यको निर्वाचन सम्पन्न गर्ने समेतका जिम्मेवारी निर्वाचन आयोगमा रहने व्यवस्था गरेको छ। संवैधानिक जिम्मेवारी पूरा गर्ने सिलसिलामा लिइने नीतिगत निर्णयहरू आयोगबाट लिइन्छ भने आयोगबाट भएका निर्णयहरूको कार्यान्वयन सचिवालयबाट हुने गरेको छ। आयोगको कार्यलाई प्रभावकारी ढङ्गले सम्पादन गर्न निर्वाचन आयुक्तहरूको कार्य विभाजन र क्षेत्रगत जिम्मेवारी समेत तोकिएको छ। मूलतः आयोगले निर्वाचनसँग सम्बन्धित विविध विषयमा नीति निर्माण एवं कार्यक्रम कार्यान्वयनको अनुगमन, मूल्याङ्कन तथा निर्देशन दिने काम गर्दछ। निर्वाचन आयुक्तहरूको कार्य विभाजन र क्षेत्रगत जिम्मेवारी अनुसूची-१ मा संलग्न गरिएको छ।

कार्य सम्पादनका सिलिसलामा आयोगबाट हुने नीतिगत निर्णयहरू आयोगको बैठकबाट निर्णय गरिन्छन्। प्रतिवेदन वर्षमा आयोगबाट भएका केही महत्त्वपूर्ण निर्णयहरू अनुसूची-२ मा संलग्न गरिएको छ।

निर्वाचन आयोग अन्तर्गत केन्द्रमा निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिवको नेतृत्वमा एक सचिवालय रहेको छ। सचिवालयमा विभिन्न ५ महाशाखा र १२ वटा शाखाहरू सञ्चालनमा रहेका छन्। यसैगरी विभिन्न ५ जिल्लामा निजामती सेवाका प्रशासन तर्फका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतको नेतृत्वमा क्षेत्रीय निर्वाचन कार्यालय र ७० जिल्लामा राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतको नेतृत्वमा जिल्ला निर्वाचन कार्यालय सञ्चालनमा रहेका छन्। यी कार्यालयले स्थानीय स्तरमा निर्वाचन आयोगको प्रतिनिधिको रूपमा रही मतदाता दर्ता, मतदाता शिक्षा कार्यक्रम सञ्चालन, निर्वाचनमा सहयोग र समन्वयसम्बन्धी जिम्मेवारी निर्वाह गर्दै आएका छन्।

निर्वाचन आयोगको साङ्गठनिक संरचना अनुसूची-३ मा संलग्न गरिएको छ।

# १.३. निर्वाचनसम्बन्धी कानूनी व्यवस्था

## निर्वाचन आयोग ऐन, २०६३

निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको निर्वाचन आयोग ऐन, २०६३ मिति २०६३/१२/१२ मा प्रमाणीकरण र प्रकाशन भई लागू भएकोमा निर्वाचनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६४ र निर्वाचनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७० बाट संशोधन भएको छ।

निर्वाचन आयोग ऐन, २०६३ मा आयोगले सम्पादन गर्नुपर्ने कार्यका लागि केन्द्रीयस्तरमा सचिवालय रहने र आवश्यकताअनुसार स्थानीयस्तरमा समेत कार्यालय खोल्न सक्ने व्यवस्था रहेको छ। आयोगले गर्नुपर्ने सबै काम प्रमुख निर्वाचन आयुक्त मात्र रहेको अवस्थामा निजबाट र अन्य आयुक्तहरूसमेत रहेको अवस्थामा निजहरूको बैठक बसी निर्णय भएबमोजिम गर्ने व्यवस्था रहेको छ।

आयोगले मतदाता नामावली तयार गर्नका लागि आवश्यक सङ्ख्यामा प्रमुख नामदर्ता अधिकारी, नामदर्ता अधिकारी, सहायक नामदर्ता अधिकारी, मतदाता नामावली सङ्कलनकर्ता र निर्वाचनको कामका लागि मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत, सहायक मतदान अधिकृतलगायत आवश्यक देखिएका अन्य पद सिर्जना गरी त्यस्ता पदहरूमा आवश्यकताअनुसार कर्मचारीहरू नियुक्त गर्न वा तोक्न सक्ने व्यवस्था छ। आयोगले निर्वाचनको कामका लागि मागेको सहयोग नेपाल सरकार वा सरकारी स्वामित्व वा नियन्त्रणमा रहेका संस्थाहरूले उपलब्ध गराउनुपर्ने व्यवस्था छ।

आयोगले निर्वाचनको कामका लागि नेपाल सरकारको कुनै मन्त्रालय, विभाग, कार्यालय वा संवैधानिक निकाय वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्था वा निकायबाट कुनै पनि सहयोग लिन सक्नेछ भन्ने व्यवस्था समेत सो ऐनमा रहेको छ।

ऐनमा निर्वाचन हुने मितिभन्दा एक सय बीस दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधिलाई निर्वाचन अवधि भनी

परिभाषित गरिएको छ। एक सय बीस दिनभन्दा कम अवधि रहने गरी निर्वाचन मिति घोषणा भएमा त्यसरी घोषणा भएको मितिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधिलाई निर्वाचन अवधि मानिने कुरा ऐनमा उल्लेख छ।

निर्वाचन स्वच्छ र स्वतन्त्र रूपमा सम्पादन गर्ने क्रममा निर्वाचन पर्यवेक्षक तोक्न, आचार संहिता जारी गर्न, स्वतन्त्र र निष्पक्षतवरले नभएको निर्वाचन रद्द गर्न एवं पुनः निर्वाचन गर्नसमेत आयोग स्वतन्त्र रहनेछ। यस ऐनमा आयोगले आफ्नो कार्य सम्पन्न गर्न अनुगमन गर्ने गराउने, अस्थायी दरबन्दीका पद सृजना गर्न र बढीमा छ महिनाका लागि अस्थायी, सेवा करार वा ज्यालादारीमा नियुक्ति गर्न सक्ने, विशेषज्ञ सेवा लिन सक्ने लगायतका व्यवस्था रहेको छ। त्यस्तै कर्मचारीहरूलाई सुविधा दिने वा कामबाट हटाउने, निर्वाचनमा खर्च गर्न सक्ने, मालसामान खरिद गर्न सक्ने विषय पनि ऐनमा व्यवस्था छ। संविधान सभा सदस्यको उम्मेदवारको अयोग्यतासम्बन्धी निर्णय गर्ने, राजनीतिक दल दर्ता गर्ने, मूल दलको केन्द्रीय कार्यकारिणी समितिको चालीस प्रतिशत सदस्यहरूसहित विभाजित भई दल दर्ताका लागि आएमा छुट्टै दलका रूपमा दर्ता गर्ने, राजनीतिक दलहरू संयुक्त भएमा त्यस्ता दलको दर्ता गर्ने, ऐनमा तोकिएका आधारबमोजिमको स्थितिमा राजनीतिक दलको दर्ता खारेज गर्ने, निर्वाचन खर्चको हद तोक्ने आदि कार्यहरूसमेत आयोगले गर्ने व्यवस्था गरिएको छ। यो ऐनबमोजिम आयोगले कुनै संवैधानिक वा निर्वाचनसम्बन्धी कानूनी प्रश्नमा महान्यायाधिवक्ता, सरकारी वकिल, कुनै कानून व्यवसायी वा अन्य विशेषज्ञबाट राय लिन सक्ने व्यवस्थासमेत गरिएको छ।

आयोगले मतदाता नामावली तयार गर्नेलगायत निर्वाचनको काममा खटाइएका कर्मचारी, सुरक्षाकर्मी वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाको कर्मचारीले कार्य सम्पादनको सिलसिलामा प्रचलित कानून वा आयोगको आदेश वा निर्देशन जानी जानी उल्लङ्घन हुने गरी वा बदनियतले काम गरी आयोगको निष्पक्षतामा असर पर्ने गरी काम गरेमा त्यस्तो कर्मचारी, सुरक्षाकर्मीउपर निजको सेवा शर्तसम्बन्धी प्रचलित कानूनबमोजिम विभागीय कारबाही र सजाय गर्ने वा विभागीय कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिश गर्नेसमेतका कार्य गर्न सक्ने व्यवस्था छ।

त्यसैगरी कुनै निर्वाचनको काममा खटिएको नेपाल सरकारको, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्था वा स्थानीय निकायको कुनै कर्मचारी, सुरक्षाकर्मी, विश्वविद्यालय वा सामुदायिक विद्यालयको शिक्षकले निर्वाचनको स्वतन्त्रता, स्वच्छता र निष्पक्षतामा आँच आउने कुनै काम गरेमा आयोगले त्यस्तो कर्मचारी, सुरक्षाकर्मी वा शिक्षकलाई निर्वाचनसम्बन्धी निजको जिम्मेवारीबाट हटाउन सक्ने र त्यस्तो अवस्था परी कुनै कर्मचारी, सुरक्षाकर्मी वा शिक्षकलाई निलम्बन गर्नुपर्ने भएमा आयोगले सम्बन्धित अधिकारीसमक्ष सिफारिश गर्न सक्ने व्यवस्थासमेत ऐनमा गरिएको छ।

**मतदाता नामावलीसम्बन्धी ऐन, २०६३**

मतदाता नामावलीसम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ मिति २०६३/९/१४ गते प्रमाणीकरण र प्रकाशन भई लागू भएको हो। यो ऐन निर्वाचनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६४ र निर्वाचनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७० बाट संशोधन भएको छ।

मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ ले मतदाता नामावलीमा नाम समावेश हुन चाहिने योग्यता, नामावली सङ्कलन तथा अद्यावधिक गर्ने प्रक्रिया, संलग्न हुने जनशक्ति, मतदाता नामावलीसम्बन्धी कसूर र सजाय आदिको उल्लेख गर्दै निर्वाचन आयोगलाई आफ्नो प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरीवेक्षण र निर्देशनमा प्रत्येक निर्वाचन क्षेत्रभित्रका गाउँ विकास समिति र नगरपालिकाको वडाको मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने जिम्मेवारी तोकेको छ। आयोगले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्दा एकैपटक, पटकपटक, एकै समय वा छुट्टाछुट्टै समयमा हुने गरी तोक्न सक्ने व्यवस्था ऐनमा रहेको छ।

यस ऐनमा निर्वाचनको लागि मतदाता हुन आवश्यक योग्यता निर्धारण गरिएको छ। जसअनुसार नेपाली नागरिक हुनुपर्ने तथा आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिमा अठार वर्ष उमेर पूरा भएको र कुनै निर्वाचन क्षेत्रभित्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडामा स्थायी बसोबास भएको व्यक्तिलाई मतदाताको योग्यता मानिएको छ।

कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीमा कुनै व्यक्तिको नाम दर्ता भएको वा नभएको वा दर्ता गर्न हुने वा नहुने भन्ने विषयमा र नाम दर्ता अधिकारी वा निजले खटाएको अधिकारप्राप्त व्यक्तिले मतदाता नामावली तयार गरेको वा सम्बन्धित अधिकारीले मतदाता नामावलीमा थपघट गरेको विषयमा अदालतमा प्रश्न उठाउन नसकिने कुरासमेत ऐनमा गरिएको छ।

ऐनमा अस्थायी मतदाता नामावलीसम्बन्धी विशेष व्यवस्था रहेको छ, जसअनुसार आयोगले आफ्नो प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरीवेक्षण र निर्देशनमा छुट्टै अस्थायी मतदाता नामावली तयार गराउने र सो अस्थायी नामावलीमा सरकारी कार्यालय, स्थानीय निकाय वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारी, सैनिक वा प्रहरी ब्यारेकमा रहेका व्यक्ति वा अस्थायी शिविर (क्यान्टनमेन्ट) मा रहेका माओवादी, कारागारमा रहेका कैदी र थुनुवा, निर्वाचन वा मतदान केन्द्रमा खटिएका कर्मचारी र सुरक्षाकर्मी र नेपाल सरकारले सञ्चालन गरेको वा नेपाल सरकारबाट मान्यता प्राप्त गरी सञ्चालन भएको वृद्धाश्रममा रहेका व्यक्तिहरूको नाम समावेश गरिने व्यवस्था रहेको छ। अस्थायी मतदाता नामावलीको प्रयोग संविधान सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि मतदान गर्ने प्रयोजनको लागि मात्र हुने व्यवस्था गरिएको छ।

गैरनेपाली नागरिकले नाम ढाँटेर मतदाता नामावलीमा नाम समावेश गराएमा, नाम, थर, वतन, उमेर वा अन्य विवरण ढाँटी झुटो विवरण दिई नाम दर्ता गराएमा, नामावलीलाई कुनै किसिमले बिगार्ने, नोक्सान वा नष्ट गर्ने गरेमा नामावली सङ्कलन कार्यमा बाधा विरोध गरेमा वा गोप्य राख्नुपर्ने कागजात, विवरणको गोप्यता भङ्ग गरेमा मतदाता नामावली दर्ता गर्ने प्रयोजनको लागि आयोगले सङ्कलन गरेको मतदाताको नाम, थर, वतन, ठेगाना, फोटो र अन्य विवरण अनधिकृतरूपमा प्रकाशन गरेमा वा वितरण गरेमा वा जानिजानि दुरूपयोग गरेमा, आयोगले उपलब्ध गराएको विवरण नेपाल सरकारद्वारा सम्पादन हुने विभिन्न कार्यक्रम र आयोगले स्वीकृति दिएको प्रयोजनबाहेक अन्य प्रयोजनको लागि प्रयोग गरेमा वा अनधिकृतरूपमा प्रकाशन गरेमा वा वितरण गरेमा वा जानीजानी दुरूपयोग गरेमा कसूरको मात्रा हेरी दश हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिमाना, छ महिनासम्म कैद वा दुवै सजाय गर्न सकिने व्यवस्था पनि ऐनमा गरिएको छ।

आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी मतदाताहरूले मतदान गर्नका लागि मतदाता परिचयपत्र लिनुपर्ने गरी व्यवस्था गर्न सक्ने कुरासमेत ऐनमा गरिएको छ। यस ऐनबमोजिम आयोगले सङ्कलन गरेको मतदातासम्बन्धी विवरण वा आयोगले उपलब्ध गराएको विवरण दुरूपयोग भएको वा अनधिकृतरूपमा प्रकाशन भएको वा वितरण भएको कारणबाट कुनै व्यक्तिलाई शारीरिक वा मानसिक हानीनोक्सानी भएमा त्यस्तो हानीनोक्सानी पुगेको व्यक्तिले त्यसरी हानीनोक्सानी गर्ने व्यक्तिबाट क्षतिपूर्ति दावी गर्न सक्ने व्यवस्थासमेत ऐनमा गरिएको छ। त्यस्तै मतदाता नामावलीसम्बन्धी ऐनबमोजिम दायर हुने मुद्दा सरकारवादी हुने व्यवस्थासमेत ऐनमा रहेको छ।

## निर्वाचन (कसूर र सजाय) ऐन, २०६३

निर्वाचन कसूर र सजायसम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको निर्वाचन (कसूर र सजाय) ऐन, २०६३ मिति २०६४/१२/१२ मा प्रमाणीकरण भई लागू भएको छ।

निर्वाचन (कसूर र सजाय) ऐन, २०६३ मा अनधिकृत व्यक्तिले मतदान गर्न नहुने, निर्वाचनमा प्रचारप्रसार, मताधिकार आदिमा प्रभाव पार्न वा थुनछेक गर्न नहुने, हातहतियार लगायतका विष्फोटक पदार्थको प्रयोग र प्रदर्शन गर्न नहुने, धाक धम्की, डरत्रास देखाउन नहुने, सामाजिक वहिष्कार गर्न धम्की दिन नहुने, कुनै किसिमले लोभ लालच देखाउने वा आर्थिक प्रलोभन देखाउन नहुने, धर्म भकाउने वा प्रतिज्ञा गराउने गर्न नहुने, चरित्र हनन् गर्न नहुने कुराहरू उल्लेख छन्। यो ऐनले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, प्रादेशिक वा राष्ट्रिय अखण्डतामा प्रभाव पार्न नहुने, धर्म, जातजाति, सम्प्रदायबीच द्वेष उत्पन्न गर्न नहुने, निर्वाचनमा संलग्न व्यक्तिले निर्वाचनलाई प्रभाव पार्ने गरी नगद जिन्सीको लेनदेन गर्न नहुने, शान्ति भङ्ग गर्न नहुने, गैरकानूनीतवरले मतपत्रको लेनदेन गर्न नहुने, निर्वाचन कसूर गर्ने उद्योग गर्न, मद्दत वा दुरुत्साहन गर्न नहुने व्यवस्था गरेको छ।

यस ऐनमा निर्वाचनको प्रचार-प्रसारको सिलसिलामा कुनै राजनीतिक दल वा उम्मेदवार वा निजको प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगले अनुमति दिएको सङ्ख्याभन्दा बढी सवारी साधन प्रयोग गर्न वा गराउन नहुने कुरासमेत उल्लेख गरिएको छ। निर्वाचनको प्रचार-प्रसार गर्दा सरकारी वा सरकारी स्वामित्व भएको संस्था वा स्थानीय निकायको सवारी साधनको प्रयोग गर्न वा

गराउन नपाइने व्यवस्थासमेत ऐनमा गरिएको छ। कुनै व्यक्तिले निर्वाचन कसूर हुने काम कारबाही गरेमा कसूरको मात्रा हेरी पाँच सय रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिमाना, दुई वर्षम्म कैद वा दुवै सजाय हुने व्यवस्था ऐनमा रहेको छ।

## राजनीतिक दलसम्बन्धी ऐन, २०५८

राजनीतिक सङ्गठन वा दलहरूको सम्बन्धमा व्यवस्था गर्न बनेको राजनीतिक दलसम्बन्धी ऐन, २०५८ मिति २०५९/५/२७ मा प्रमाणीकरण र प्रकाशन भई लागू भएको हो। यो ऐन गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ बाट संशोधनसमेत भएको छ। राजनीतिक दलसम्बन्धी ऐन, २०५८ मा समान राजनीतिक उद्देश्य र कार्यक्रमप्रति प्रतिबद्ध व्यक्तिहरूले आवश्यक विधान र नियमहरू बनाई राजनीतिक सङ्गठन वा दल गठन गर्न सक्ने व्यवस्था गरिएको छ। यस ऐनमा दलको दर्ता, दलको लेखा परीक्षण, दलको आय व्ययको वार्षिक प्रतिवेदन, निर्वाचनको प्रयोजनको लागि राजनीतिक सङ्गठन वा दलको मान्यता आदिका सम्बन्धमा व्यवस्था गरिएको छ।

यस ऐनमा दलको विधानमा दलको नाम, दलको केन्द्रीय कार्यालयको ठेगाना, दलको छाप, चिह्न वा झण्डासम्बन्धी विवरण, दलको उद्देश्य, दलको सदस्यतासम्बन्धी व्यवस्था, दलको प्रत्येक तहको कार्यकारी समितिको गठन विधि र पदावधि, दलको पदाधिकारीहरूको सङ्ख्या र निर्वाचन प्रक्रिया, दलको कोष र लेखापरीक्षणसम्बन्धी व्यवस्था, दलको विधान संशोधनसम्बन्धी प्रक्रिया, दलको विघटनसम्बन्धी व्यवस्था, दल विघटन भएपछि दलको सम्पत्ति र दायित्वसम्बन्धी व्यवस्था, कम्तीमा पाँच वर्षमा एकपटक सङ्गठन वा दलको कार्यकारी समितिको सदस्य सङ्ख्या मध्ये कम्तीमा पचास प्रतिशत निर्वाचन गर्नेसम्बन्धी व्यवस्था लगायतका विषयहरू उल्लेख गरिएको छ।

ऐनमा दलले गर्न नहुने कामहरूसमेत उल्लेख भएको छ जसमा नेपाल राज्यको सार्वभौमसत्ता वा अखण्डतामा प्रतिकूल प्रभाव पार्ने, नेपालका विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पार्ने, हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने, सार्वजनिक नैतिकताको प्रतिकूल हुने, कुनै धर्म, सम्प्रदाय, जात जाति वा क्षेत्रका व्यक्तिलाई मात्र सदस्यता प्रदान गर्ने, नेपालको

संविधानविपरीत हुने अन्य काम गर्ने, अन्तर्राष्ट्रिय सङ्घसंस्था र विदेशी सरकार, व्यक्ति तथा सङ्घसंस्थाबाट अनुदान वा चन्दा लिने, आयोगले समयसमयमा जारी गरेको आचार संहिता उल्लङ्घन गर्ने, सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने गरी हातहतियार र विस्फोटक पदार्थ लिएर प्रदर्शन गर्ने र प्रचलित कानूनबमोजिम गर्न नहुने कुनै काम गर्न दलहरूलाई निषेध गरिएको छ। दलको लेखा, लेखापरीक्षण र आयव्ययको वार्षिक प्रतिवेदन पेश नगर्ने राजनीतिक दललाई आयोगले जरिमाना गर्ने व्यवस्थासमेत ऐनमा रहेको छ।

## दल त्याग ऐन, २०५४

दल त्यागको सम्बन्धमा व्यवस्था गर्न बनेको दल त्याग ऐन, २०५४ मिति २०५४/६/१४ मा लालमोहर लागी लागू भएको हो। यसमा गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ ले केही संशोधनसमेत गरेको छ। यस ऐनमा दल त्याग गरेको मान्न सकिने, दल त्याग गरेको नमानिने, दलको कुनै सदस्यले दल त्याग गरेको सूचना संविधान सभा सचिवालयलाई दिनु अघि त्यस्तो सदस्यलाई आफ्नो सफाइ पेश गर्न पन्ध्र दिनको म्याद दिनुपर्ने, दल त्याग गरेको सूचना दिने कार्यविधि, स्थान रिक्त हुने अवस्था, संविधान सभालाई जानकारी दिने वा सूचना प्रकाशन गर्ने आदि सम्बन्धमा व्यवस्था रहेको छ।

## स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८

स्थानीय निकायको निर्वाचनको व्यवस्था गर्न स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ मिति २०४८/१२/२६ मा लालमोहर र प्रकाशन भई लागू भएको हो। यसमा निर्वाचन तथा स्थानीय निकायसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५३, स्थानीय निर्वाचनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५४, स्थानीय निकाय तथा निर्वाचनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५, केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ र गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ बाट संशोधनसमेत भएको छ।

यस ऐनमा स्थानीय निकायको निर्वाचनका लागि निर्वाचन अधिकृत र मतदान अधिकृत, सहायक मतदान अधिकृतको नियुक्ति, मतदाता नामावली, निर्वाचन

कार्यक्रम, उम्मेदवार तथा मनोनयन, मतदान केन्द्र, मतपत्र र मतपेटिका, मतदान, मतगणना र निर्वाचन परिणाम, उम्मेदवारको प्रतिनिधि, धरौटी, निर्वाचन खर्च आदिका सम्बन्धमा व्यवस्था गरिएको छ।

यस ऐनमा स्थानीय निकायको निर्वाचनको लागि मतदाता नामावलीमा नाम दर्ता भई मतदान गर्न योग्य व्यक्ति उम्मेदवार हुनका लागि केही निर्धारित योग्यतासमेत पुगेको हुनुपर्ने कुरा उल्लेख भएको छ। गाउँ विकास समति वा नगरपालिकाको वडाध्यक्ष र वडा सदस्यको निर्वाचनको लागि एक्काइस वर्ष उमेर पूरा भएको र सो वडाको मतदाता नामावलीमा नाम दर्ता भएको, गाउँ विकास समितिको अध्यक्ष वा उपाध्यक्ष र नगरपालिकाको प्रमुख वा उपप्रमुखको निर्वाचनको लागि एक्काइस वर्ष उमेर पूरा भएको र सो गाउँ विकास समिति वा नगरपालिकाका क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको, जिल्ला विकास समितिको इलाकाको सदस्यको निर्वाचनको लागि एक्काइस वर्ष पूरा भएको र सो इलाकाभित्रका गाउँ विकास समिति वा नगरपालिकाको सदस्य भएको, र जिल्ला विकास समितिको सभापति वा उपसभापतिको निर्वाचनको लागि एक्काइस वर्ष उमेर पूरा भएको र सो जिल्लाभित्रका गाउँ विकास समिति वा नगरपालिकाको सदस्य भएको हुनुपर्ने व्यवस्था रहेको छ।

ऐनमा उम्मेदवार हुन सम्बन्धित गाउँ विकास समिति, नगरपालिकाको नामावलीमा नाम दर्ता नभएको, गैर नेपाली नागरिक, मगज बिग्रेको वा बहुलाएको, साहूको दामासाहीमा परेको वा टाट उल्टेको, नेपाल सरकारको वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको वा नेपाल सरकारबाट अनुदान पाएको संस्थाको बहालवाला कर्मचारी, कुनै स्थानीय निकायको बहालवाला कर्मचारी, निर्वाचनसम्बन्धी अपराधमा प्रचलित कानूनबमोजिम गठित निर्वाचन अदालतबाट कैदको सजाय पाई सो सजाय भोगिसकेको मितिले ६ वर्ष भुक्तान नभएको, नैतिक पतन देखिने फौजदारी मुद्दामा दोषी ठहरिई दुई वर्ष वा सो भन्दा बढी कैदको सजाय पाई सो सजाय भोगिसकेको मितिले ६ वर्ष भुक्तान नभएको र प्रचलित कानूनले अयोग्य भएको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन योग्य नहुने व्यवस्थासमेत गरिएको छ।

ऐनमा कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतदान केन्द्र, उपकेन्द्र वा मतदान गर्न निश्चित गरिएको स्थान आफ्नो कब्जामा लिई

मतदानको कार्यमा प्रभाव पारेमा वा कुनै उम्मेदवारको समर्थक मतदाताहरूलाई मात्र मतदान गर्न दिएमा वा अन्य मतदाताहरूलाई मतदान गर्न नदिएमा, कसैले बल प्रयोग गरी वा नगरी मतदातालाई कुनै उम्मेदवारको पक्षमा मतदान गर्न वा नगर्न डर त्रास देखाएमा वा धम्की दिएमा वा मतदान गर्नको लागि मतदान केन्द्र, उपकेन्द्र वा मतदान गर्ने स्थानमा जान वा प्रवेश गर्न नदिएमा, वा कसैले बल प्रयोग गरी मतदान कार्य सञ्चालन गर्न खटिएको मतदान अधिकृत वा कर्मचारीलाई आफ्नो कर्तव्य पालन गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतदानसम्बन्धी सामग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतदानको कार्य निष्पक्ष तथा स्वतन्त्र रूपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा मतदान केन्द्रको अनधिकृत कब्जा भएको मानिने उल्लेख गरिएको छ। त्यसैगरी ऐनमा मतपत्र बदर हुने अवस्थासमेत उल्लेख भएको छ। सम्बन्धित मतदान अधिकृतको सहिछाप नभएका, आयोगले तोकेको रीत पुऱ्याई चिह्न वा छाप लगाई मत सङ्केत नगरिएको, मत सङ्केत चिह्न नबुझिने गरी च्यातिएको, मत सङ्केत चिह्न नबुझिने गरी लतपतिएको वा फोहर गरिएको, उम्मेदवारको निर्वाचन चिह्न रहेको कोठामा मतसङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको, उम्मेदवार नरहेको निर्वाचन चिह्नमा मात्र मत सङ्केत गरिएको, मत सङ्केत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको, एकभन्दा बढी उम्मेदवारको निर्वाचन चिह्न भएको कोठामा छुट्टा-छुट्टै मत सङ्केत गरिएको, एकभन्दा बढी उम्मेदवारको निर्वाचन चिह्न भएको कोठामा मत सङ्केतको चिह्न पर्ने गरी मत सङ्केत गरिएको, आयोगद्वारा निर्धारित मतपत्रबाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको, मतपेटिका बाहिर राखिएको वा जाली मतपत्र भएको अवस्थामा मतपत्र बदर हुने कुरा उल्लेख छ।

### मतदाता नामावलीसम्बन्धी नियमावली, २०६८

मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले मतदाता नामावलीसम्बन्धी नियमावली, २०६८ बनाएको हो। यसलाई मतदाता नामावलीसम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७० ले संशोधनसमेत गरेको छ।

यसमा मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने, दोहोरो नाम हटाउने, नाम, थर, जन्म मिति, उमेर आदि विवरण सच्याउने, नाम हटाउने वा सार्ने एवं अस्थायी मतदाता नामावली सम्बन्धमा विस्तृत कार्यविधिगत व्यवस्था गरिएको छ। यसमा नाम सङ्कलन तथा अद्यावधिक कार्य सञ्चालनका लागि प्रमुख नाम दर्ता अधिकारी, सहायक नाम दर्ता अधिकारी, सङ्कलक आदि खटाइने व्यवस्था गरिएको छ। त्यसैगरी मतदाता नामावली हेर्न र नक्कल दिन सकिने, विवाद निरूपण गरिने, मतदाता नामावली वेबसाइटमा राख्न सक्ने, मतदाता नामावलीको प्रति बिक्री गर्न सक्ने सम्बन्धमा पनि यस नियमावलीमा व्यवस्था गरिएको छ।

## राजनीतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३

निर्वाचन आयोग ऐन, २०६३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले मिति २०६३/१२/१४ मा यो नियमावली जारी गऱ्यो। यसमा पहिलो संशोधन मिति २०७०/१/१३ मा भएको थियो। यस नियमावलीमा राजनीतिक दल दर्ताको उद्देश्य, दल दर्तासम्बन्धी कार्यविधि, दल दर्ताको निवेदन साथ संलग्न हुनुपर्ने कागजात, निवेदनमा खुलाउनुपर्ने कुराहरू, दल दर्ताका शर्तहरू, हस्ताक्षरयुक्त निवेदन पेश गर्नुपर्ने, हस्ताक्षरयुक्त निवेदनको सम्पुष्टि (भेरिफिकेशन), दल दर्ता हुन नसक्ने अवस्था, जाँचबुझ र निर्णय, एउटै नामबाट एक भन्दा बढी दल दर्ता नहुने, निर्वाचन प्रयोजनको लागि दर्ता भएको दल खारेज हुने अवस्था, दल दर्ता खारेजको प्रक्रिया, दर्ता खारेज भएको दलको नाम, झण्डा र चिह्न, राजनीतिक दलको मान्यता आदिका सम्बन्धमा व्यवस्था गरिएको छ।

# परिच्छेद २

# जनशक्ति तथा सामग्री व्यवस्थापन

नेपालको संविधानबमोजिमको कार्यजिम्मेवारी सम्पादन गर्नका लागि आयोग मातहत सचिवालय, ५ जिल्लामा क्षेत्रीय निर्वाचन कार्यालय र ७० जिल्लामा जिल्ला निर्वाचन कार्यालयहरू रहेका छन्। निर्वाचनको पूर्व तयारी र निर्वाचन सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति परिचालन र सामग्रीको व्यवस्थापन यिनै कार्यालयहरूमार्फत गरिँदै आएको छ। प्रतिवेदन वर्षमा जनशक्ति परिचालन र सामग्रीको व्यवस्थापनका लागि देहायका कार्यहरू सम्पादन भएका छन् :

## २.१. जनशक्ति व्यवस्थापन

आयोगलाई प्राप्त संवैधानिक दायित्व र जिम्मेवारी निर्वाह गर्ने क्रममा आयोगको मातहतमा रहने गरी नेपाल सरकारको विशिष्ट श्रेणीको सचिवको नेतृत्वमा आयोगको सचिवालय रहेको छ। सङ्गठन संरचनालाई समयानुकूल सुधार गर्ने क्रममा नेपाल सरकारबाट मिति २०७२/०४/२८ मा आयोगको नयाँ सङ्गठन संरचना स्वीकृत भई सोहीबमोजिम कार्य व्यवस्थापन भइरहेको छ। सोबमोजिम सचिवालय अन्तर्गत ५ वटा महाशाखा, १२ वटा शाखा, ५ वटा क्षेत्रीय निर्वाचन कार्यालय र ७० वटा जिल्ला निर्वाचन कार्यालयहरू रहेका छन्। हाल आयोगमा राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव-१, राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव-५ (प्रशासन-३, न्याय/कानून-१ र विविध-१) लगायत विभिन्न पदका १६४ दरबन्दी, क्षेत्रीय निर्वाचन कार्यालयमा राजपत्राङ्कित द्वितीय श्रेणी (प्रशासन सेवा, सामान्य प्रशासन समूह) र जिल्ला निर्वाचन कार्यालयहरूमा राजपत्राङ्कित तृतीय श्रेणी (प्रशासन सेवा, सामान्य प्रशासन समूह) को नेतृत्वमा विभिन्न पदका ५६९ गरी जम्मा ७३३ दरबन्दी कायम रहेको छ। हाल आयोग अन्तर्गत रहेका महाशाखा/शाखाको विवरण तथा दरबन्दी संरचना देहायबमोजिम रहेको छ :

## तालिका - १
## आयोग सचिवालयको विद्यमान दरबन्दी अवस्था

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | | | १ |
| २ | सह-सचिव | रा.प.प्रथम | प्रशासन | सा.प्र. | ३ |
| ३ | सह-सचिव (न्याय/कानून) | रा.प.प्रथम | न्याय | कानून | १ |
| ४ | सह-सचिव (सूचना प्रविधि) | रा.प.प्रथम | विविध | | १ |
| ५ | उप-सचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | ७ |
| ६ | उप-सचिव (लेखा) | रा.प.द्वितीय | प्रशासन | लेखा | १ |
| ७ | वरिष्ठ कम्प्युटर अधिकृत | रा.प.द्वितीय | विविध | | २ |
| ८ | उपन्यायाधिवक्ता | रा.प.द्वितीय | न्याय | स. वकील | १ |
| ९ | उप-सचिव (कानून) | रा.प.द्वितीय | न्याय | कानून | १ |
| १० | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | १८ |
| ११ | तथ्याङ्क शास्त्री (अधिकृत) | रा.प.तृतीय | ने.आ.यो.त. | तथ्याङ्क | १ |
| १२ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | स. वकील | १ |
| १३ | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | १ |
| १४ | पुस्तकालय अधिकृत | रा.प.तृतीय | शिक्षा | पु. विज्ञान | १ |
| १५ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | २ |
| १६ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | ५ |
| १७ | कम्प्युटर इन्जिनीयर | रा.प.तृतीय | विविध | | ५ |
| १८ | मुद्रण अधिकृत | रा.प.तृतीय | शिक्षा | मुद्रण | १ |
| १९ | मेशिन मेकानिक्स | रा.प.तृतीय | विविध | विविध | १ |
| २० | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | २१ |
| २१ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | ५ |
| २२ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | १२ |
| २३ | क्यामेराम्यान/फोटोग्राफर | रा.प.अनं.प्रथम | शिक्षा | कला | १ |
| २४ | टा.ना.सु. | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | २ |
| २५ | पुस्तकालय सहायक | रा.प.अनं.प्रथम | शिक्षा | पु. विज्ञान | १ |
| २६ | टेलिफोन अपरेटर | रा.प.अनं.प्रथम | विविध | | १ |
| २७ | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्र. | ८ |
| २८ | इलेक्ट्रिसियन | रा.प.अनं.द्वितीय | इन्जि. | | १ |

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी सङ्ख्या |
|---|---|---|---|---|---|
| २९ | हलुका सवारी चालक | श्रेणी विहीन | इन्जि. | मेका. | २० |
| ३० | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | | ३३ |
| ३१ | कुचीकार | श्रेणी विहीन | प्रशासन | | ४ |
| ३२ | माली | श्रेणी विहीन | प्रशासन | | १ |
| | जम्मा | | | | १६४ |

## २.१.१. क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरू

राजपत्राङ्कित द्वितीय श्रेणी (प्रशासन सेवा, सामान्य प्रशासन समूह) को कर्मचारीको नेतृत्वमा मोरङ, काठमाडौं, कास्की, बाँके र कैलालीमा क्षेत्रीय निर्वाचन कार्यालयहरू र ७० जिल्लामा राजपत्राङ्कित तृतीय श्रेणी (प्रशासन सेवा, सामान्य प्रशासन समूह) को नेतृत्वमा जिल्ला निर्वाचन कार्यालयहरूमा जम्मा ५६९ जनाको दरबन्दी कायम रहेको छ।

**तालिका - २**

**क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयको मौजुदा दरबन्दी विवरण**

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | उप-सचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | ५ |
| २ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | ७५ |
| ३ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | - | ५ |
| ४ | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ८९ |
| ५ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | ७५ |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ९९ |
| ७ | हलुका सवारी चालक | श्रेणी विहीन | इन्जि. | मेका. | ७१ |
| ८ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | | १५० |
| | जम्मा | | | | ५६९ |

## २.१.२. सेवा प्रवाह सम्बन्धमा भएका मुख्य-मुख्य कार्य

आयोग र अन्तर्गतबाट हुने सेवा प्रवाहलाई थप चुस्त, दुरुस्त र प्रभावकारी बनाउन यस आ.व.मा निम्नबमोजिमका कार्यहरू सम्पन्न गरिएका छन् :

१. सरुवासम्बन्धी मापदण्ड तयार गरी सोही आधारमा दुर्गम क्षेत्रलाई प्राथमिकतामा राखी कर्मचारीको पदस्थापना र सरुवा गर्ने गरिएको,

२. आयोग र अन्तर्गतबाट प्रदान गरिने सेवा प्रवाहको सन्दर्भमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण सम्पन्न गरी सोको आधारमा तयार भएको प्रतिवेदन सामान्य प्रशासन मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,

३. मतदाता दर्तासम्बन्धी कार्यलाई प्रभावकारी तुल्याउन आयोग र अन्तर्गतबाट २०७२ पौष १ देखि २०७३ असार मसान्तसम्म नियमित कार्यालय समयको अतिरिक्त सार्वजनिक बिदाको दिनमा बाहेक प्रत्येक दिन बिहान र बेलुका १/१ घण्टा गरी दैनिक २ घण्टा अतिरिक्त समय सेवा प्रवाहको प्रबन्ध मिलाइएको,

४. आयोग र अन्तर्गतबाट टिप्पणी तथा अन्य फाइल पेश गर्दा अनिवार्य रूपमा पञ्जिका संलग्न गर्ने व्यवस्थालाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइएको।

## २.१.३. परिपत्र

आयोग र अन्तर्गतबाट हुने कार्यसम्पादनलाई प्रभावकारी बनाउन र कार्यालय व्यवस्थापनलाई सुदृढ तुल्याउन विभिन्न मन्त्रालय/निकायबाट प्राप्त निर्देशन कार्यान्वयनमा सहजता र समन्वयको लागि समय-समयमा आयोगबाट अन्तर्गतका ५ क्षेत्रीय निर्वाचन कार्यालय र ७० जिल्ला निर्वाचन कार्यालयलाई निर्देशन/परिपत्र गरिएको छ। मूलतः कार्य सम्पादनका लागि स्पष्ट मार्गचित्र र कार्यप्रभावकारिताको लागि कर्मचारी व्यवस्थापन (करार, सम्पत्ति विवरण, काज, कर्मचारी दरबन्दी), माग आकृति विवरण भरी पठाउने, छात्रवृत्ति, भौतिक सामग्री व्यवस्थापन, लैङ्गिक तथा समावेशितासम्बन्धी विषय, आयोगले समय-समयमा गरेका निर्णय, कार्यालयले सम्पादन गरेका कार्यहरूको विवरण

पठाउने, संविधान र अन्य कानूनी व्यवस्था र कार्यान्वयन, तल्लो तहमा सेवा प्रवाहको प्रभावकारिता, कर्मचारीले पालना गर्नुपर्ने आचरण, पोशाक आदि विपयमा परिपत्र/निर्देशन गरिएको छ।

## २.१.४. अन्य कार्य

नेपालको संविधान कार्यान्वयनको सन्दर्भमा आयोगले सङ्घीय संरचनाबमोजिम कार्यढाँचाको प्रबन्ध मिलाउन आयोगको सचिवालय र अन्तर्गतको सङ्गठन संरचनालाई पुनर्संरचना गर्न कार्ययोजना बनाई सोहीबमोजिम काम गरिरहेको छ। यस क्रममा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबमोजिम आयोगका सहसचिव श्री वीर बहादुर राईको संयोजकत्वमा आयोगको प्रशासनिक पुनर्संरचना प्राविधिक समिति गठन भई आयोगको लागि पुनर्संरचनाको कार्ययोजना तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइसकिएको छ। त्यसैगरी पुनर्निर्माण, सङ्क्रमण व्यवस्थापन र सेवा प्रवाहलाई समेटेर तयार पारिएको आयोगको तीन वर्षमा गर्ने सुधार योजनाको Immediate Action Plan समेत तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको छ।

संविधानको धारा २९४ बमोजिम प्रतिवेदन वर्षमा आयोगले सम्पादन गरेका कामको विवरण समावेश भएको वार्षिक प्रतिवेदन मिति २०७२/११/१० मा सम्माननीय राष्ट्रपतिसमक्ष पेश गरिएको छ। नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा नियमित रूपमा बस्ने सचिव बैठकको निर्णयबमोजिम आयोगबाट कार्यान्वयन हुनुपर्ने कार्यहरू तोकिएको समयमा नै सम्पन्न गरी सोको प्रतिवेदन आवधिक रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने गरिएको छ।

सार्वजनिक सेवाको सेवा प्रवाहमा सुधारसम्बन्धी सामान्य प्रशासन मन्त्रालयको सोचपत्र, २०७२ मा समावेश भएका यस आयोगसँग सम्बन्धित विषयलाई कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउनुका साथै त्यस्ता कार्यको कार्य प्रगति विवरण र भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति र कार्ययोजना, २०६९ को कार्यान्वयन प्रगति प्रतिवेदन तयार गरी सामान्य प्रशासन मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ।

कर्मचारीको क्षमता विकास, वृत्ति विकास र कार्यसम्पादनमा सुधार ल्याउन आयोग र अन्तर्गत कार्यरत कर्मचारीलाई लामो तथा छोटो अवधिको सेवाकालीन तालिम, विषयकेन्द्रित प्रशिक्षण, अभिमुखीकरण, अवलोकन भ्रमण आदि जस्ता कार्यक्रममा कर्मचारीहरूलाई संलग्न गराइएको छ। यसै क्रममा आयोगबाट तयार गरिने दस्तावेज तथा लिखतमा भाषिक शुद्धता कायम गर्ने र सरकारी लिखत तथा दस्तावेजमा व्याकरणीय शुद्धता कायम गर्ने उद्देश्यले आयोगमा कार्यरत अधिकृत तथा सहायकस्तरका २५ जना कर्मचारीहरूलाई "शुद्ध नेपाली भाषा लेखन शैली" सम्बन्धी ६ दिनको भाषा प्रशिक्षण सञ्चालन गरिएको छ।

## २.२. सामग्री व्यवस्थापन

आयोगको दैनिक प्रशासन तथा विभिन्न कार्यक्रम सञ्चालनका लागि विविध प्रकारका वस्तु तथा सेवाको व्यवस्थापन आवश्यक हुन्छ। प्रतिवेदन वर्षमा विभिन्न प्रकारका जिन्सी सामग्री तथा सेवाको व्यवस्थापन गरिनुका साथै आयोगबाट नियमित रूपमा प्रकाशन हुने निर्वाचन पत्रिका, बुलेटिन आदिको प्रकाशन तथा वितरण समेत गरिएको छ।

### २.२.१. प्रकाशन तथा वितरण

आयोगको नियमित प्रकाशन अन्तर्गत निर्वाचन पत्रिका, निर्वाचन बुलेटिन र वार्षिक प्रतिवेदनको प्रकाशन गरी वितरणको व्यवस्था मिलाइएको छ। यस अवधिमा अर्धवार्षिक निर्वाचन पत्रिका पूर्णाङ्क ७ र ८ तथा त्रैमासिक निर्वाचन बुलेटिन पूर्णाङ्क १४, १५, १६ र १७ प्रकाशित भएका छन्। यस अवधिमा वार्षिक प्रतिवेदन, २०७१/७२ समेत प्रकाशन भएको छ।

### २.२.२. सामग्री हस्तान्तरण

आयोग र अन्तर्गत मौज्दात रही प्रयोगमा नआएका जिन्सी मालसामानहरू अन्य सरकारी निकायलाई हस्तान्तरण गर्ने क्रममा प्रतिवेदन वर्षमा १० केभिए क्षमताका जेनरेटर निम्न सरकारी निकायलाई हस्तान्तरण गर्ने निर्णय गरिएको छ।

**तालिका - ३**

**सामग्री हस्तान्तरणसम्बन्धी विवरण**

| क्र.सं. | कार्यालय | हस्तान्तरण गरिने निकाय |
|---|---|---|
| १ | जिल्ला निर्वाचन कार्यालय, रौतहट | चन्द्रनिगाहपुर अस्पताल, चन्द्रपुर, रौतहट |
| २ | क्षेत्रीय निर्वाचन कार्यालय, मोरङ | कोशी अञ्चल अस्पताल, विराटनगर, मोरङ |

## २.२.३. जिन्सी लिलाम बिक्री

गत आ.व. को जिन्सी निरीक्षण प्रतिवेदनबमोजिम आयोगमा रहेका पुराना, काम नलाग्ने जिन्सी मालसामानहरू तथा पुराना सवारी साधनहरू (६ थान मोटरसाइकल, एक थान कार र एक थान जीप) प्रचलित कानूनबमोजिम आयोगबाट लिलाम बिक्री गरिएको छ।

## २.२.४. सामग्री प्राप्ति

मतदाता नामावली दर्ता कार्यमा प्रयोग गरिएका ल्यापटप कम्प्युटरहरू पुरानो भई Display, Keyboard, HDD आदिमा समस्या देखिएकोले निर्वाचन सहायता परियोजनाबाट मिति २०७३ वैशाखमा ६०० थान नयाँ ल्यापटप कम्प्युटर र त्यति नै सङ्ख्यामा Dell Power Companion (18000 mAh) प्राप्त गरी पुराना सामग्री प्रतिस्थापन गरिएको छ। यसैगरी निर्वाचन शिक्षाको पहुँच विस्तार गर्ने क्रममा निर्वाचन शिक्षा तथा सूचना केन्द्रको क्षमता अभिवृद्धि गर्न Mobile EEIC सञ्चालनको लागि टेलिभिजन ३ थान, टयाब्लेट ३० थान र इयरफोन ३० थान लगायतका सामग्री समेत प्राप्त गरिएको छ।

# परिच्छेद ३

# योजना, अनुगमन तथा समावेशीकरण

आयोगको संवैधानिक जिम्मेवारी अनुरूप गर्नुपर्ने कामहरूलाई व्यवस्थित र योजनाबद्ध रूपमा सम्पादन गर्न रणनीतिक योजनाको तर्जुमा र सोको आधारमा वार्षिक योजना तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, अनुगमनलाई प्रभावकारी बनाई सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने, संवैधानिक व्यवस्था अनुरूप आयोगका क्रियाकलापहरूमा लैङ्गिकता र समावेशीकरणलाई मूल प्रवाहीकरण गर्न लैङ्गिक तथा समावेशीकरण नीति तर्जुमा गरी विभिन्न क्रियाकलापहरू सञ्चालन गर्ने जस्ता कार्यहरू गरिँदै आएको छ। प्रतिवेदन वर्षमा योजना, अनुगमन तथा समावेशीकरणका क्षेत्रमा भएका मुख्य-मुख्य कार्यहरू देहायअनुसार रहेका छन् :

## ३.१. योजना र अनुगमन

### ३.१.१. वार्षिक समीक्षा

२०७२ श्रावण १७ देखि २२ सम्म क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयमा कार्यरत क्षेत्रीय/जिल्ला निर्वाचन अधिकारी, लेखापाल र कम्प्युटर अपरेटरको सहभागितामा डडेल्धुराको डडेल्धुरा, बाँकेको नेपालगञ्ज, रूपन्देहीको बुटवल, कास्कीको पोखरा, मकवानपुरको हेटौंडा, काभ्रेपलाञ्चोकको धुलिखेल र सुनसरीको धरानमा क्षेत्रीय समीक्षा गोष्ठीहरू सम्पन्न गरिएका छन्। साथै २०७२ श्रावण २५ र २६ मा आयोगका पदाधिकारी, अधिकृतस्तरका कर्मचारी र ७५ वटै जिल्लाका क्षेत्रीय/जिल्ला निर्वाचन अधिकारीहरूको सहभागितामा केन्द्रीय समीक्षा गोष्ठी सम्पन्न भएको छ।

### ३.१.२. केन्द्रीय अनुगमन

२०७२ चैत्र महिनामा आयोग अन्तर्गतका क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूले प्रवाह गर्नुपर्ने सेवा, कार्यालयहरूको समग्र कार्यसम्पादन प्रक्रिया, कार्यालय व्यवस्थापन, जिन्सी व्यवस्थापन, सरकारी सम्पत्तिको अभिलेख, श्रेस्ता, कार्यालय भवन निर्माण तथा घर जग्गाको अवस्था, आर्थिक व्यवस्थापन, मतदानस्थलहरूको विवरण, सञ्चालित कार्यक्रमहरूको अवस्था लगायतका

विषयहरूलाई समेटी आयोगका पदाधिकारी, उच्च अधिकारीहरू र अधिकृत स्तरका कर्मचारीको नेतृत्वमा अनुगमन टोली बनाई २२ वटा जिल्लामा अनुगमन गरिएको छ। अनुगमनबाट प्राप्त प्रतिवेदनहरूलाई एकीकृत गरी केन्द्रीय अनुगमन प्रतिवेदन तयार गरी सार्वजनिक समेत गरिएको छ।

## ३.१.३. जग्गा प्राप्ति र भवन निर्माण

आयोगको संस्थागत सुदृढीकरण कार्यक्रम अन्तर्गत सबै क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूको लागि जग्गा प्राप्ति तथा भवन निर्माणको कार्य क्रमशः भइरहेको छ। हालसम्म ९ वटा क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूको आफ्नै भवन रहेको, ७ वटा जिल्लामा भवन निर्माणको कार्य भइरहेको, १० वटा जिल्लाको लागि जग्गा प्राप्ति भएको तथा ८ वटा जिल्लामा जग्गा प्राप्तिको प्रक्रिया चलिरहेको अवस्था रहेको छ। क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूको जग्गा प्राप्ति तथा भवन निर्माणको विवरण देहायको तालिकाअनुसार रहेको छ :

**तालिका - ४**

**जग्गा प्राप्ति तथा भवन निर्माणको विवरण**

| क्र. सं. | विवरण | क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरू |
|---|---|---|
| १ | भवन निर्माणको कार्य सम्पन्न भएका | झापा, मोरङ, कास्की, चितवन, पाल्पा, अछाम, कैलाली, मकवानपुर र दैलेख |
| २ | भवन निर्माण भइरहेका | ओखलढुङ्गा, सुर्खेत, ताप्लेजुङ, उदयपुर, तनहुँ, रामेछाप र पर्वत |
| ३ | जग्गा प्राप्त भएका | सर्लाही, धादिङ, रसुवा, सोलुखुम्बु, प्युठान, बर्दिया, तेह्रथुम, खोटाङ, सुनसरी र म्याग्दी |
| ४ | जग्गा प्राप्तिको प्रक्रियामा रहेका | सङ्खुवासभा, सिन्धुपाल्चोक, नुवाकोट, दाङ, मनाङ, मुस्ताङ, धनुषा र सिरहा |

जग्गा प्राप्त भएका जिल्लाहरूको लागि क्रमशः बजेटको व्यवस्था गर्दै भवन निर्माण कार्य अघि बढाउने नीति आयोगको रहेको छ। प्रतिवेदन वर्ष ०७२/७३ मा भवन निर्माणतर्फ रू. ५ करोड ६० लाख बजेट विनियोजन भएको थियो।

### ३.१.४. निर्देशिका निर्माण

निर्वाचन आयोगको योजना, कार्यक्रम, आयोजना तथा बजेट तर्जुमा प्रक्रियालाई आयोगको पञ्चवर्षीय रणनीतिक योजनासँग तालमेल गर्दै सरल, व्यवस्थित र प्रभावकारी बनाउने, आयोगले कार्यान्वयनमा ल्याएका योजना, कार्यक्रम तथा आयोजनाहरूको लगानी, क्रियाकलाप, प्रक्रिया, प्रतिफल, असर र प्रभावको नियमित र व्यवस्थित अनुगमन तथा मूल्याङ्कन गर्ने लगायतका उद्देश्यले आयोगको "योजना तथा कार्यक्रम तर्जुमा, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी एकीकृत निर्देशिका" निर्माण गरिएको छ।

## ३.२. लैङ्गिकता तथा समावेशीकरण

### ३.२.१. लैङ्गिक तथा समावेशी कार्ययोजना

संवैधानिक व्यवस्था अनुरूप निर्वाचनमार्फत राज्यका सबै संरचनाहरूमा नागरिकको समानुपातिक तथा समावेशी प्रतिनिधित्व गराउन तथा निर्वाचनलाई स्वच्छ, निष्पक्ष, विश्वसनीय र पारदर्शी बनाउन, आयोगका सम्पूर्ण क्रियाकलापहरूमा लैङ्गिक मूलप्रवाहीकरण गर्दै आयोगलाई लैङ्गिक तथा समावेशी दृष्टिकोणबाट संवेदनशील संस्थाको रूपमा विकास गर्ने उद्देश्यका साथ आयोगबाट "लैङ्गिक तथा समावेशीकरण नीति, २०७०" र सोको प्रभावकारी कार्यान्वयनका लागि ५ वर्षीय लैङ्गिक तथा समावेशी रणनीति, २०७२ जारी गरिएको थियो। प्रस्तुत रणनीतिको एक वर्षीय लैङ्गिक तथा समावेशी कार्ययोजनाको समीक्षा गरी २०७२ पौष देखि २०७५ आषाढ सम्मका लागि लैङ्गिक तथा समावेशी कार्ययोजना निर्माण गरी कार्यान्वयनमा लगिएको छ।

### ३.२.२. लैङ्गिक तथा समावेशीकरणसम्बन्धी तालिम

आयोगको लैङ्गिक तथा समावेशीकरण नीति तथा सोको रणनीति, लैङ्गिक तथा समावेशीमैत्री सञ्चार र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बन्धमा आयोगमा कार्यरत सम्पूर्ण कर्मचारीहरूका लागि लैङ्गिक तथा समावेशीकरणसम्बन्धी तालिम सञ्चालन गरिएको छ।

आयोगमा कार्यरत २९ जना अधिकृत स्तरका कर्मचारीहरूलाई २०७२ असोज २९ र ३० गते लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक तथा समावेशी परीक्षण विषयमा तालिम सञ्चालन गरिएको छ।

लैङ्गिक हिंसा विरुद्धको १६ दिने राष्ट्रिय अभियानमा राजनीतिक दलका प्रतिनिधिहरू, अन्तर पार्टी महिला सञ्जालका प्रतिनिधि, सञ्चार माध्यमका प्रतिनिधिहरूलगायत निर्वाचनका सरोकारवालाहरूको सहभागितामा "निर्वाचन तथा राजनीतिमा महिला सहभागिता एवं निर्वाचन प्रक्रियामा हुने लैङ्गिक हिंसा" विषयमा एक दिवसीय अन्तरक्रिया कार्यक्रम २०७२ मंसिर १४ मा सम्पन्न गरिएको छ।

निर्वाचन प्रक्रियामा एकल महिला, सीमान्तीकृत तथा पिछडिएका एवं अपाङ्गता भएका महिलाहरूको सहभागिता अभिवृद्धिका लागि ३७ जना महिलाको सहभागितामा भक्तपुरमा २०७२ मंसिर १६ मा एक दिवसीय अभिमुखीकरण/ प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ।

आयोग र अन्तरगत कार्यरत अधिकृत स्तरका ६२ जना कर्मचारीहरूलाई लैङ्गिक तथा समावेशी दृष्टिकोणबाट नीति/कानूनको मसौदा लेखन तालिम २०७२ चैत्र १० मा र प्रशासनिक नेतृत्व विकास तालिम २०७२ चैत्र १४ देखि १६ गतेसम्म सञ्चालन गरिएको छ।

निर्वाचन प्रक्रियामा सबै वर्ग र क्षेत्रको सहभागिता अभिवृद्धि गराउने उद्देश्यले सञ्चार माध्यम, जिल्लास्तरीय सक्रिय महिला संस्था, राजनीतिक दल, गैरसरकारी संस्थाहरू, आदिवासी, जनजाति, दलित, मधेशी र अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित संस्थाहरूको सहभागितामा "निर्वाचनमा लैङ्गिकता र समावेशीकरण" सम्बन्धी अन्तरक्रिया कार्यक्रम विभिन्न ६ जिल्लामा सञ्चालन गरिएकोमा २२८ जनाको सहभागितामा रहेको थियो। यस विषयमा भएका तालिम/अभिमुखीकरण/अन्तरक्रिया कार्यक्रमहरूको विस्तृत विवरण अनुसूची-४ मा संलग्न गरिएको छ।

### ३.२.३. लैङ्गिक तथा समावेशीकरणसम्बन्धी तालिमबाट प्राप्त उपलब्धिहरू

(क) लैङ्गिक तथा समावेशीकरण नीति तथा सोको रणनीतिका सम्बन्धमा निर्वाचन आयोगमा कार्यरत विभिन्न तहका कर्मचारीहरू तथा निर्वाचनका सरोकारवालाले जानकारी प्राप्त गरेका छन्।

(ख) आयोग वा अन्तर्गत कार्यरत कर्मचारीहरूलाई लैङ्गिक तथा समावेशिताका सम्बन्धमा व्यवस्था भएका संस्थागत, नीतिगत तथा कार्यगत व्यवस्थाहरूका बारेमा जानकारी भएको छ।

(ग) आयोगमा कार्यरत अधिकृत स्तरका कर्मचारीलाई लैङ्गिक उत्तरदायी बजेट र यसको तर्जुमा विधि सम्बन्धमा ज्ञान हसिल भएको छ।

(घ) अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रममा उपस्थित सञ्चार माध्यम, जिल्लामा सक्रिय महिलावादी संस्थाका प्रतिनिधि, अपाङ्गता भएका व्यक्तिहरू संलग्न रहेका सङ्घ संस्था, राजनीतिक दलका प्रतिनिधिहरूले आफ्ना क्षेत्रमा आफूले प्राप्त गरेको जानकारी बाँड्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

(ङ) सबै सरोकारवालाबाट आयोग लैङ्गिक तथा समावेशी क्षेत्रमा संवेदनशील रहेको विचार व्यक्त भएका छन्।

(च) राजनीतिमा लैङ्गिक तथा समावेशिता अभिवृद्धि गर्न आयोगको पहल सकारात्मक रहेको प्रतिक्रिया सरोकारवालाबाट प्राप्त भएको छ।

# परिच्छेद ४

# मतदाता नामावली

आयोगको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना, २०७१/०७२-२०७५/०७६ ले लिएको मुख्य रणनीतिहरूमध्ये फोटोसहितको मतदाता नामावली तयार गर्ने विषय पनि एक प्रमुख रणनीतिको रूपमा रहेको छ। रणनीतिक योजनामा मतदाता नामावलीमा पूर्ण शुद्धता कायम गर्न सही मतदाताको पहिचानको व्यवस्था गर्ने, मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्य स्थानीय स्तरबाट गराउने, मतदाता नामावलीमा रहेको विवरणमा शत प्रतिशत शुद्धता ल्याउने र मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्य वर्षभरी नै खुल्ला गर्ने जस्ता उद्देश्य रहेका छन्। यस अनुरूप मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्यविधि तयार गरी मतदातासम्बन्धी विवरण सङ्कलनको कार्य क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र तोकिएका इलाका प्रशासन कार्यालयमा नियमित रूपमा सञ्चालन भइरहेको छ।

## ४.१. मतदाता नामावली सङ्कलन तथा अद्यावधिक

मतदाता नामावली सङ्कलन तथा अद्यावधिक सम्बन्धमा भएका मुख्य-मुख्य कार्यहरू देहायबमोजिम रहेका छन् :

### ४.१.१. निरन्तर मतदाता दर्ता

मतदाता नामावली सङ्कलन र अद्यावधिक गर्ने कार्य गतिशील एवं निरन्तर प्रक्रिया भएको हुँदा आयोगले फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्यलाई निरन्तर रूपमा सञ्चालन गर्दै आइरहेको छ। नागरिकता प्राप्त गरेसँगै हरेक नागरिकले मतदाता नामावलीमा नाम दर्ता गराई बालिग मताधिकारको लागि आफ्नो अधिकार सुरक्षित गर्न सकून् भन्ने उद्देश्यले आयोगले हरेक क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयका अतिरिक्त जिल्ला प्रशासन कार्यालय र तोकिएका इलाका प्रशासन कार्यालयहरूमा समेत निरन्तर मतदाता दर्ताको व्यवस्था गरेको छ। निरन्तर मतदाता दर्ताको सङ्ख्यात्मक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। सोको मासिक तथा वार्षिक विवरण अनुसूची-५ मा संलग्न गरिएको छ।

**तालिका - ५**

**आ.व.७२/७३ को निरन्तर दर्ता कार्यक्रमबाट भएको मतदाता दर्ता विवरण**

| क.सं. | दर्ता स्थान | महिला | पुरुष | ते.लि. | जम्मा |
|---|---|---|---|---|---|
| १ | क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय | ६,२२३ | ९,६७० | - | १५,८९३ |
| २ | जिल्ला प्रशासन कार्यालय | १,२७,८१२ | १,७४,४५९ | - | ३,०२,२७१ |
| ३ | इलाका प्रशासन कार्यालय | ३१,३१७ | ३८,८४४ | - | ७०,१६१ |
| **जम्मा** | | १,६५,३५२ | २,२२,९७३ | - | ३,८८,३२५ |

माथिको तालिकालाई वृत्त चित्रमा प्रस्तुत गर्दाः

**चित्र सं. १**

**आ.व. ७२/७३ को निरन्तर दर्ता कार्यक्रमबाट भएको मतदाता दर्ता विवरण**




## ४.१.२. मतदाता नामावली सङ्कलन तथा अद्यावधिक (विशेष) कार्यक्रम

आयोगले प्रत्येक वर्ष मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रमलाई नियमित रूपमा सञ्चालन गर्दै आएको छ। आ.व. २०७२/०७३ का लागि २०७२ पौष १ देखि २०७३ आषाढ मसान्तसम्म चरणबद्ध रूपमा कार्यक्रम सम्पन्न गरी प्रतिवेदन समेत पेश गर्ने गरी मतदाता नामावली सङ्कलन तथा

अद्यावधिक (विशेष) कार्यक्रम, २०७२ सञ्चालन गरिएको थियो। उक्त कार्यक्रममा देशभरका गा.वि.स. तथा नगरपालिकाका वडाहरूमध्ये कुल ३,०४८ स्थानमा नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम सञ्चालन गरी ७३,९०९ जना महिला र १,०४,३३५ जना पुरुष गरी कुल १,७८,२४५ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएका छन्। साथै उक्त कार्यक्रममा भएको जिल्लागत नामावली दर्ताको विवरण अनुसूची-६ मा संलग्न गरिएको छ।

## ४.१.३. एकीकृत घुम्ती शिविरमा मतदाता नामावली दर्ता

जिल्ला प्रशासन कार्यालयहरूले आफ्नो जिल्लाका विभिन्न स्थानमा आवश्यकताअनुसार नियमित रूपमा सञ्चालन गर्ने एकीकृत घुम्ती शिविरमा क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयलाई समेत सहभागी गराई नामावली दर्ता कार्य सञ्चालन गरिएको छ। २०७२ भदौदेखि २०७३ असार मसान्तसम्म विभिन्न ४५ जिल्लाका १९९ स्थानमा सञ्चालित सो कार्यक्रममा १२,७५३ जना महिला र ११,६०० जना पुरुष गरी कुल २४,३५३ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएका छन्। यससम्बन्धी विस्तृत विवरण अनुसूची-७ मा संलग्न गरिएको छ।

आयोगले सञ्चालन गरेको निरन्तर दर्ता लगायतका मतदाता नामावली दर्ता कार्यक्रममार्फत २०७३ असार मसान्तसम्म भएको दर्ताको विवरण अनुसूची-८ मा संलग्न गरिएको छ।

## ४.१.४. अनुगमन फारमहरूको निर्माण (केन्द्र र जिल्लास्तर अनुगमनका लागि)

आयोगबाट फोटोसहितको मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम, २०७२ सञ्चालनको क्रममा केन्द्र तथा जिल्लाको लागि आवश्यक पर्ने अनुगमन फारमहरूको निर्माण गरी जम्मा ६८ जिल्लामा अनुगमन टोली पठाउने कार्यक्रम तथा बजेट स्वीकृत भएकोमा ३१ जिल्लामा अनुगमन भएको छ।

## ४.१.५. भूकम्पबाट मृत्यु भएका मतदाताहरूको विवरण

भूकम्प प्रभावित क्षेत्रका ३१ जिल्लाहरूबाट प्राप्त विवरणअनुसार मतदाता

नामावलीमा नाम दर्ता भएका ७१३ जना महिला र ७४९ जना पुरुष गरी जम्मा १,४६३ जनाको मृत्यु भएको छ। काठमाडौं र ललितपुरको हकमा महिला/पुरुष नखुली एकमुष्ट सङ्ख्या १,३८१ समेत गरी जम्मा २,८४४ मृतक रहेको विवरण प्राप्त भएको छ। सोसम्बन्धी विवरण अनुसूची-९ मा संलग्न गरिएको छ।

## ४.१.६. नागरिकता रद्द र नागरिकता त्यागसम्बन्धी विवरण

फोटोसहितको मतदाता नामावलीमा शुद्धता कायम गर्ने क्रममा विगतमा नागरिकताबमोजिम नाम दर्ता गरिसकेपश्चात् २०६७ साल देखि हालसम्म गृह मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालयहरूबाट नागरिकता रद्द गरिएका तथा त्याग गरेका व्यक्तिहरूको नाम मतदाता नामावलीबाट हटाउनको लागि गृह मन्त्रालय तथा क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयमा पत्राचार गरी सोसम्बन्धी कारवाही अगाडि बढाइएको छ। वि.सं. २०६७ वैशाख १ देखि हालसम्म गृह मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालयहरूबाट रद्द तथा त्याग गरिएका १,५२७ जनाको नाम प्राप्त भएको छ। यसरी प्राप्त नामावली विवरणलाई मतदाता नामावलीसँग भिडाई त्यस्ता रद्द/त्याग गरिएका व्यक्तिहरूको नाम मतदाता नामावलीमा समावेश भएको पाइएमा सो नाम हटाउन आयोगसमक्ष निर्णयका लागि आगामी दिनमा पेश गरिनेछ।

# परिच्छेद ५
# निर्वाचन शिक्षा, सूचना तथा तालिम

आयोगले निर्वाचन शिक्षालाई निरन्तर शिक्षाको रूपमा अगाडि बढाउने उद्देश्यले आयोग परिसरमा निर्वाचन शिक्षा तथा सूचना केन्द्र [(Electoral Education and Information Centre (EEIC)] को स्थापना गरी सञ्चालनमा ल्याएको छ। आयोगले निर्वाचनका कर्मचारी एवं निर्वाचनका सरोकारवालाको क्षमता अभिवृद्धिका लागि निरन्तररूपमा तालिमहरू पनि सञ्चालन गर्दै आएको छ। साथै आयोगले प्रभावकारी निर्वाचन व्यवस्थापनका लागि आयोग र अन्तर्गत कार्यरत कर्मचारीको क्षमता विकास गर्न तथा निर्वाचनमा प्रत्यक्ष सरोकार राख्ने मतदाता, राजनीतिक दल, सञ्चारकर्मी आदिका लागि विभिन्न प्रकारले निर्वाचन शिक्षा प्रदान गर्ने गरेको छ।

## ५.१. तालिम तथा प्रशिक्षणहरू

प्रतिवेदन वर्षमा निर्वाचन क्षेत्रमा देहायबमोजिमका तालिम तथा प्रशिक्षण सञ्चालन भएका छन् :

### ५.१.१. लैङ्गिकता, समावेशीकरण र निर्वाचन विषयक ब्रिज तालिम

निर्वाचनको प्रक्रिया र पद्धतिसमेतमा महिला, दलित, अपाङ्गता भएका, पिछडिएको क्षेत्र, वर्ग समेतको सहभागिताका लागि पाँच स्थानमा लैङ्गिकता, समावेशीकरण र निर्वाचन विषयक ब्रिज तालिम सम्पन्न भएको छ। नागरिक समाजका प्रतिनिधि, महिला, आदिवासी जनजाति, दलित, अपाङ्गता भएका व्यक्तिहरूको समेत प्रतिनिधित्व हुने गरी सञ्चालन भएको उक्त तालिमसम्बन्धी विवरण देहायको तालिकामा दिइएको छ :

**तालिका - ६**

**लैङ्गिकता, समावेशीकरण र निर्वाचन विषयक तालिमको विवरण**

| क्र.सं. | स्थान | मिति | सहभागी सङ्ख्या |
|---|---|---|---|
| १ | धुलिखेल | २०७२/८/२० - २२ | २५ |
| २ | पोखरा | २०७२/८/२२ - २४ | २५ |
| ३ | सिन्धुली | २०७२/१०/२८ - ११/१ | २५ |
| ४ | डोटी | २०७३/०१/१३ - १५ | २५ |
| ५ | पाल्पा | २०७२/९/१३ - १५ | २४ |

## ५.१.२. निर्वाचन सञ्चालन तथा व्यवस्थापन विषयक ब्रिज कार्यशाला

प्रतिवेदन वर्षमा आयोगमा सरुवा तथा पदस्थापना भएका विभिन्न तहका कर्मचारीहरूका लागि निर्वाचनसम्बन्धी विभिन्न विषय समेटी २०७२ चैत्र १८ देखि २० गतेसम्म निर्वाचन सञ्चालन तथा व्यवस्थापन विषयक ब्रिज कार्यशाला सञ्चालन गरियो। तालिममा निर्वाचन, निर्वाचन चक्र, निर्वाचन प्रणाली, निर्वाचन कानून, निर्वाचनका सरोकारवालाहरू, मतदाता नामावली, मतदाता शिक्षा, निर्वाचन योजना तथा सामग्री व्यवस्थापन जस्ता विषयमा प्रशिक्षण दिइएको थियो।

## ५.१.३. निर्वाचन प्रक्रियामा सरोकारवालाहरूको पहुँच विषयक ब्रिज कार्यशाला

निर्वाचनका प्रक्रियामा महिला, दलित, अपाङ्गता भएका, पिछडिएको क्षेत्र, वर्ग समेतको सक्रिय सहभागिता गराउने उद्देश्यले चितवन, झापा र मुस्ताङमा निर्वाचन प्रक्रियामा सरोकारवालाहरूको पहुँच (Access to Electoral Process) विषयक ब्रिज कार्यशाला सम्पन्न भएका छन्। यससम्बन्धी विवरण देहायको तालिकामा दिइएको छ।

**तालिका - ७**

**निर्वाचन प्रक्रियामा सरोकारवालाहरूको पहुँच विषयक तालिमको विवरण**

| क्र.सं. | स्थान | मिति | सहभागी सङ्ख्या |
|---|---|---|---|
| १ | चितवन | २०७२/९/६ - ८ | २५ |
| २ | झापा | २०७२/१०/२८ - ११/१ | २५ |
| ३ | मुस्ताङ | २०७३/०१/१३ - १५ | २५ |

## ५.१.४. राजनीतिक वित्त विषयक ब्रिज कार्यशाला

स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचनका लागि निर्वाचन अभियान खर्च व्यवस्थापन विषयमा क्षेत्रीय/जिल्ला निर्वाचन अधिकारीहरू तथा सञ्चार माध्यमका प्रतिनिधिहरूका लागि विभिन्न पाँच जिल्लामा राजनीतिक वित्त (Political Finance) सम्बन्धी कार्यशाला सञ्चालन गरियो। यससम्बन्धी विवरण देहायको तालिकामा दिइएको छ।

**तालिका - ८**

**राजनीतिक वित्त विषयक कार्यशालाको विवरण**

| क्र.सं. | स्थान | मिति | सहभागी |
|---|---|---|---|
| १ | धुलिखेल | २०७२/४/३० - ३२ | २५ |
| २ | धुलिखेल | २०७२/५/२५ - २७ | २५ |
| ३ | धुलिखेल | २०७२/६/१ - ३ | २५ |
| ४ | नेपालगञ्ज | २०७२/१०/१४ - १६ | २५ |
| ५ | चितवन | २०७२/१२/१८ - २० | २५ |

## ५.१.५. सामाजिक अध्ययन विषय शिक्षकका लागि निर्वाचन शिक्षा प्रशिक्षण

आयोगबाट विगत वर्षदेखि नै सामुदायिक तथा निजी माध्यमिक विद्यालयका सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकका लागि निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिँदै आएको छ। प्रतिवेदन वर्षमा केन्द्रबाट गोरखा, रसुवा, नेपालगञ्ज, मुस्ताङ र सोलुखुम्बु गरी ५ जिल्ला र सम्बन्धित जिल्ला निर्वाचन कार्यालयको व्यवस्थापनमा अर्घाखाँची, तेह्रथुम, रोल्पा, डडेलधुरा, सिन्धुपाल्चोक, बर्दिया, पर्वत, ताप्लेजुङ, ओखलढुङ्गा, अछाम, स्याङ्जा, बारा, धनुषा र सिरहा समेत १४ जिल्ला गरी जम्मा १९ जिल्लामा उक्त प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमबाट १,१८७ जना सामाजिक अध्ययन शिक्षकहरू लाभान्वित भएका छन्।

त्यसैगरी काठमाडौं उपत्यकाका विद्यालयहरूमा सामाजिक अध्ययन विषय शिक्षकहरूका लागि निर्वाचन शिक्षा तथा सूचना केन्द्रमा १० समूहमा प्रशिक्षण सञ्चालन गरिएको थियो।

प्रतिवेदन वर्ष सम्ममा २७ जिल्लामा सामाजिक अध्ययन विषय शिक्षकका लागि निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ।

## ५.१.६. मतदाता नामावली सङ्कलन तथा अद्यावधिक तालिम

मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रमसम्बन्धी सञ्चालन गर्न केन्द्रमा मिति २०७२/१०/७ देखि ८ सम्म मुख्य प्रशिक्षक प्रशिक्षण सम्पन्न गरी ७५ जिल्लाका क्षेत्रीय/जिल्ला निर्वाचन अधिकारीहरूका लागि दुई दिने प्रशिक्षण तीन स्थानमा सम्पन्न गरियो। तीन स्थानमा सम्पन्न भएका तालिमसम्बन्धी विवरण देहायअनुसारको तालिकामा दिइएको छ :

**तालिका - ९**

**मतदाता नामावली सङ्कलन तथा अद्यावधिक तालिमको विवरण**

| क्र.सं. | स्थान | मिति |
|---|---|---|
| १ | धुलिखेल | २०७२/१०/१२ - १३ |
| २ | नेपालगञ्ज | २०७२/१०/१२ - १३ |
| ३ | विराटनगर | २०७२/१०/१२ - १३ |

## ५.१.७. बहिरा नागरिकका लागि निर्वाचन शिक्षा प्रशिक्षण

निर्वाचनका विविध प्रक्रियाका बारेमा बहिरा नागरिकलाई बहिरा नागरिकमैत्री शैलीबाट दाङ र धनगढीमा अन्तरक्रियात्मक प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ। बहिरा महासङ्घ र विकास साझेदार संस्था UNDP/ESP को सहयोगमा सञ्चालित उक्त कार्यक्रमसम्बन्धी विवरण देहायअनुसारको रहेको छ।

**तालिका - १०**

**बहिरा नागरिकका लागि निर्वाचन शिक्षा तालिमको विवरण**

| क्र.सं. | प्रशिक्षण मिति | स्थान | सहभागी सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | २०७३/२/५ - ७ | दाङ | ८ | १९ | २७ |
| २ | २०७३/२/५ - ७ | धनगढी | ० | २७ | २७ |

## ५.१.८. संविधान र निर्वाचन व्यवस्थापनसम्बन्धी प्रशिक्षण कार्यक्रम

नेपालको संविधानमा व्यवस्था गरिएका निर्वाचनसम्बन्धी व्यवस्था र निर्वाचनको समग्र व्यवस्थापन सम्बन्धमा क्षेत्रीय/जिल्ला निर्वाचन अधिकारीका साथै क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयमा कार्यरत कर्मचारीहरूलाई जानकारी गराउने उद्देश्यले मिति २०७३ असार ५ देखि ७ गतेसम्म केन्द्रमा मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न गरियो। यसरी मुख्य प्रशिक्षक प्रशिक्षण लिएका आयोगका सचिव, सहसचिव तथा उपसचिव स्तरसम्मका कर्मचारीहरूद्वारा ८ स्थानमा विभिन्न मितिमा प्रशिक्षण सञ्चालन गरियो। यसको विस्तृत विवरण निम्नानुसार रहेको छ :

**तालिका - ११**

**संविधान र निर्वाचन व्यवस्थापनसम्बन्धी प्रशिक्षण कार्यक्रमसम्बन्धी विवरण**

| क्र.सं. | प्रशिक्षण मिति | स्थान | जम्मा सहभागी |
|---|---|---|---|
| १ | २०७३/३/१३ - १५ | दमक | २६ |
| २ | २०७३/३/१० - १२ | हिले | २६ |
| ३ | २०७३/३/१३ - १५ | हेटौंडा | ३२ |
| ४ | २०७३/३/१८ - २० | धुलिखेल | ३१ |
| ५ | २०७३/३/१८ - ०२ | पोखरा | ३४ |
| ६ | २०७३/३/९ - ११ | भैरहवा | ३० |
| ७ | २०७३/३/९ - ११ | नेपालगञ्ज | ३३ |
| ८ | २०७३/३/१३ - १५ | धनगढी | ३२ |

## ५.१.९. फोटो सहितको मतदाता नामावली दर्ता सफ्टवेयर सञ्चालनसम्बन्धी प्रशिक्षण कार्यक्रम

जिल्लामा फोटो सहितको मतदाता नामावली दर्ता सफ्टवेयर सञ्चालन गर्ने कम्युटर अधिकृत र कम्प्युटर अपरेटरहरूलाई तीन दिने सफ्टवेयर सञ्चालनसम्बन्धी प्रशिक्षण कार्यक्रम विभिन्न तीन स्थानमा सम्पन्न गरियो। उक्त प्रशिक्षणमा क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयमा नयाँ सरुवा तथा पदस्थापना

भई आएका कम्युटरसम्बन्धी कार्य गर्ने कर्मचारीहरूको सहभागिता रहेको थियो। यसको विवरण निम्नानुसार रहेको छ :

**तालिका - १२**

**फोटो सहितको मतदाता नामावली दर्ता सफ्टवेयर सञ्चालनसम्बन्धी प्रशिक्षण**

| क्र. सं. | प्रशिक्षण मिति | स्थान |
|---|---|---|
| १ | २०७२/१२/१ - ३ | धरान |
| २ | २०७२/१२/१ - ३ | सुर्खेत |
| ३ | २०७२/१२/६ - ८ | बुढानीलकण्ठ |

## ५.१.१०. ग्राफिक्स डिजाइनिङसम्बन्धी प्रशिक्षण कार्यक्रम

निर्वाचन आयोगमा कार्यरत १५ जना कम्प्युटर इन्जिनीयर, कम्प्युटर अधिकृत तथा कम्प्युटर अपरेटरहरूलाई ९ दिने ग्राफिक्स डिजाइनिङसम्बन्धी तालिम मिति २०७३ बैशाख १३ देखि २१ गतेसम्म सञ्चालन गरियो।

## ५.१.११. घुम्ती निर्वाचन शिक्षा कार्यक्रम

निर्वाचन शिक्षालाई थप व्यापक बनाउँदै पिछडिएका वर्ग र समुदायसम्म पुऱ्याउने उद्देश्यले आमपहुँच कार्यक्रम (Outreach Program) को रूपमा प्रतिवेदन वर्षमा जम्मा ९ जिल्लामा घुम्ती निर्वाचन शिक्षा कार्यक्रम (Mobile Electoral Education Programme) सञ्चालन गरियो। यो कार्यक्रम केन्द्रमा सञ्चालित निर्वाचन शिक्षा तथा सूचना केन्द्रको संक्षिप्त रूप (miniature) मा अगाडि बढाइएको छ। यसलाई छोटकरीमा Mobile EEIC पनि भनिन्छ। उक्त कार्यक्रममा पिछडिएका जात-जाति र समुदायका बालबालिका समेत समेटिने गरी एउटा जिल्लामा २ वटा माध्यमिक विद्यालयको चयन गरी निर्वाचन शिक्षा प्रदान गरियो। यससम्बन्धी थप विवरण निम्नानुसार रहेको छ :

**तालिका - १३**
**घुम्ती निर्वाचन शिक्षा कार्यक्रम**

| क.सं. | कार्यक्रम भएको मिति | जिल्ला | सहभागी सङ्ख्या |
|---|---|---|---|
| १ | २०७२/११/११ र १२ | भक्तपुर | ४५१ |
| २ | २०७३/२/२७ र २८ | रसुवा | १६९ |
| ३ | २०७३/२/३० | नुवाकोट | १४९ |
| ४ | २०७३/२/२८ | धादिङ | १०३ |
| ५ | २०७३/२/३० | गोरखा | २१५ |
| ६ | २०७३/३/१३ | रोल्पा | ३२३ |
| ७ | २०७३/३/१५ | प्युठान | २४८ |
| ८ | २०७३/३/१७ | सप्तरी | २३२ |
| ९ | २०७३/३/१९ | उदयपुर | ४०५ |

प्रतिवेदन वर्षमा परीक्षण कार्यक्रम (Pilot Project) को रूपमा यो कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमको प्रभावकारिता राम्रो पाइएको हुँदा यस कार्यक्रमलाई आगामी दिनमा सघन रूपमा सञ्चालन गर्नुपर्ने देखिएको छ।

## ५.२. निर्वाचन शिक्षा तथा सूचना केन्द्रको अवलोकन भ्रमण

निर्वाचन शिक्षा तथा सूचना केन्द्रमा सामुदायिक विद्यालय, निजी विद्यालय, राजनीतिक दलका प्रतिनिधिहरूलगायत अन्य समूहले अवलोकन गरी निर्वाचन शिक्षाका सन्दर्भमा प्रत्यक्ष रूपमा जानकारी लिएका छन्। यस वर्षमा केन्द्रमा १,२३९ जना महिला र १,३७५ जना पुरुष गरी जम्मा २,६१४ जनाले अवलोकन भ्रमण गरेका छन्। निर्वाचन शिक्षा तथा सूचना केन्द्रबाट प्रवाह भएको सेवाको प्रभावकारितालाई मध्यनजर गरी आयोगले प्रतिवेदन वर्षमा

कास्कीको पोखरा र कैलालीको धनगढीमा क्षेत्रीय निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याएको छ। निकट भविष्यमा मोरङको विराटनगरमा थप एक क्षेत्रीय निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना गर्ने कार्यक्रम रहेको छ।

## ५.३. रेडियो टेलिभिजन कार्यक्रम

आयोगले निर्वाचनसम्बन्धी विविध विषयलाई समेटेर आम मतदाता, राजनीतिक दल र सरोकारवालाहरूलाई जानकारी गराउने उद्देश्यले रेडियो तथा टेलिभिजन कार्यक्रमहरू सञ्चालन गर्दै अएको छ। जसअन्तरगत प्रतिवेदन वर्षमा ५२ वटा रेडियो कार्यक्रम र २० वटा टेलिभिजन कार्यक्रमहरू प्रसारण भए।

# परिच्छेद ६
# अध्ययन, अनुसन्धान तथा वैदेशिक सम्बन्ध

स्वच्छ र स्वतन्त्र निर्वाचन व्यवस्थापनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून तथा मापदण्डहरू आकर्षित हुने गर्दछन्। निर्वाचन व्यवस्थापनका सिलसिलामा वैदेशिक सहायताको प्राप्ति तथा परिचालन, क्षमता विकास, निर्वाचन पर्यवेक्षण, अन्तर्राष्ट्रिय असल अभ्यासको अवलम्बन एवं निर्वाचन व्यवस्थापन निकायबीचको द्विपक्षीय तथा बहुपक्षीय सम्बन्ध स्थापना र विस्तार जस्ता क्षेत्रमा विभिन्न कार्य सम्पादन हुने गर्दछन्। प्रतिवेदन वर्षमा यस क्षेत्रमा भएका मुख्य-मुख्य कार्यहरू देहायबमोजिम रहेका छन् :

## ६.१. SAIDES स्थापनाको लागि प्रारम्भिक कार्य

दक्षिण एसियाली मुलुकहरूमा निर्वाचन व्यवस्थापन निकायहरूबीच समन्वय गर्दै एक आपसमा निर्वाचनसम्बन्धी असल अभ्यासको आदान-प्रदान गर्न तथा यस क्षेत्रमा लोकतन्त्र र निर्वाचनको संस्थागत विकास र सबलीकरणमा सहयोग पुऱ्याउन सोसम्बन्धी अध्ययन अनुसन्धान गर्ने उद्देश्यले South Asian Institute for Democracy and Electoral Studies (SAIDES) नामक संस्था काठमाडौंमा स्थापना तथा सञ्चालन गर्ने क्रममा रहेको छ।

दक्षिण एशियाका निर्वाचन व्यवस्थापन निकाय [Forum of Election Management Bodies of South Asia (FEMBoSA)] को काठमाडौंमा सम्पन्न पाँचौं बैठकको घोषणापत्रको बुँदा नं. ३ अनुसार SAIDES स्थापना तथा सञ्चालन गर्न लागिएको हो। यस संस्थाको स्थापना तथा सञ्चालनका लागि आवश्यक कार्यहरू गर्न अवधारणा पत्र तयार गरिएको र सोही अवधारणापत्रबमोजिम आयोग र अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूसहित विभिन्न समितिहरू गठन गरी यससम्बन्धी कार्य अगाडि बढाइएको छ।

## ६.२. वैदेशिक अध्ययन भ्रमण

प्रतिवेदन वर्षमा आयोगका पदाधिकारी र कर्मचारी सम्मिलित जम्मा २७ वटा अध्ययन भ्रमण सम्पन्न भएका छन्। उक्त भ्रमण कार्यक्रमहरूमा श्रीलङ्काको संसदीय निर्वाचनको पर्यवेक्षण; Global Conference on Money in Politics; NORDEM Study Program to the Norwegian Elections; निर्वाचन व्यवस्थापनमा प्रविधिको भूमिका; सूचना तथा सञ्चार व्यवस्थापन; FEMBoSA को छैठौं बैठक तथा Department of Elections, Sri Lanka को हीरक जयन्ती; सार्वजनिक वित्तसम्बन्धी कार्यशाला; Electoral Risk Management Conference; निर्वाचन शिक्षासम्बन्धी Public Sector Linkage Program; सङ्घीय संरचनाअनुसार निर्वाचन आयोगको संस्थागत व्यवस्था, कार्यजिम्मेवारी, कार्यप्रणाली आदिको अध्ययन तथा राष्ट्रपतीय निर्वाचनको पर्यवेक्षण जस्ता पर्यवेक्षण, प्रशिक्षण, कार्यशाला गोष्ठी र अध्ययन भ्रमण जस्ता विषयहरू समेटिएका थिए।

वैदेशिक अध्ययन भ्रमणसम्बन्धी विस्तृत विवरण अनुसूची-१० मा संलग्न गरिएको छ।

## ६.३. दक्षिण एशियाली निर्वाचन व्यवस्थापन निकायको छैटौं बैठकमा प्रतिनिधित्व

सेप्टेम्बर ३० देखि अक्टोबर २, २०१५ मा श्रीलङ्कामा आयोजित दक्षिण एशियाका निर्वाचन व्यवस्थापन निकाय (FEMBoSA) को छैटौं बैठकमा आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको नेतृत्वमा ३ सदस्यीय प्रतिनिधिमण्डलले भाग लिएको छ। सो बैठकबाट पारित कोलम्बो घोषणापत्र (Colombo Resolution) अनुसूची-११ मा संलग्न गरिएको छ।

# परिच्छेद ७
# निर्वाचन व्यवस्थापन तथा सञ्चालन

संविधान र अन्य कानूनको अधीनमा रही विभिन्न तहका निर्वाचनको सञ्चालन र व्यवस्थापन गर्नु आयोगको महत्त्वपूर्ण जिम्मेवारी हो। प्रतिवेदन वर्षमा कुनै पनि तहको निर्वाचन सम्पन्न नभएकोले निर्वाचन सञ्चालनसँग सम्बन्धित कार्य सम्पादन भएनन्। यद्यपि निर्वाचनको व्यवस्थापन र पूर्वतयारीसँग सम्बन्धित देहायका क्रियाकलाप सम्पन्न भएका छन् :

## ७.१. मतदान स्थलमा अपाङ्गमैत्री र्‍याम्प निर्माण

आयोगको दोस्रो रणनीतिक योजना २०७१/०७२–२०७५/०७६ को मुख्य क्रियाकलापको रूपमा मतदानस्थलमा अपाङ्गता भएका मतदाताको सहज पँहुचका लागि अपाङ्गमैत्री र्‍याम्प निर्माण गर्दै जाने लक्ष्यअनुरूप प्रतिवेदन वर्षमा अपाङ्गमैत्री र्‍याम्प निर्माणका लागि रू. ३०,००,०००/- बजेट विनियोजन भएको थियो। उक्त कार्यक्रम कार्यान्वयनका लागि राष्ट्रिय अपाङ्ग महासङ्घ, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र शहरी विकास विभाग समेतको सहभागितामा आयोगबाट तयार भएको मापदण्डबमोजिम ३० जिल्लाका ५३ मतदान स्थलमा अपाङ्गमैत्री र्‍याम्प निर्माण कार्य सम्पन्न गरिएको छ। र्‍याम्प निर्माण भएका मतदानस्थलहरूको विवरण अनुसूची-१२ मा संलग्न गरिएको छ।

## ७.२. मतदानस्थल/केन्द्रको पुनरावलोकनसम्बन्धी कार्य

नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट गत आर्थिक वर्षमा विभिन्न मितिमा नयाँ नगरपालिका गठन गर्दा वा साविकका नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिकाको क्षेत्र विस्तार गर्दा साविकका विभिन्न गाउँ विकास समिति (गा.वि.स.) हरू नवगठित वा विस्तारित नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकामा समेटिएका छन्। साविकका गा.वि.स.हरू नयाँ वा क्षेत्रविस्तार भएका नगरपालिकामा समेटिंदा कुनै एक गा.वि.स. क्षेत्र समेटी नगरपालिकाको दुई वा सोभन्दा बढी वडा कायम भएको

छ। यसो हुँदा साविकको गा.वि.स.का सबै मतदातालाई समेट्ने गरी कायम गरिएको मतदानस्थल/केन्द्र कुनै एक वडामा पर्न गई बाँकी वडाहरू मतदान केन्द्रविहीन भएका छन्। यस अवस्थामा आयोगबाट मतदान केन्द्र पुनरावलोकन गरी नयाँ मतदान केन्द्र कायम गर्नुपर्ने स्थानमा मतदान केन्द्र निर्धारण कार्य सम्पन्न गरी आगामी निर्वाचनको निम्ति तयारी अवस्थामा रहनुपर्ने भएकाले आयोगबाट मिति २०७२/११/३ मा मतदान केन्द्र पुनरावलोकनसम्बन्धी मापदण्ड स्वीकृत गरी पूर्वतयारीका कार्य भैरहेका छन्।

नेपाल सरकारबाट स्थानीय तहको पुनर्संरचनाका लागि गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सीमाना निर्धारण आयोगले यससम्बन्धी कार्य सम्पन्न नगर्दै मतदान केन्द्र पुनरावलोकन गर्नु औचित्यपूर्ण नहुने भएकोले मतदान केन्द्र पुनरावलोकन गर्ने कार्यले पूर्णता पाउन बाँकी छ।

## ७.३. पुस्तक प्रकाशनसम्बन्धी कार्य

नेपालको निर्वाचन इतिहासको लेखन र संरक्षणको उद्देश्यले मुलुकमा हालसम्म सम्पन्न विभिन्न तहका निर्वाचनसँग सम्बन्धित महत्त्वपूर्ण तथ्य एवं विवरण समेटी "नेपालको निर्वाचन इतिहास" नामक पुस्तक प्रकाशन गर्न आयोगबाट मिति २०७२/३/६ मा यससम्बन्धी अवधारणा पत्र स्वीकृत भएको थियो। पुस्तक प्रकाशन कार्यको व्यवस्थापनका लागि वर्तमान प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको संयोजकत्वमा एक सम्पादक मण्डल गठन भई यससम्बन्धी कार्य भैरहेको छ।

पुस्तकमा समावेश हुने विषय सामग्री लेखनका लागि विभिन्न ९ जना लेखकसँग सम्झौता भएबमोजिम निजहरूबाट सामग्री प्राप्त भई सम्पादनसम्बन्धी प्रारम्भिक कार्य पूरा भएको छ।

## ७.४. निर्वाचन सञ्चालन दिग्दर्शन तर्जुमा

निर्वाचन व्यवस्थापन र सञ्चालनको सिलसिलामा सम्पादन गरिने विभिन्न क्रियाकलापहरूलाई सिलसिलाबद्ध ढङ्गले उल्लेख गरी कुन काम कहिले, कसले र कसरी गर्ने भन्नेबारे स्पष्ट उल्लेख भएको निर्वाचन सञ्चालन दिग्दर्शन

(Election Operation Manual) पुस्तिका तयार गर्न मिति २०७२/६/२९ गते यससम्बन्धी अवधारणा स्वीकृत गरी आयोगका सचिवको संयोजकत्वमा एक समिति गठन गरेको थियो।

निर्वाचनको व्यवस्थापन र सञ्चालनको सिलसिलामा विभिन्न चरणमा सम्पादन गरिने कार्य जस्तै- निर्वाचन कानूनको मसौदा तर्जुमा, नियमावली/निर्देशिका/कार्यविधिको तयारी, राजनीतिक दल दर्ता, निर्वाचन अधिकृतको नियुक्ति, निर्वाचन कार्यक्रम सञ्चालन, निर्वाचन सामग्री व्यवस्थापन, मतपत्र व्यवस्थापन, सामग्री ढुवानी, मतदाता शिक्षा कार्यक्रमको सञ्चालन, विभिन्न तहमा तालिमको सञ्चालन, निर्वाचन अनुगमन र पर्यवेक्षण, निर्वाचन आचारसंहिता कार्यान्वयन, आमसञ्चार माध्यमको अनुगमन, नेपाल सरकार एवं विकास साझेदार संस्थासँगको सम्पर्क/समन्वय जस्ता कार्य सम्पादन गर्ने समय तालिका, विधि र प्रक्रिया, जिम्मेवार शाखा एवं सहयोगी शाखाको नाम समेत उल्लेख गरी आवश्यकताअनुसार उदाहरण र सन्दर्भ सामग्री समेत संलग्न गरी दिग्दर्शन तर्जुमा गरिएको छ।

दिग्दर्शन तर्जुमा गर्दा कुनै खास तहको निर्वाचन सञ्चालनको सिलसिलामा सम्पादन गर्नुपर्ने क्रियाकलापमा आधारित रही तयार गर्नुपर्ने भए पनि समितिको कार्यावधिसम्ममा यससम्बन्धी कानून प्राप्त भइनसकेकोले विगतमा संविधान सभा सदस्य निर्वाचन सञ्चालन गर्दाका अनुभव, कार्य परम्परा र कार्य संस्कृतिका आधारमा दिग्दर्शन तर्जुमा गरिएको छ।

## ७.५. मतदान स्थल/केन्द्रको विवरण

२०७२ वैशाखमा गएको भूकम्प र तत्पश्चात्का परकम्पन समेतका कारण मतदान स्थल/केन्द्रमा भएको क्षतिको विवरण तयार गरिएको छ। भूकम्पबाट बढी प्रभावित ३१ जिल्लाका मतदान स्थलहरूको संख्या र भौतिक अवस्थाको विवरण अनुसूची-१३ मा संलग्न गरिएको छ।

# परिच्छेद ८
# सूचना प्रविधि तथा प्रणाली व्यवस्थापन

निर्वाचन व्यवस्थापनमा सूचना प्रविधको प्रयोग गरी निर्वाचन क्रियाकलापलाई प्रभावकारी ढङ्गले सम्पादन गर्न आयोगले विभिन्न क्षेत्रमा सूचना प्रविधि तथा प्रणालीको प्रयोगलाई अवलम्बन गर्दै आएको छ। विशेषतः मतदाता दर्ता, प्रशोधन, अन्तिम मतदाता नामावलीको तयारी र छपाइ, मतदाता परिचयपत्र छपाइ, मतदाता शिक्षा, जनशक्तिको क्षमता विकास, निर्वाचन जोखिम विश्लेषण, मतदानको दिन विभिन्न निर्वाचन क्रियाकलापको अनुगमन (Event Tracking), निर्वाचन परिणाम प्राप्ति र प्रशोधन लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रयोग हुँदै आएको छ। प्रतिवेदन वर्षमा सूचना प्रविधि तथा प्रणालीसम्बन्धी विषयमा भएका मुख्य-मुख्य कार्यहरू देहायमा उल्लेख गरिएको छ।

## ८.१. मतदाता दर्तासम्बन्धी तथ्याङ्क एकीकरण तथा पृथकीकरण

२०७२ असार मसान्तसम्ममा ७५ वटै जिल्लाहरूमा सङ्कलन गरिएका मतदाताको विवरण केन्द्रमा सङ्कलन गरिएको थियो। सङ्कलित डाटालाई आयोगको केन्द्रीय सर्भरमा एकीकरण (Integration) गरेर दोहोरोपना हटाउने, नाम विवरण, बाहिरी जिल्ला दर्ताको विवरण रुजु गरी अद्यावधिक गरेपश्चात् डाटालाई जिल्लागत रूपमा पृथकीकरण (Segregation) गर्ने कार्य सम्पन्न गरिएको छ। यससम्बन्धी विवरण अनुसूची-१४ मा संलग्न गरिएको छ।

## ८.२. अध्ययन अवलोकन भ्रमण

निर्वाचन आयोगले संविधान सभा सदस्य निर्वाचन, २०६४ मा काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं. १ मा विद्युतीय मतदान उपकरणको प्रयोग गरेको थियो। निर्वाचन क्रियाकलाप छिटो छरितो हुने र मत बदरसमेत नहुने हुने हुँदा आगामी स्थानीय निर्वाचनमा विद्युतीय मतदान उपकरणको प्रयोगको सम्भावना समेतको अध्ययनका लागि कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको नेतृत्वमा ५ सदस्यीय टोलीले भारतको विद्युतीय मतदान उपकरण उत्पादक कम्पनी Eectronics Corporation India Limited र Bharat Electronics Limited को अवलोकन भ्रमण गरेको थियो। त्यस अवसरमा टोलीले भारतको चेन्नाईमा

भएको विधान सभा निर्वाचनको समेत अवलोकन गरेको थियो। भ्रमणको क्रममा हाम्रो देशको स्थानीय तह/निकाय निर्वाचनका लागि समेत उपयुक्त हुने किसिमको प्रविधिसहितका विद्युतीय मतदान उपकरण उपलब्ध रहेको पाइएकोले आगामी स्थानीय तह/निकाय निर्वाचनमा विद्युतीय मतदान उपकरण प्रयोग गर्न सकिने अवस्था रहेको देखिएको छ।

## ८.३. मतदाता दर्ता सफ्टवेयरको विकास

मतदाता दर्ताका लागि सन् २०१३ को आवश्यकताको आधारमा नयाँ मतदाता दर्ता सफ्टवेयर (Voter List Application) को विकासका लागि विकास साझेदार संस्था UNDP/ESP लाई सन् २०१३ मा अनुरोध भएकोमा प्राप्त हुन बाँकी रहेको छ।

## ८.४. पुराना ल्यापटप मर्मत कार्य

क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयमा रहेका र मतदाता दर्ताका लागि प्रयोगमा रहँदै आएका अधिकांश ल्यापटप बिग्रिई मतदाता दर्ता कार्यमा समस्या भएकोले सो समस्या समाधान गर्नका लागि विभिन्न जिल्लाबाट ४ वटा क्षेत्रीय निर्वाचन कार्यालय र आयोगमा ल्यापटपहरू सङ्कलन गरी आयोगकै जनशक्तिबाट मर्मत गर्ने कार्य सम्पन्न भएको छ। मर्मत भएका ल्यापटपहरूको विवरण निम्नानुसार रहेको छ :

**तालिका - १४**

**मर्मत भएका ल्यापटपहरूको विवरण**

| क्र.सं. | क्षेत्र | जम्मा प्राप्त | मर्मत भएका |
|---|---|---|---|
| १ | पूर्वाञ्चल | ३०२ | ११४ |
| २ | पश्चिमाञ्चल | ४६४ | २२२ |
| ३ | मध्य पश्चिमाञ्चल | ३२३ | २३५ |
| ४ | सुदूर पश्चिमाञ्चल | १२९ | ७२ |
| ५ | निर्वाचन आयोग | ४०८ | १४५ |
| | **जम्मा** | **१,६२६** | **७८८** |

## ८.५. क्षमता अभिवृद्धि

मतदाता दर्ता कार्यमा प्रत्यक्ष रूपले संलग्न रहने कम्प्युटर अपरेटरहरूलाई मतदाता दर्ता सफ्टवेयरको सञ्चालन सम्बन्धमा प्रशिक्षण दिई दर्ता कार्यलाई थप प्रभावकारी बनाउँदै लैजाने उद्देश्यले प्रतिवेदन वर्षमा विभिन्न ४५ क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयका कम्प्युटर अपरेटरहरूलाई प्रशिक्षण प्रदान गरिएको छ।

कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्नका लागि सूचना प्रविधि व्यवस्थापन महाशाखा र अन्तर्गतका ३ जना कर्मचारीलाई मिति २०७३/०२/१९ देखि २०७३/०२/२४ सम्म The Open Group Architecture Framework (TOGAF) तालिम र २ जना कम्प्युटर इन्जिनीयरहरूलाई मिति २०७३/०१/२६ देखि २०७३/०३/०५ सम्म Red Hat Certified System Administration (RHCSA) सम्बन्धी तालिम प्रदान गरिएको छ।

## ८.६. नयाँ ल्यापटप लगायतका सामग्रीहरूको परीक्षण

विकास साझेदार संस्था UNDP/ESP मार्फत मतदाता दर्ता प्रयोजनको लागि प्राप्त भएका ६०० थान Dell Rugged 14 मोडेलका ल्यापटप र मतदाता शिक्षा प्रयोजनका लागि प्राप्त ३ सेट घुम्ती निर्वाचन शिक्षा उपकरणको प्राविधिक परीक्षण सम्पन्न गरिएको छ।

## ८.७. अन्य

### ८.७.१. नयाँ इमेल सर्भर स्थापना

आयोगमा रहेको इमेल सिस्टमलाई थप सुरक्षित र भरपर्दो बनाउन नयाँ इमेल सर्भर स्थापना गरिएको छ। यसले आयोगभित्र र बाहिर समेत सुरक्षित इमेल सेवा प्रयोग गर्न मद्दत पुगेको छ।

### ८.७.२. Storage device र Wireless Access Point खरिद

प्रतिवेदन वर्षमा आयोगको मतदाता नामावलीको डाटालाई ब्याकअप गर्ने प्रयोजनार्थ 16 TB क्षमताको Network Access Storage (NAS) Device खरिद गरिएको छ। यसका साथै आयोगमा इन्टरनेट सेवा विस्तारका लागि Wireless Access Point (WAP) समेत खरिद गरिएको छ।

## ८.७.३. डाटा सेन्टरमा नयाँ ब्याट्री

विद्युत आपूर्ति नियमित नहुँदा आयोगको डाटा सेन्टर सञ्चालनमा बारम्बार समस्या आउने गरेकोले सो समस्याको समाधानार्थ डाटा सेन्टरमा निरन्तर विद्युत आपूर्तिका लागि साविकमा रहँदै आएका ब्याट्री हटाई ४० थान नयाँ ब्याट्री खरिद गरी जडान गरिएको छ।

## ८.७.४. Corporate Antivirus इन्स्टल

Virus, Spam आदिबाट आयोगमा रहेका सर्भर, ल्यापटप र डेस्कटपहरू सुरक्षित राख्न सर्भरमा आधारित १५० युजर लाइसेन्सको Corporate Antivirus System खरिद गरी उक्त कम्प्युटरहरूमा इन्स्टल गरिएको छ।

## ८.७.५. Dark Core Fiber Connectivity सेवा नवीकरण

आयोगको डाटा रिकभरी सेन्टरका रूपमा प्रयोग गरिएको सिंहदरबारस्थित Government Integrated Data Center (GIDC) का सर्भरहरू र कान्तिपथ स्थित आयोगको डाटा सेन्टरमा रहेका सर्भरहरूका बीच Dark Core Fiber Connectivity सेवाका लागि सेवा प्रदायक मर्कन्टाइल कम्युनिकेशन प्रा.लि.सँग मिति २०७२/०८/२४ मा सम्झौता नवीकरण गरिएको छ।

## ८.७.६. वेबसाइट व्यवस्थापन

आम नागरिक तथा निर्वाचनका सरोकारवालालाई निर्वाचन गतिविधिसम्बन्धमा जानकारी दिन निर्वाचन आयोगको वेबसाइट http://www.election.gov.np सञ्चालनमा रहेको छ।




वेबसाइटमा मतदाता दर्ता, राजनीतिक दल, निर्वाचन कानून, निर्वाचन पर्यवेक्षण, आयोगबाट जारी नीति तथा निर्देशिका, प्रेस विज्ञप्ति, आयोगका प्रकाशन, निर्वाचन परिणाम, आयोगका सूचना लगायत निर्वाचनसम्बन्धी विविध विषयका जानकारीमूलक सामग्री समावेश गरिएको छ।

माथि उल्लेखित सफ्टवेयरहरू मध्ये BBVRS र आयोगको वेबसाइट बढी प्रयोगमा रहेको छ। साथै सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा लगातार भइरहेको परिवर्तनबाट सृजित अवसर तथा चुनौतीलाई आत्मसात् गर्दै छरिएर रहेका विभिन्न सफ्टवेयरहरू लगायत अन्य आवश्यक सफ्टवेयरहरू एकीकृत गरी विकास गर्न, असोज ३ गते जारी नेपालको संविधानबमोजिम निर्वाचन आयोगका कामहरू समय सुहाउँदो सूचना प्रविधिमार्फत स्वचालन (automation) गर्न, दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१/०७२-२०७५/०७६) मा उल्लिखित लक्ष्य प्राप्त गर्न परीक्षणको रूपमा प्रवासमा रहेका नेपाली नागरिकहरूलाई मतदाताको रूपमा नाम दर्ता गर्न समेत वेबमा आधारित एकीकृत सफ्टवेयरको विकास हुन जरुरी भइसकेकोले यसतर्फ आवश्यक गृहकार्य भइरहेको छ।

# परिच्छेद ९

# निर्वाचन तथ्याङ्क, भू-सूचना तथा जोखिम विश्लेषण

निर्वाचन व्यवस्थापन र सञ्चालनसँग सम्बन्धित विभिन्न विषयका तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण गरी मतदान स्थल, जिल्ला सदरमुकामबाट मतदान स्थल रहेको गाउँ विकास समिति तथा नगरपालिकाको दूरी, मतदान स्थलमा उपलब्ध भौतिक पूर्वाधार, भौगोलिक अवस्थिति, मतदाता सङ्ख्या समेतको विवरण समेटी स्तम्भ/वृत्तचित्र, प्रतिवेदन, तालिका, चित्र, नक्शा तयार गरी तथ्याङ्क भण्डार तयार गर्ने र निर्वाचन व्यवस्थापनमा यसको उपयोग गर्ने उद्देश्यले यससम्बन्धी कार्यजिम्मेवारी तोकी प्रतिवेदन वर्षदेखि अलग्गै शाखा सञ्चालनमा रहेको छ।

यस अतिरिक्त निर्वाचन व्यवस्थापनका सिलसिलामा निर्वाचनको मिति घोषणापूर्व, निर्वाचनको अवधि र निर्वाचनपश्चात् गरी तीनवटै चरणमा हुनसक्ने भौतिक एवं मानवीय जोखिमका तत्त्वहरूको पहिचान र विश्लेषण गरी सोको नक्शाङ्कन गर्ने कार्यसमेत गर्दै आइएको छ।

## ९.१. मतदान स्थलको भू-अवस्थितिसम्बन्धी विवरण सङ्कलन

निर्वाचन व्यवस्थापन र सञ्चालनसम्बन्धी क्रियाकलापहरू मतदान स्थल/मतदान केन्द्र समेतमा आधारित रही सम्पन्न गर्नुपर्ने भएकोले मतदान केन्द्रको विवरण अद्यावधिक राख्न आयोगले Global Positioning System (GPS) को प्रयोग गरी मतदान स्थल/मतदान केन्द्रको भौगोलिक विवरण अद्यावधिक गर्दै आएको छ। संविधान सभा सदस्य निर्वाचन प्रयोजनको लागि १०,०१३ मतदान स्थलमा १८,४७५ मतदान केन्द्र सञ्चालनमा रहेकोमा ९,८२४ मतदान स्थलको GPS विवरण सङ्कलन पूरा भएको छ। सो विवरणका आधारमा मतदान केन्द्रहरूको Polling Centre Master List (PCML) विवरण तयार गर्ने कार्य सम्पन्न गरिएको छ।

## ९.२. स्रोत पुस्तिका तयारी

Geographic Information System (GIS) तथा Global Positioning System (GPS) र Electoral Risk Management (ERM) सम्बन्धी क्षेत्रीयस्तरमा प्रशिक्षण सञ्चालनार्थ स्रोत पुस्तिका तयार गरिएको छ।

# परिच्छेद १०

# निर्वाचन कानून तथा राजनीतिक दल व्यवस्थापन

नेपालको संविधानले निर्वाचन आयोगलाई राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य, प्रदेश सभा सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने समेतका जिम्मेवारी तोकेको छ। प्रतिवेदन वर्षमा विभिन्न तहको निर्वाचनसँग सम्बन्धित कानून तर्जुमाका लागि मसौदा तयारीलगायत देहायका कार्यहरू सम्पन्न भएका छन् :

## १०.१. केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको मसौदा

नेपालको संविधानको धारा ३०३ को उपधारा (२) मा हाल कायम रहेका स्थानीय निकायका पदाधिकारीको निर्वाचनसम्बन्धी व्यवस्था रहेकोले स्थानीय निकायको निर्वाचनको तयारीका लागि स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ मा संशोधनका लागि प्रतिवेदन वर्षमा विधेयकको मसौदा तर्जुमा गरी संसदमा पेश गर्न नेपाल सरकार, गृह मन्त्रालय पठाइएको छ।

## १०.२. निर्वाचन आचार संहिता अनुगमन निर्देशिकाको मसौदा

आयोगले सञ्चालन गर्ने विभिन्न तहका निर्वाचनलाई स्वच्छ र स्वतन्त्र ढङ्गबाट सम्पन्न गर्न निर्वाचन आचार संहिता, २०७२ को प्रभावकारी कार्यान्वयनका लागि निर्वाचन आचार संहिता अनुगमन निर्देशिका तर्जुमा गर्न सोको प्रारम्भिक मसौदा तयार गरी विभिन्न स्थानमा सरोकारवालासँग अन्तरक्रिया गरी सुझाव सङ्कलन गरिएको छ।

## १०.३. सैद्धान्तिक सहमति

संविधान अनुरूप निर्वाचनसँग सम्बन्धित विभिन्न ९ वटा सङ्घीय कानून तर्जुमा गर्न नेपाल सरकार, गृह मन्त्रालयमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र कानून, न्याय, तथा संसदीय मामिला मन्त्रालयबाट विभिन्न मितिमा सैद्धान्तिक सहमति प्राप्त भएको छ।

## १०.४. निर्वाचनसम्बन्धी ऐनहरूको विधेयकको प्रारम्भिक मसौदा तर्जुमा

नेपालको संविधानअनुरूप सम्पन्न गर्नुपर्ने विभिन्न तहको निर्वाचनका लागि आवश्यक सङ्घीय कानून तर्जुमा गर्न देहायका विभिन्न ५ वटा ऐनको विधेयकको प्रारम्भिक मसौदा तयार गरी संसदमा पेश गर्न नेपाल सरकार, गृह मन्त्रालयमा पठाइएको छ। यसैगरी विभिन्न ४ वटा विधेयक मसौदा आयोगमा छलफलको चरणमा रहेका छन्।

**नेपाल सरकार, गृह मन्त्रालयमा पठाइएका विधेयकः**

(क) निर्वाचन आयोगसम्बन्धी
(ख) राजनीतिक दलसम्बन्धी
(ग) मतदाता नामावलीसम्बन्धी
(घ) निर्वाचन (कसूर तथा सजाय) सम्बन्धी
(ङ) स्थानीय तह निर्वाचनसम्बन्धी

**आयोगमा छलफलको चरणमा रहेका विधेयकः**

(क) प्रतिनिधि सभा सदस्य निर्वाचनसम्बन्धी
(ख) प्रदेश सभा सदस्य निर्वाचनसम्बन्धी
(ग) राष्ट्रिय सभा सदस्य निर्वाचनसम्बन्धी
(घ) राष्ट्रपति, उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी

उल्लिखित विधेयक मसौदा तर्जुमाको सिलसिलामा आयोगबाट विभिन्न मितिमा व्यवस्थापिका संसदको राज्य व्यवस्था समिति, राजनीतिक दल, नागरिक समाज, कानूनविद्, सञ्चार माध्यम एवं पूर्वमन्त्री तथा सभासद/सांसदहरूसँग अन्तरक्रिया तथा छलफल गरी सुझाव सङ्कलन गरिएको थियो।

## १०.५. निर्वाचन कानूनहरूको विद्युतीय प्रति निर्माण

निर्वाचनसँग सम्बन्धित मौजुदा ऐन तथा नियमावलीहरूमा भएको संशोधनलाई अद्यावधिक गरी सोको विद्युतीय प्रति (Soft Copy) तयार पार्ने कार्य सम्पन्न गरिएको छ। उक्त ऐन तथा नियमावलीलाई आम नागरिक, राजनीतिक दल तथा निर्वाचनका सरोकारवालाहरूको जानकारीका लागि आयोगको वेबसाइटमा संलग्न गरिएको छ।

# १०.६. राजनीतिक दल व्यवस्थापन

## १०.६.१. प्रशिक्षण तथा अभिमुखीकरण सञ्चालन

आयोगमा दर्ता रहेका राजनीतिक दलहरूलाई राजनीतिक दलसँग सम्बन्धित कानून, राजनीतिक दलले आयोगमा पेश गर्नुपर्ने आय-व्ययको विवरण, वार्षिक विवरण तथा परिवर्तित विवरणलगायतका विषयमा मिति २०७२ पौष १९ देखि २४ सम्म आयोगमा प्रशिक्षण प्रदान गरिएको थियो।

प्रशिक्षण कार्यक्रममा आयोगमा दर्ता कायम रहेका १६४ वटा राजनीतिक दलमध्ये १०८ राजनीतिक दलका ११७ प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो। उक्त प्रशिक्षण पश्चात् आय-व्ययको विवरण बुझाउने राजनीतिक दलको संख्यामा तुलनात्मक रूपमा वृद्धि भएको छ। प्रतिवेदन वर्षमा विवरण बुझाउने राजनीतिक दलको संख्या ११७ रहेको छ।

## १०.६.२. राजनीतिक दल खारेज तथा संयुक्त

आयोगमा दर्ता कायम रहेका राजनीतिक दलले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र आय-व्ययको वार्षिक विवरण पेश गर्नु पर्नेमा संविधान सभा सदस्य निर्वाचन प्रयोजनका लागि दर्ता रहेका विभिन्न १५ राजनीतिक दलले लगातार ३ वर्षसम्म त्यस्तो विवरण पेश नगरेकोले आयोगको मिति २०७२/११/२१ को निर्णयानुसार उक्त राजनीतिक दलहरूको निर्वाचन प्रयोजनका लागि कायम रहेको दर्ता खारेज गरिएको छ।

यसैगरी आयोगको मिति २०७१/१२/१ को निर्णयानुसार नेपाल सद्भावना पार्टी तथा सङ्घीय सद्भावना पार्टी संयुक्त भई नेपाल सद्भावना पार्टी र मधेशी जन अधिकार फोरम नेपाल तथा सङ्घीय समाजवादी पार्टी संयुक्त भई सङ्घीय समाजवादी फोरम नेपाल नामक नयाँ राजनीतिक दल कायम भएका छन्।

माथि उल्लेख गरेअनुसार राजनीतिक दलको दर्ता खारेज तथा दलहरू संयुक्त भएको सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गरिएको छ।

## १०.६.३. राजनीतिक दलहरूको कार्यसमितिको समावेशी विवरण माग

नेपालको संविधानको धारा २६९ को उपधारा (४) को खण्ड (ग) मा दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्वित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्छ भन्ने व्यवस्था भएको छ। सो व्यवस्था अनुरूप आयोगमा दर्ता कायम रहेका राजनीतिक दलहरूको कार्यकारिणी समितिको समावेशी विवरण माग गरिएको छ। प्रतिवेदन वर्षमा ७४ वटा राजनीतिक दलहरूबाट विवरण प्राप्त भएको छ।

## १०.६.४. अभिलेख व्यवस्थापन सफ्टवेयर निर्माण

आयोगले राजनीतिक दलहरूको अभिलेख व्यवस्थापन तथा अद्यावधिक गरी विद्युतीय प्रणालीमा आबद्ध गराउन एक सफ्टवेयर निर्माण गरेको छ। उक्त सफ्टवेयरमा आयोगमा दर्ता रहेका सबै राजनीतिक दलहरूको विवरण विभिन्न चरणमा अभिलेखीकरण गर्ने कार्यक्रम रहेको छ। पहिलो चरणमा व्यवस्थापिका संसदमा प्रतिनिधित्व गरिरहेका राजनीतिक दलहरूको विवरण अभिलेखीकरण गरिएको छ।

## १०.६.५. महाधिवेशनसम्बन्धमा पत्राचार

२०७३ आषाढ मसान्तसम्म आयोगमा दर्ता कायम रहेका १६४ राजनीतिक दलमध्ये नियमित महाधिवेशन सम्पन्न गर्न बाँकी रहेका राजनीतिक दलहरूलाई नेपालको संविधानले व्यवस्था गरेअनुरूप २०७३ साल असार मसान्तसम्म महाधिवेशन गर्न पत्राचार गरिएको छ।

# परिच्छेद ११
# स्रोत परिचालन

आर्थिक वर्ष २०७२/७३ मा आयोग र अन्तर्गतका कार्यालयहरूको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न नेपाल सरकारबाट बजेट तथा कार्यक्रम स्वीकृत भएको थियो। त्यसै गरी विकास साझेदार संस्थाहरूबाट आयोगको मागबमोजिम आर्थिक तथा प्राविधिक सहायता समेत प्राप्त भएको थियो।

## ११.१. विनियोजन र खर्च

आर्थिक वर्ष २०७२/०७३ मा आयोग र अन्तर्गतका कार्यालयहरूका लागि विनियोजन निकासा र खर्चको विवरण बजेट शीर्षकगतरूपमा देहायबमोजिम रहेको छ। जिल्लाको खर्चका सम्बन्धमा हाल निकासा रकमलाई नै खर्चको आधार मानिएको छ।

**तालिका - १५**

**आर्थिक वर्ष ०७२/७३ मा विनियोजन र खर्चको विवरण**

(रू. हजारमा)

| क्र.सं. | ब.उ.शी.नं. | विवरण | वार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २१२००१३ | निर्वाचन आयोग (चालु खर्च) | ५४,६२ | ३२,२८ | ५९.०९ |
| २ | २१२०११३ | निर्वाचन आयोग, मतदाता नामावली अद्यावधिक सङ्कलन-मतदाता परिचयपत्र (चालु खर्च) | १९,८०,७७ | १५,४२,९० | ७८.०४ |
| ३ | २१२०१५३ | निर्वाचन आयोग (चालु खर्च) प्रशासनिक खर्च | ६,७७,७६ | ६,०८,१० | ८९.७२ |

| क्र.सं. | ब.उ.शी.नं. | विवरण | वार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ४ | १२०१३३ | ७५ जिल्ला निर्वाचन कार्यालय (चालु खर्च) | २१,९८,५१ | २०,७६,०८ | ९४.३९ |
| ५ | | संस्थागत सुदृढीकरण | ८,५९,२७ | ५,१६,६५ | ६०.१३ |
| | १२१०१३ | निर्वाचन आयोग-संस्थागत सुदृढीकरण (चालु खर्च) | १,५९,२७ | १,३१,४८ | ८२.५६ |
| | २१२१०१४ | निर्वाचन आयोग-संस्थागत सुदृढीकरण (पूँजीगत खर्च) आयोग | ७,००,०० | ३,८५,१५ | ५५.०२ |

## ११.२. राजस्व/धरौटी

(क) आ.व. ०७२/७३ मा आयोगबाट जम्मा रू. १९,६२,८७९/७८ राजस्व सहित विभिन्न आम्दानी भएको थियो।

(ख) आ.व. ०७२/७३ मा विभिन्न शीर्षक अन्तर्गत आयोगबाट जम्मा रू. ३४,६२,६०४/८५ धरौटी प्राप्त भएको र सो धरौटी रकममध्ये रू. २४,९९,६४५/- फिर्ता भई रू. ९,६२,९५९/८५ धरौटी बाँकी रहेको छ।

## ११.३. बेरुजु फछ्र्यौंट प्रगति विवरण

महालेखा परीक्षकको ५२औं प्रतिवेदन, २०७१ अनुसार आयोग र अन्तर्गत कार्यालयहरूको आ.व. ०७२/७३ सम्ममा फछ्र्यौंट गर्नुपर्ने दायित्व सृजना भएको बेरुजु रू. १,५९,८२,३३,०००/- रहेकोमा यस अवधिमा रू. १,१२,६५,५५,०००/- (७०.४९%) फछ्र्यौंट भएको छ। बेरुजु फछ्र्यौंटको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ :

**तालिका - १६**

**आ.व. ०७२/७३ मा भएको बेरुजु फछ्र्यौटको विवरण**

| क्र.सं. | विवरण | रू. (हजारमा) |
|---|---|---|
| १ | म.ले.प.को ५१औं प्रतिवेदन, २०७० सम्मको फछ्र्यौट हुन बाँकी | १५,९७,७६ |
| २ | म.ले.प.को ५२औं प्रतिवेदन, २०७१ अनुसार आर्थिक वर्ष २०७२/७३ मा फछ्र्यौट गर्नुपर्ने दायित्व सृजना भएको बेरुजु रकम | १,४३,८४,५७ |
| | जम्मा बेरुजु रकम | १,५९,८२,३३ |
| ३ | जम्मा फछ्र्यौट मध्ये नियमित/प्रमाण पेश भई फछ्र्यौट भएको रू. १,१२,३९,३२,०००/- | |
| | जम्मा फछ्र्यौट मध्ये नगद असुल उपर भै फछ्र्यौट भएको रू. २५,४२,०००/- | |
| | जम्मा फछ्र्यौट मध्ये पेश्की फछ्र्यौट भएको रू. ८१,०००/- | |
| | जम्मा फछ्र्यौट | १,१२,६५,५५ |
| | बाँकी बेरुजु | ४७,१६,७८ |

# ११.४. वित्तीय व्यवस्थापन तालिम कार्यक्रम

वित्तीय तथा खरिद व्यवस्थापन कार्यक्रम तर्फ ७५ क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूलाई आर्थिक कारोवारसँग सम्बन्धित सार्वजनिक खरिद ऐन तथा नियमावली र आर्थिक कार्यविधि ऐनअनुसारको विविध विषयमा जानकारी गराउने उद्देश्यले आर्थिक प्रशासनको काम गर्ने कर्मचारीहरूलाई प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको र सो अवसरमा जिन्सी, लिलाम, बोलपत्र, सामाजिक सुरक्षा कर तथा पारिश्रमिक कर लगायतका विषयमा ७१ जिल्लाका ९२ जनालाई (लेखा अधिकृत/लेखापाल-७१, कम्प्युटर अपरेटर-२, नायब सुब्बा स्टोरकीपर-९ र आयोगबाट १० जना) धुलिखेल, बुटवल, धनगढी र इलाम मुकाम बनाई तालिम/प्रशिक्षण कार्यक्रम सञ्चालन गरियो।

# परिच्छेद १२
# विविध

संवैधानिक जिम्मेवारी अनुरूप कार्यसम्पादन गर्ने सिलसिलामा अन्य विविध कार्यहरू समेत सम्पादन गर्नु पर्ने हुन्छ। प्रतिवेदन वर्षमा देहायअनुसारका विविध कार्यहरू सम्पादन भएका छन् :

## १२.१. प्रमुख निर्वाचन आयुक्तको पदभार ग्रहण

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले मिति २०७३/०३/२७ मा प्रमुख निर्वाचन आयुक्तको पदभार सम्हाल्नु भयो।

## १२.२. सम्माननीय राष्ट्रपतिसँग भेटघाट

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवसँग कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले मिति २०७२/०५/१४ मा राष्ट्रपति भवन, शीतल निवासमा शिष्टाचार भेट गर्नुभयो। सो अवसरमा उहाँले आयोगले सञ्चालन गरिरहेको निरन्तर मतदाता नामावली तयारी लगायतका विभिन्न कार्यक्रमहरूको बारेमा जानकारी गराउनु भएको थियो।

\+ \+ \+

सम्माननीय राष्ट्रपति विद्या देवी भण्डारीसँग कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले मिति २०७२/०७/१८ मा राष्ट्रपति भवन, शीतल निवासमा शिष्टाचार भेट गर्नुभयो। सो अवसरमा उहाँले आयोगले सञ्चालन गरिरहेको निरन्तर मतदाता नामावली तयारी लगायतका विभिन्न कार्यक्रमहरूको बारेमा जानकारी गराउनु भएको थियो। सम्माननीय राष्ट्रपतिले भूकम्पबाट आयोगलाई भएको क्षति एवं सम्भावित स्थानीय निकायको निर्वाचनको तयारीबारे राख्नुभएको चासोका बारेमा उहाँले जानकारी गराउनु भएको थियो।

## १२.३. सम्माननीय प्रधानमन्त्रीसँग भेटघाट र छलफल

सम्माननीय प्रधानमन्त्री श्री खड्गप्रसाद शर्मा ओलीसँग कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव र निर्वाचन आयुक्त श्री इला शर्माले मिति २०७२/०९/२३ मा भेटघाट गरी स्थानीय निकाय निर्वाचनको आवश्यकता र तयारीका विभिन्न विषयमा छलफल गर्नुभयो। आयोगका पदाधिकारीहरूसँगको छलफलमा सम्माननीय प्रधानमन्त्रीले स्थानीय निकायको निर्वाचन छिटो सम्पन्न गर्न सके भूकम्पबाट भएको क्षतिको पुनर्निर्माण तथा विकास निर्माणसँग सम्बन्धित अन्य कार्यमा सघाउ पुग्ने बताउनुभयो।

त्यसैगरी सम्माननीय प्रधानमन्त्री श्री खड्गप्रसाद शर्मा ओलीसँग कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव, निर्वाचन आयुक्त श्री इला शर्मा र सचिव श्री शारदाप्रसाद त्रितालले मिति २०७३/०३/०८ मा स्थानीय निकायको निर्वाचनको विषयमा छलफल गर्नुभयो। कार्यवाहक प्रमुख निर्वाचन आयुक्तले स्थानीय निकायको निर्वाचनको लागि आयोगको तयारी, सोका लागि आवश्यक कानूनहरू र आवश्यक अन्य प्राविधिक विषयहरूका बारेमा सम्माननीय प्रधानमन्त्रीलाई अवगत गराउनु भयो। साथै मिति २०७३/०३/१३ मा सम्माननीय प्रधानमन्त्री श्री खड्गप्रसाद शर्मा ओलीबाट निर्वाचन आयोगको भ्रमण भयो। कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले सम्माननीय प्रधानमन्त्रीलगायत भ्रमणदलमा संलग्न सम्पूर्ण पदाधिकारीहरूलाई स्वागत गर्दै आयोगले हाल सञ्चालन गरिरहेको मुख्य-मुख्य गतिविधिहरू, आयोगको संस्थागत क्षमता र निर्वाचन सम्पन्न गर्न गर्नुपर्ने प्राविधिक तयारीको सम्बन्धमा विस्तृत प्रकाश पार्नुभयो।

## १२.४. विविध भेटघाट/छलफल

मिति २०७२/११/१८-१९ मा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको अध्यक्षतामा राजनीतिक दलसम्बन्धी कानूनलाई एकीकरण गर्न बनेको "राजनीतिक दलसम्बन्धी विधेयक, २०७२" को मसौदाका सम्बन्धमा आवश्यक सुझावहरू प्राप्त गर्ने सिलसिलामा आयोग र विभिन्न क्षेत्रका कानूनविद्हरूबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

त्यस्तै मिति २०७२/१२/२२ मा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव तथा निर्वाचन आयुक्त श्री इला शर्मा र भारतका पूर्व प्रमुख निर्वाचन आयुक्त श्री एस. वाई. कुरेसीबीच आयोगमा निर्वाचनसम्बन्धी विषयमा केन्द्रित रही विभिन्न छलफल भयो। उक्त कार्यक्रममा पूर्व प्रमुख निर्वाचन आयुक्त श्री नीलकण्ठ उप्रेती र आयोगका सचिव श्री शारदाप्रसाद त्रितालको पनि उपस्थिति थियो।

यसै गरी मिति २०७२/१२/२८ मा व्यवस्थापिका संसद्को राज्य व्यवस्था समितिको वैठकमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले "परिवर्तित सन्दर्भमा निर्वाचन आयोगको भूमिका र भावी कार्यक्रम" का विषयमा आयोगका तर्फबाट आफ्नो लिखित धारणा प्रस्तुत गर्नुभयो।

त्यसै गरी मिति २०७३/०३/०७ मा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव तथा निर्वाचन आयुक्त श्री इला शर्मासँग गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित र स्वायत्त क्षेत्रको सङ्ख्या तथा सीमाना निर्धारण आयोगका अध्यक्ष श्री बालानन्द पौडेल र सदस्यहरूले आयोगमा भेट गर्नुभयो। भेटको अवसरमा डा. यादवले सीमाना निर्धारण गर्दा मतदाता नामावलीको व्यवस्थापनको काममा गम्भीर असर पुग्ने कारणले कुनै पनि गाउँ विकास समिति वा नगरपालिकाको विद्यमान वडाको भूगोललाई टुक्र्याउने गरी सीमा निर्धारण नगरिदिन विशेष आग्रह गर्नुभयो।

मिति २०७३/०१/२० मा आयोगले निर्वाचनसम्बन्धी विभिन्न कार्यमा आर्थिक तथा प्राविधिक सहयोग गर्दै आएका विभिन्न देशका राजदूत, दातृनिकायका प्रतिनिधि र अर्थ तथा परराष्ट्र मन्त्रालयका प्रतिनिधिसहितको उपस्थितिमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्‍यो। आयोगका तर्फबाट भएको प्रस्तुतीकरण पश्चात् कार्यक्रमका सहभागीहरूबाट उठाइएका जिज्ञासाको जवाफ कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले दिनुभयो। कार्यक्रममा आयोगका तर्फबाट सचिव श्री शारदाप्रसाद त्रिताल र अमेरिका, फिनल्याण्ड, बङ्गलादेश, दक्षिण कोरिया तथा डेनमार्कका राजदूतका साथै भारत, चीन, नर्वे, जापान, स्वीट्जरल्याण्ड तथा अष्ट्रेलियाका राजदूतका प्रतिनिधि लगायत युरोपियन युनियन, UNDP, DFID, USAID, IFES, JICA, The Asia Foundation, International IDEA लगायतका सहयोगी संस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो।

# १२.५. विदाइ

निर्वाचन आयोगमा २०७२ साल जेठ ३ गतेदेखि दोस्रोपटक कार्यवाहक प्रमुख निर्वाचन आयुक्तको पदभार सम्हाल्नुभएका निर्वाचन आयुक्त श्री दोलखबहादुर गुरुङ ६५ वर्ष उमेर हदका कारण मिति २०७२/०५/११ देखि अवकाश हुनुहुने भएकाले आयोगले २०७२ भदौ १० गते उहाँको विदाइ कार्यक्रमको आयोजना गर्‍यो। २०६३ साल पुस ३० गतेदेखि २०६९ साल कार्तिक २२ गतेसम्म निर्वाचन आयुक्त र २०६९ साल कार्तिक २३ गतेदेखि २०६९ साल पुस २६ गतेसम्म कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रहिसक्नुभएका उहाँ २०६९ साल चैत ११ गते दोस्रोपटक निर्वाचन आयुक्तमा नियुक्त हुनुभएको थियो।

# परिच्छेद १३
# प्रमुख समस्या तथा चुनौतीहरू

## १३.१. प्रमुख समस्या तथा चुनौतीहरू

प्रतिवेदन वर्षमा आयोगको कार्य सञ्चालन गर्ने क्रममा आइपरेका मुख्य-मुख्य समस्या तथा चुनौतीहरू देहायबमोजिम उल्लेख गरिएको छ :

१. नेपालको संविधानअनुसार विभिन्न तहको निर्वाचन व्यवस्थापनका लागि पूर्वतयारी गर्ने,

२. नेपालको संविधानअनुरूप निर्वाचनसम्बन्धी कानून, नियमावली आदिको निर्माण,

३. फोटोसहितको मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यलाई थप प्रभावकारी बनाउने,

४. मतदाता परिचयपत्रलाई स्थायी प्रकृतिको बनाउने,

५. विदेशमा रहेका मतदाता बन्न योग्य नेपाली नागरिकको नाम मतदाता नामावलीमा दर्ता गराउने,

६. निर्वाचन व्यवस्थापनमा नवीन प्रविधिको प्रयोग गरी निर्वाचन व्यवस्थापनलाई छिटो/छरितो र विश्वसनीय बनाउने,

७. राजनीतिक दलको नियमन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने,

८. निर्वाचन व्यवस्थापनका प्रत्येक चरणमा लैङ्गिक तथा सामाजिक समावेशिता सुनिश्चित गर्ने,

९. आयोगको संस्थागत स्मरण (Institutional Memory) लाई मजबुत गराउने,

१०. अनुगमन तथा मूल्याङ्कनलाई वस्तुनिष्ठ नतिजामा आधारित र विश्वसनीय बनाउने,

११. आयोग र अन्तर्गत कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी स्थायित्व कायम गर्ने,

१२. भूकम्पले क्षतिग्रस्त भएका मतदान केन्द्र/स्थल पुनर्निर्माण गर्ने,

१३. मतदान स्थल/केन्द्रमा अपाङ्गमैत्री पूर्वाधार निर्माण गर्ने,

१४. जिल्ला निर्वाचन कार्यालयहरूको लागि जग्गा प्राप्त गरी आफ्नै भवन निर्माण गर्ने,

१५. स्थानीय जराधार (grass-root) तहसम्म निर्वाचन/मतदाता शिक्षा पुऱ्याई मतदातालाई सचेत गराउने,

१६. जिन्सी सामग्री तथा उपकरणको प्रभावकारी व्यवस्थापन गर्ने।

## १३.२. समस्या तथा चुनौती समाधानका लागि चालिनुपर्ने कदमहरू

उपरोक्त/उल्लिखित समस्या तथा चुनौतीहरू समाधान गर्न देहायबमोजिमका कदमहरू चाल्नुपर्ने देखिएको छ :

१. नेपालको संविधानमा व्यवस्था भएबमोजिम आयोगको पुनर्संरचना र मानवीय संसाधनको व्यवस्थापन गर्ने,

२. निर्वाचन र मतदाता शिक्षालाई व्यापक बनाउने,

३. फोटोसहितको मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यलाई थप प्रभावकारी बनाई मतदाता नामावलीलाई पूर्ण र शुद्ध बनाउने,

४. केन्द्र, जिल्ला र दर्तास्थलसम्म सम्बद्ध निकायहरू बीच प्रभावकारी समन्वय कायम गर्ने,

५. राजनीतिक दलसम्बन्धी कानून परिमार्जन तथा निर्माण गरी राजनीतिक दलको नियमन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने,

६. विदेशमा रहेका मतदाताहरूको नाम दर्ता तथा निर्वाचनमा सहभागी गराउने सम्बन्धमा अध्ययन, अनुसन्धान, कानून तर्जुमा र मतदाता नामावलीमा नाम दर्ता कार्यक्रम सञ्चालन गर्ने,

७. श्रोत-साधन र दक्ष जनशक्तिको व्यवस्था तथा नवीन प्रविधिको प्रयोगको विस्तार गरी निर्वाचन व्यवस्थापनलाई छिटो/छरितो र विश्वसनीय बनाउने,

८. मतदाता परिचयपत्रलाई स्थायी प्रकृतिको बनाउने र सम्पूर्ण मतदातामाझ यसको महत्त्वबारे सचेतना प्रवाह गर्ने,

९. आयोग र अन्तर्गत कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने र उनीहरूको मनोबल उच्च राख्दै स्थायित्व कायम गर्ने,

१०. आयोगको क्षेत्राधिकारसँग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान, अनुभव आदानप्रदान एवं सूचना तथा तथ्याङ्कलाई अद्यावधिक, एकीकृत तथा सङ्ग्रहित गरी संस्थागत स्मरणलाई मजबुत बनाउने,

११. मतदान स्थल/केन्द्रहरूमा अपाङ्गमैत्री पूर्वाधार निर्माण गर्ने कार्यलाई प्राथमिकता दिई कार्य अगाडि बढाउने,

१२. अनुगमन तथा मूल्याङ्कनलाई वस्तुनिष्ठ, नतिजामा आधारित र विश्वसनीय बनाउने,

१३. जिन्सी सामग्री तथा उपकरणको मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने तथा बदलिँदो परिस्थितिअनुसार नयाँ सामग्री तथा उपकरण प्राप्ति गर्ने,

१४. जिल्ला निर्वाचन कार्यालयहरूको लागि जग्गा प्राप्ति कार्यलाई तीब्रता दिँदै जग्गा प्राप्त भएका कार्यालयहरूको भवन निर्माण गर्ने।

♦

# अनुसूचीहरू

# अनुसूची - १

## प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्तको कार्य विभाजन

(प्रतिवेदनको खण्ड १.२ सँग सम्बन्धित)

### १. प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव

(क) संस्थागत पुनर्संरचना

(ख) प्रविधि

(ग) वैदेशिक सम्बन्ध र सहयोग

(घ) तालिम तथा निर्वाचन शिक्षा

(ङ) योजना तथा अनुगमन

### २. निर्वाचन आयुक्त श्री इला शर्मा

(क) निर्वाचन कानून, नियमावली तथा निर्देशिका

(ख) राजनीतिक दल व्यवस्थापन

(ग) प्रेस, जनसम्पर्क, समन्वय एवं मिडिया अनुगमन

(घ) मतदाता नामावली

(ङ) मतदाता परिचयपत्र

(च) अध्ययन, अनुसन्धान तथा सर्वेक्षण

# अनुसूची - २
## आयोगबाट भएका महत्त्वपूर्ण निर्णयहरू

(प्रतिवेदनको खण्ड १.२ सँग सम्बन्धित)

वि.सं. २०७२ साल श्रावण १ देखि २०७३ साल असार मसान्तसम्म निर्वाचन आयोगका विभिन्न विषयमा बैठक बसी निर्णय भएका छन्। तीमध्ये केही महत्त्वपूर्ण विषयहरू देहायबमोजिम रहेका छन् :

| क्र.सं. | निर्णय मिति | विषय |
|---|---|---|
| १ | २०७२/४/३ | नेपालको संविधानको प्रारम्भिक मसौदामा सुझाव पेश गर्ने सम्बन्धमा |
| २ | २०७२/४/८ | जिल्ला तथा इलाका प्रशासन कार्यालयहरूमा मतदाता दर्ता कार्यक्रम सञ्चालन गर्ने |
| ३ | २०७२/४/११ | सङ्घीय समाजवादी फोरम नेपाल नामको राजनीतिक दल दर्ता भएको सम्बन्धमा |
| ४ | २०७२/४/१२ | श्रीलङ्कामा हुने संसदीय निर्वाचनमा पर्यवेक्षक पठाउने सम्बन्धमा |
| ५ | २०७२/५/४ | वार्षिक आयव्ययको विवरण पेश नगर्ने राजनीतिक दलहरूलाई सफाइ पेश गर्ने मौका दिने सम्बन्धमा |
| ६ | २०७२/५/४ | दल दर्ता सम्बन्धमा |
| ७ | २०७२/५/९ | IFES सँगको MoU Extension सम्बन्धमा |
| ८ | २०७२/५/९ | SAIDES स्थापनाका लागि अवधारणा पत्र सम्बन्धमा |
| ९ | २०७२/५/९ | Electoral Support Project Phase II को Extension सम्बन्धमा |
| १० | २०७२/५/९ | नेपालको निर्वाचन इतिहास नामक पुस्तक लेखन र प्रकाशन सम्बन्धमा |
| ११ | २०७२/५/९ | निर्वाचन आयुक्त श्री इला शर्माको मनोनयन सम्बन्धमा |

| क्र.सं. | निर्णय मिति | विषय |
|---|---|---|
| १२ | २०७२/५/२० | श्रीलङ्कामा हुने FEMBoSA को छैटौं बैठकमा सहभागी हुने सम्बन्धमा |
| १३ | २०७२/५/२४ | माननीय सभासद अमर सिंह पुन मगरको ठेगाना सच्याइदिने सम्बन्धमा |
| १४ | २०७२/६/७ | निर्वाचन प्रक्रिया, राजनीतिक वित्त तथा निर्वाचन न्यायसम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालनार्थ स्रोत सामग्री तयार गर्ने सम्बन्धमा |
| १५ | २०७२/६/७ | राजनीतिक दलको आय-व्ययको विवरण लेखा परीक्षण तथा निर्वाचन खर्चसम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा |
| १६ | २०७२/६/७ | निर्वाचन आयोग (बैठक सञ्चालन) कार्यविधि, २०७२ स्वीकृत गर्ने सम्बन्धमा |
| १७ | २०७२/६/७ | कार्य विभाजन सम्बन्धमा |
| १८ | २०७२/६/११ | राष्ट्रिय प्रजातन्त्र पार्टीको केन्द्रीय कार्यसमितिको आधिकारिक र अद्यावधिक विवरण माग गर्ने सम्बन्धमा |
| १९ | २०७२/६/११ | राष्ट्रिय सूचना आयोगको आदेश पुनरावलोकन गर्ने सम्बन्धमा |
| २० | २०७२/६/२९ | निर्वाचन सञ्चालन दिग्दर्शन पुस्तिका तयार गर्ने सम्बन्धमा |
| २१ | २०७२/६/२९ | Electoral Risk Management Conference मा सहभागी हुने सम्बन्धमा |
| २२ | २०७२/७/१ | राष्ट्रिय प्रजातन्त्र पार्टीका दुई समूहलाई भनाइ पेश गर्न म्याद दिने सम्बन्धमा |
| २३ | २०७२/७/२० | मतदान केन्द्र पुनरावलोकनको मापदण्ड स्वीकृति सम्बन्धमा |
| २४ | २०७२/७/३० | मतदाता दर्ता कार्यको लागि ल्यापटप कम्प्युटर प्राप्त गर्ने सम्बन्धमा |

| क्र.सं. | निर्णय मिति | विषय |
|---|---|---|
| २५ | २०७२/८/३ | The Use of Money in Politics and Effects on People's Representation विषयक कार्यक्रममा सहभागी हुने सम्बन्धमा |
| २६ | २०७२/८/४ | पाकिस्तान अध्ययन भ्रमण सम्बन्धमा |
| २७ | २०७२/८/६ | राष्ट्रिय प्रजातन्त्र पार्टीको आधिकारिकताको विवाद सम्बन्धमा कारवाही तामेलीमा राख्ने सम्बन्धमा |
| २८ | २०७२/८/७ | जिल्ला तथा इलाका प्रशासन कार्यालयहरूमा मतदाता दर्ता कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा |
| २९ | २०७२/८/८ | Informal Cambridge Workshop on Electoral Good Practices in the National Jurisdiction in the SAARC Regions मा सहभागिता सम्बन्धमा |
| ३० | २०७२/८/२७ | Global Exhibition of Best Practices in Voter Education and Use of Technology in Elections मा सहभागी हुने सम्बन्धमा |
| ३१ | २०७२/८/२७ | SAIDES स्थापना तथा सञ्चालनका लागि संशोधित अवधारणा पत्र सम्बन्धमा |
| ३२ | २०७२/८/२७ | निर्वाचन दिवस मनाउनेसम्बन्धी अवधारणा पत्र, २०७२ स्वीकृत गर्ने सम्बन्धमा |
| ३३ | २०७२/९/७ | National Voters' Day Celebration मा सहभागी हुने सम्बन्धमा |
| ३४ | २०७२/९/७ | निर्वाचनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक स्वीकृत गरी आवश्यक कारवाहीको लागि पठाउने सम्बन्धमा |
| ३५ | २०७२/९/२२ | इन्डोनेशिया अध्ययन भ्रमण सम्बन्धमा |
| ३६ | २०७२/९/२९ | सरोकारवालासँग अन्तरक्रिया तथा छलफल कार्यक्रम गर्ने सम्बन्धमा |
| ३७ | २०७२/१०/३ | मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रमसम्बन्धी (पुनर्ताजगी) प्रशिक्षण स्रोत पुस्तिका स्वीकृति सम्बन्धमा |
| ३८ | २०७२/१०/३ | Prefab House निर्माण कार्य रद्द गर्ने सम्बन्धमा |

| क्र.सं. | निर्णय मिति | विषय |
|---|---|---|
| ३९ | २०७२/१०/३ | दक्षिण अफ्रिका अध्ययन भ्रमण सम्बन्धमा |
| ४० | २०७२/१०/५ | सैद्धान्तिक सहमतिको लागि पठाउने सम्बन्धमा |
| ४१ | २०७२/११/२ | निर्वाचन अनुगमन कार्यविधि निर्माण समिति गठन गर्ने सम्बन्धमा |
| ४२ | २०७२/११/१० | आ.व. ०७१/७२ को वार्षिक प्रतिवेदन सम्बन्धमा |
| ४३ | २०७२/११/१७ | निर्वाचनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक प्रस्तावित मसौदाको दफा ७१क. मा संशोधनका सम्बन्धमा |
| ४४ | २०७२/११/१९ | राजनीतिक दलहरूको कार्यकारिणी समितिमा समानुपातिक समावेशी प्रतिनिधित्व सम्बन्धमा |
| ४५ | २०७२/११/२१ | आय-व्ययको विवरणको वार्षिक प्रतिवेदन नबुझाउने राजनीतिक दलहरूलाई कारवाही गर्ने सम्बन्धमा |
| ४६ | २०७२/११/२८ | जिल्ला तथा इलाका प्रशासन कार्यालयहरूमा मतदाता दर्ता कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा |
| ४७ | २०७२/१२/७ | सैद्धान्तिक सहमति माग गर्ने सम्बन्धमा |
| ४८ | २०७२/१२/१६ | सैद्धान्तिक सहमति माग गर्ने सम्बन्धमा |
| ४९ | २०७२/१२/२६ | Joint EC-UNDP Thematic Workshop, Brussels (May 18-20, 2016) मा सहभागिता सम्बन्धमा |
| ५० | २०७२/१२/३० | कार्यविभाजन (संशोधन) सम्बन्धमा |
| ५१ | २०७२/१२/३० | राजनीतिक दल दर्ता किताबमा राजनीतिक दलको विवरण समावेश गर्ने सम्बन्धमा |
| ५२ | २०७३/१/२ | राजनीतिक दलहरूको महाधिवेशन सम्बन्धमा |
| ५३ | २०७३/१/९ | आ.व. ०७३/०७४ को आयोगको नीति तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा |
| ५४ | २०७३/१/९ | निर्वाचन पर्यवेक्षण सम्बन्धमा |
| ५५ | २०७३/१/१२ | नेपालको निर्वाचन इतिहास नामक पुस्तकको सम्पादन सम्बन्धमा |
| ५६ | २०७३/१/२० | निर्वाचन पर्यवेक्षण सम्बन्धमा |

| क्र.सं. | निर्णय मिति | विषय |
|---|---|---|
| ५७ | २०७३/१/२३ | विद्युतीय मतदान उपकरणको प्रयोगबारे अध्ययन, अवलोकन भ्रमण सम्बन्धमा |
| ५८ | २०७३/१/२४ | फिलिपिन्स अध्ययन भ्रमण सम्बन्धमा |
| ५९ | २०७३/१/२४ | नेपालको संविधानमा निर्वाचन र यससँग सम्बन्धित केही जानकारी नामक पुस्तिकाको छपाइ सम्बन्धमा |
| ६० | २०७३/१/३० | SAIDES स्थापनासम्बन्धी विस्तृत परियोजना प्रस्ताव र परियोजना डकुमेण्ट तयार पार्ने परामर्शदाताको नियुक्ति सम्बन्धमा |
| ६१ | २०७३/१/३१ | निर्वाचन अनुगमन कार्यविधि अध्ययन भ्रमण सम्बन्धमा |
| ६२ | २०७३/१/३१ | लैङ्गिक तथा समावेशी कार्ययोजना (२०७२ पौष-२०७५ आषाढ) स्वीकृत गर्ने सम्बन्धमा |
| ६३ | २०७३/२/११ | राजनीतिक दल दर्ता किताबमा राजनीतिक दलको विवरण समावेश गर्ने सम्बन्धमा |
| ६४ | २०७३/२/२० | 12th International Electoral Affairs Symposium, June 13-14, 2016, Namibia मा सहभागिता सम्बन्धमा |
| ६५ | २०७३/२/२३ | अष्ट्रेलिया भ्रमण सम्बन्धमा |
| ६६ | २०७३/२/२५ | राजनीतिक दलसम्बन्धी ऐन, २०७३ निर्वाचन आयोग ऐन, २०७३ र मतदाता नामावलीसम्बन्धी ऐन, २०७३ का विधेयक मसौदालाई गृह मन्त्रालय पठाउने सम्बन्धमा |
| ६७ | २०७३/२/२६ | क्षेत्रीय कार्यशाला गोष्ठी सम्बन्धमा |
| ६८ | २०७३/२/२६ | वार्षिक आयव्ययको विवरण पेश नगर्ने दलहरूलाई सफाइ पेश गर्न मौका दिने सम्बन्धमा |
| ६९ | २०७३/२/३१ | FEMBoSA को सातौं बैठकमा सहभागिता सम्बन्धमा |

| क्र.सं. | निर्णय मिति | विषय |
|---|---|---|
| ७० | २०७३/२/३२ | इलाका प्रशासन कार्यालय बाबियाचौर, सुर्खेतमा मतदाता दर्ता कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा |
| ७१ | २०७३/२/३२ | Association of Asian Election Authorities (AAEA) को Annual Subscription सम्बन्धमा |
| ७२ | २०७३/३/३ | भारतसँग भएको Memorandum of Understading (MoU) को अवधि नवीकरण गर्ने सम्बन्धमा |
| ७३ | २०७३/३/१३ | सैद्धान्तिक सहमति माग गर्ने सम्बन्धमा |
| ७४ | २०७३/३/१३ | लैंङ्गिक तथा समावेशी कार्ययोजना (२०७२ पौष-२०७५ असार) को संशोधन स्वीकृत गर्ने सम्बन्धमा |
| ७५ | २०७३/३/१६ | वार्षिक आयव्ययको विवरण पेश नगर्ने दलहरूको सूची संशोधन सम्बन्धमा |
| ७६ | २०७३/३/१९ | परामर्शदाताको म्याद थप सम्बन्धमा |
| ७७ | २०७३/३/२६ | SAIDES स्थापनासम्बन्धी विस्तृत परियोजना प्रस्ताव र परियोजना डकुमेण्ट तयार पार्ने राष्ट्रिय परामर्शदाताको नियुक्ति सम्बन्धमा |
| ७८ | २०७३/३/२६ | नेपाल सद्भावना पार्टीको विवरण अभिलेखीकरण गर्ने सम्बन्धमा |
| ७९ | २०७३/३/२७ | आ.व.२०७२/०७३ को वार्षिक प्रतिवेदन तयारी सम्बन्धमा |
| ८० | २०७३/३/२९ | जिल्ला तथा इलाका प्रशासन कार्यालयहरूमा मतदाता दर्ता कार्यक्रम सञ्चालन गर्ने |

# अनुसूची - ३
## निर्वाचन आयोगको सङ्गठन तालिका
(प्रतिवेदनको खण्ड १.२ सँग सम्बन्धित)

**निर्वाचन आयोग, नेपाल**

**प्रमुख निर्वाचन आयुक्त**

**निर्वाचन आयुक्त** | **निर्वाचन आयुक्त** | **निर्वाचन आयुक्त** | **निर्वाचन आयुक्त**

**सचिव (रा.प.विशिष्ट)**

### प्रशासन महाशाखा
सह-सचिव (प्रशासन)

**प्रशासन शाखा**

| | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | ४ |
| (क.प्र १, जिन्सी १, निजी सचिवालय २) | |
| टेलिफोन अपरेटर | १ |
| नायब सुब्बा | १२ |
| (क.प्र. १, जिन्सी २, निजी सचिवालय ९) | |
| कम्प्युटर अपरेटर | ३ |
| खरिदार | ३ |
| हलुका सवारी चालक | २० |
| इलेक्ट्रिसियन | १ |
| माली | १ |
| कुचीकार | ४ |
| कार्यालय सहयोगी | २२ |
| **जम्मा** | **७२** |

**आर्थिक प्रशासन शाखा**

| | |
|---|---|
| उपसचिव | १ |
| लेखा अधिकृत | २ |
| लेखापाल | ५ |
| कम्प्यूटर अपरेटर | १ |
| टा.ना.सु. | १ |
| कार्यालय सहयोगी | १ |
| **जम्मा** | **११** |

**योजना, अनुगमन तथा समावेशीकरण शाखा**

| | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | २ |
| नायब सुब्बा | १ |
| खरिदार | १ |
| कम्प्यूटर अपरेटर | १ |
| कार्यालय सहयोगी | १ |
| **जम्मा** | **७** |

### निर्वाचन व्यवस्थापन महाशाखा
सहसचिव (प्रशासन)

**मतदाता नामावली शाखा**

| | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | २ |
| नायब सुब्बा | १ |
| कम्प्यूटर अपरेटर | १ |
| खरिदार | १ |
| कार्यालय सहयोगी | १ |
| **जम्मा** | **७** |

**निर्वाचन सञ्चालन शाखा**

| | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | २ |
| नायब सुब्बा | १ |
| कम्प्यूटर अपरेटर | १ |
| खरिदार | १ |
| कार्यालय सहयोगी | १ |
| **जम्मा** | **७** |

**निर्वाचन तथ्यांक, भू-सूचना तथा जोखिम विश्लेषण शाखा**

| | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | १ |
| तथ्यांक शास्त्री | १ |
| कम्प्युटर इन्जिनियर | १ |
| नायब सुब्बा | १ |
| कम्प्यूटर अपरेटर | १ |
| कार्यालय सहयोगी | १ |
| **जम्मा** | **७** |

### कानून तथा राजनैतिक दलसम्बन्ध महाशाखा
सह-सचिव (कानून)

**कानून शाखा**

| | |
|---|---|
| उपसचिव (कानून) | १ |
| कानून अधिकृत (कानून) | १ |
| शाखा अधिकृत | १ |
| नायब सुब्बा | १ |
| कम्प्यूटर अपरेटर | १ |
| खरिदार | १ |
| कार्यालय सहयोगी | १ |
| **जम्मा** | **७** |

**राजनीतिक दलसम्बन्ध शाखा**

| | |
|---|---|
| उपन्यायाधिवक्ता (स. वकिल) | १ |
| कानून अधिकृत (स. वकिल)) | १ |
| शाखा अधिकृत | १ |
| नायब सुब्बा | २ |
| कम्प्यूटर अपरेटर | १ |
| खरिदार | १ |
| कार्यालय सहयोगी- | १ |
| **जम्मा** | **८** |

### सूचना प्रविधि व्यवस्थापन महाशाखा
सह-सचिव, सूचना प्रविधि (विविध)

**सूचना प्रविधि सञ्चालन शाखा**

| | |
|---|---|
| वरिष्ट कम्प्यूटर अधिकृत | १ |
| कम्प्यूटर इन्जिनियर | २ |
| कम्प्यूटर अधिकृत | ३ |
| मेसिन मेकानिक्स | १ |
| मुद्रण अधिकृत | १ |
| कार्यालय सहयोगी | १ |
| **जम्मा** | **९** |

**सूचना प्रणाली व्यवस्थापन शाखा**

| | |
|---|---|
| वरिष्ट कम्प्यूटर अधिकृत | १ |
| कम्प्यूटर इन्जिनियर | २ |
| कम्प्यूटर अधिकृत | २ |
| कार्यालय सहयोगी | १ |
| **जम्मा** | **६** |

**७५ जिल्ला निर्वाचन कार्यालय**

| | |
|---|---|
| क्षेत्रीय निर्वाचन अधिकारी (रा.प.द्वितीय) | ५ |
| जिल्ला निर्वाचन अधिकारी (रा.प.तृतीय) | ७० |
| शाखा अधिकृत (रा.प.तृतीय) | ५ |
| कम्प्यूटर अधिकृत (रा.प.तृतीय) | ५ |
| नायब सुब्बा (रा.प.अनं.प्रथम) | ८९ |
| लेखापाल (रा.प.अनं.प्रथम) | ७५ |
| कम्प्यूटर अपरेटर (राप.अनं.प्रथम) | ९९ |
| हलुका सवारी चालक | ७१ |
| कार्यालय सहयोगी (श्रेणी विहिन) | १५० |
| **जम्मा** | **५६९** |

### निर्वाचन शिक्षा, तालिम तथा वैदेशिक सम्बन्ध महाशाखा
सह-सचिव (प्रशासन)

**निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा**

| | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | ३ |
| (तालिम, शिक्षा तथा सञ्चार) | |
| ना.सु. | १ |
| टा.ना.सु. | १ |
| क्यामेराम्यान/फोटोग्राफर | १ |
| कम्प्यूटर अपरेटर | १ |
| कार्यालय सहयोगी | १ |
| **जम्मा** | **९** |

**अध्ययन अनुसन्धान तथा वैदेशिक सम्बन्ध शाखा**

| | |
|---|---|
| उपसचिव | १ |
| शाखा अधिकृत | २ |
| (अध्ययन, अनुसन्धान र वैदेशिक सम्बन्ध) | |
| पुस्तकालय अधिकृत | १ |
| पुस्तकालय सहायक | १ |
| नायब सुब्बा | १ |
| कम्प्यूटर अपरेटर | १ |
| कार्यालय सहयोगी | १ |
| **जम्मा** | **८** |

| | |
|---|---|
| **केन्द्रतर्फको जम्मा** | **१६४** |
| **जिल्लाको जम्मा** | **५६९** |
| **आयोग र जिल्लाको जम्मा** | **७३३** |

# अनुसूची - ४

## लैङ्गिकता र समावेशीकरणका क्षेत्रमा सञ्चालन भएका तालिम/अभिमुखीकरण/ अन्तरक्रिया कार्यक्रमहरूको विवरण

(प्रतिवेदनको खण्ड ३.२.२ सँग सम्बन्धित)

| क्र.सं. | कार्यक्रम | मिति | सहभागी | स्थान | सहभागी सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पुरुष | महिला | जम्मा |
| १ | लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक परीक्षण तालिम | २९ र ३० असोज | निर्वाचन आयोगका अधिकृतस्तरका कर्मचारीहरू | निर्वाचन आयोग | २३ | ६ | २९ |
| २ | लैङ्गिक तथा समावेशीकरण नीति तथा सोको रणनीति, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र लैङ्गिक तथा समावेशी मैत्री सञ्चारसम्बन्धी अभिमुखीकरण कार्यक्रम | १९ कार्तिक | निर्वाचन आयोगका राजपत्राङ्कित तथा रा.प.अनंकित कर्मचारीहरू | निर्वाचन आयोग | १७ | ११ | २८ |
| ३ | लैङ्गिक तथा समावेशीकरण नीति तथा सोको रणनीति, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र लैङ्गिक तथा समावेशी मैत्री सञ्चारसम्बन्धी अभिमुखीकरण कार्यक्रम | २३ कार्तिक | निर्वाचन आयोगका राजपत्राङ्कित तथा रा.प.अनङ्कित कर्मचारीहरू | निर्वाचन आयोग | २७ | ३ | ३० |

| क.सं. | कार्यक्रम | मिति | सहभागी | स्थान | सहभागी सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पुरुष | महिला | जम्मा |
| ४ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अन्तर्राष्ट्रिय अभियान अन्तर्गत निर्वाचन तथा राजनीतिमा महिला सहभागिता एवं निर्वाचन प्रक्रियामा हुने लैङ्गिक हिंसा विषयक अन्तरक्रिया | मंसिर १४ | • महिला अधिकारवादी संस्था<br>• राजनीतिक दलका प्रतिनिधि<br>• सञ्चार माध्यम<br>• पर्यवेक्षक संस्था<br>• आदिवासी, जनजाति, दलित, मधेशी र अपाङ्गता भएकासँग सम्बन्धित संस्थाहरू | निर्वाचन आयोग | २६ | ३६ | ६२ |
| ५ | एकल, सीमान्तकृत तथा पिछडिएका एवं अपाङ्गता भएका महिलाहरूको राजनीतिक प्रकृयामा सहभागिता अभिवृद्धिका लागि अभिमुखीकरण र प्रशिक्षण कार्यक्रम | मंसिर १६ | एकल, सीमान्तकृत, दलित एवं अपाङ्गता भएका महिलाहरू | भक्तपुर | ० | ३७ | ३७ |
| ६ | निर्वाचन प्रक्रियामा पहुँचसम्बन्धी ब्रिज प्रशिक्षण | पुस ६,८ | निर्वाचनका लैङ्गिक सम्पर्क व्यक्ति, महिला अधिकारवादी संस्थाहरू | चितवन | १३ | १२ | २५ |

| क.सं. | कार्यक्रम | मिति | सहभागी | स्थान | सहभागी सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पुरुष | महिला | जम्मा |
| ७ | निर्वाचनमा लैङ्गिक तथा समावेशितासम्बन्धी अन्तरक्रिया | पुस ९ | • सञ्चार माध्यम<br>• जिल्लाका सक्रिय महिला संस्था<br>• जिल्लाका सक्रिय राजनीतिक दलका प्रतिनिधि<br>• जिल्लाका सक्रिय गैरसरकारी संस्थाहरू<br>• आदिवासी, जनजाति, दलित, मधेशी र अपाङ्गता भएकासँग सम्बन्धित संस्थाहरू | चितवन | ३२ | २३ | ५५ |
| ८ | निर्वाचनमा लैङ्गिक, समावेशिता तथा लैङ्गिक हिंसासम्बन्धी अन्तरक्रिया | पुस १० | • सञ्चार माध्यम<br>• जिल्लाका सक्रिय महिला संस्था<br>• जिल्लाका सक्रिय राजनीतिक दलका प्रतिनिधि<br>• जिल्लाका सक्रिय गैरसरकारी संस्थाहरू<br>• आदिवासी, जनजाति, दलित, मधेशी र अपाङ्गता भएकासँग सम्बन्धित संस्थाहरू | हेटौंडा | २३ | २५ | ४८ |

| क्र.सं. | कार्यक्रम | मिति | सहभागी | स्थान | सहभागी सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पुरुष | महिला | जम्मा |
| ९ | निर्वाचनमा लैङ्गिक, समावेशिता तथा लैङ्गिक हिंसासम्बन्धी अन्तरक्रिया | मंसिर २३ | • सञ्चार माध्यम<br>• जिल्लाका सक्रिय महिला संस्था<br>• जिल्लाका सक्रिय राजनीतिक दलका प्रतिनिधि<br>• जिल्लाका सक्रिय गैरसरकारी संस्थाहरू<br>• आदिवासी, जनजाति, दलित, मधेशी र अपाङ्गता भएकासँग सम्बन्धित संस्थाहरू | धुलिखेल | १० | १५ | २५ |
| १० | निर्वाचनमा लैङ्गिक, समावेशिता तथा लैङ्गिक हिंसासम्बन्धी अन्तरक्रिया | मंसिर २५ | • सञ्चार माध्यम<br>• जिल्लाका सक्रिय महिला संस्था<br>• जिल्लाका सक्रिय राजनीतिक दलका प्रतिनिधि<br>• जिल्लाका सक्रिय गैरसरकारी संस्थाहरू<br>• आदिवासी, जनजाति, दलित, मधेशी र अपाङ्गता भएकासँग सम्बन्धित संस्थाहरू | पोखरा | ११ | १० | २१ |

| क्र.सं. | कार्यक्रम | मिति | सहभागी | स्थान | सहभागी सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पुरुष | महिला | जम्मा |
| ११ | निर्वाचनमा लैङ्गिक, समावेशिता तथा लैङ्गिक हिंसासम्बन्धी अन्तरक्रिया | फागुन २ | • सञ्चार माध्यम<br>• जिल्लाका सक्रिय महिला संस्था<br>• जिल्लाका सक्रिय राजनीतिक दलका प्रतिनिधि<br>• जिल्लाका सक्रिय गैरसरकारी संस्थाहरू<br>• आदिवासी, जनजाति, दलित, मधेशी र अपाङ्गता भएकासँग सम्बन्धित संस्थाहरू | झापा | ३२ | १७ | ४९ |
| १२ | निर्वाचनमा लैङ्गिक, समावेशिता तथा लैङ्गिक हिंसासम्बन्धी अन्तरक्रिया | फागुन २ | • सञ्चार माध्यम<br>• जिल्लाका सक्रिय महिला संस्था<br>• जिल्लाका सक्रिय राजनीतिक दलका प्रतिनिधि<br>• जिल्लाका सक्रिय गैरसरकारी संस्थाहरू<br>• आदिवासी, जनजाति, दलित, मधेशी र अपाङ्गता भएकासँग सम्बन्धित संस्थाहरू | सिन्धुली | १७ | १३ | ३० |
| १३ | लैङ्गिक तथा समावेशी तवरले कानूनी मसौदा लेखनसम्बन्धी तालिम | चैत्र १० | आयोगका सह सचिव, उप सचिव, शाखा अधिकृत तथा ना.सु. स्तरका कर्मचारीहरू | निर्वाचन आयोग | ३२ | ५ | ३७ |

| क्र.सं. | कार्यक्रम | मिति | सहभागी | स्थान | सहभागी सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पुरुष | महिला | जम्मा |
| १४ | प्रशानिक नेतृत्व विकास तालिम | चैत्र १४ देखि १६ | • आयोगका उप सचिव, शा.अ., ना.सु. तथा खरिदारस्तरका महिला कर्मचारीहरू<br>• आयोग अन्तरगत महिला जिल्ला निर्वाचन अधिकारीहरू ६ जना तथा उपत्यका र सिराहाबाट ना.सु. स्तरका महिला कर्मचारीहरू | ललितपुर | ० | २५ | २५ |
| १५ | लैङ्गिक तथा समावेशीकरण नीति तथा सोको रणनीति, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र लैङ्गिक तथा समावेशी मैत्री सञ्चारसम्बन्धी अभिमुखीकरण कार्यक्रम | असार ४ र ११ गते | आयोगका ना.सु. स्तरका कर्मचारीहरू, सवारी चालक तथा कार्यालय सहयोगी | निर्वाचन आयोग | ५६ | २१ | ७७ |
| जम्मा | | | | | ३१९ | २५९ | ५७८ |

# अनुसूची - ५

## निरन्तर मतदाता दर्ताको मासिक तथा वार्षिक विवरण

(प्रतिवेदनको खण्ड ४.१.१ सँग सम्बन्धित)

| महिना | जिल्ला निर्वाचन कार्यालय | | | | जिल्ला प्रशासन कार्यालय | | | | इलाका प्रशासन कार्यालय | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | ते. लि. | जम्मा | महिला | पुरुष | ते. लि. | जम्मा | महिला | पुरुष | ते. लि. | जम्मा | महिला | पुरुष | ते. लि. | जम्मा |
| साउन | ४७६ | ८४९ | ० | १३२५ | ९८८० | १४७७६ | ० | २४६५६ | २८६९ | ३५५३ | ० | ६४२२ | १३२२५ | १९१७८ | ० | ३२४०३ |
| भदौ | ४४६ | ६५८ | ० | ११०४ | ७४१२ | ९८८० | ० | १७२९२ | १३६० | १७७४ | ० | ३१३४ | ९२१८ | १२३१२ | ० | २१५३० |
| असोज | १३५ | २५८ | ० | ३९३ | ६६२२ | ८२३६ | ० | १४८५८ | १३५२ | १५९८ | ० | २९५० | ८१०९ | १००९२ | ० | १८२०१ |
| कार्तिक | १६५ | ३२६ | ० | ४९१ | ६३५१ | ९६३६ | ० | १५९८७ | १५६६ | २४३९ | ० | ४००५ | ८०८२ | १२४०१ | ० | २०४८३ |
| मंसिर | ३२६ | ४९८ | ० | ८२४ | १०४८७ | १६१९१ | ० | २६६७८ | २३६९ | ३६१२ | ० | ५९८१ | १३१८२ | २०३०१ | ० | ३३४८३ |
| पुष | २९२ | ४५४ | ० | ७४६ | ११०४६ | १४९८६ | ० | २६०३२ | २९७७ | ३४०५ | ० | ६३८२ | १४३१५ | १८८४५ | ० | ३३१६० |
| माघ | ३६९ | ४९९ | ० | ८६८ | १०५९३ | १४०६६ | ० | २४६५९ | २६०९ | ३२२९ | ० | ५८३८ | १३५७१ | १७७९४ | ० | ३१३६५ |
| फगुन | ४४५ | ८७७ | ० | १३२२ | ९२१३ | १२९५९ | ० | २२१७२ | २७५७ | ३१२० | ० | ५८७७ | १२४१५ | १६९५६ | ० | २९३७१ |
| चैत्र | ७१९ | ११५० | ० | १८६९ | ११७५८ | १४४६८ | ० | २६२२६ | ३१८७ | ३५०५ | ० | ६६९२ | १५६६४ | १९१२३ | ० | ३४७८७ |
| वैशाख | ७१५ | ११४१ | ० | १८५६ | १२००२ | १७०७३ | ० | २९०७५ | ३०६४ | ४०६२ | ० | ७१२६ | १५७८१ | २२२७६ | ० | ३८०५७ |
| जेठ | ९४८ | १५७८ | ० | २५२६ | १७७९७ | २४४७१ | ० | ४२२६८ | ३६१४ | ४५०२ | ० | ८११६ | २२३५९ | ३०५५१ | ० | ५२९१० |
| असार | ११८७ | १३८२ | ० | २५६९ | १४६५१ | १७७१७ | ० | ३२३६८ | ३५९३ | ४०४५ | ० | ७६३८ | १९४३१ | २३१४४ | ० | ४२५७५ |
| जम्मा | ६२२३ | ९६७० | ० | १५८९३ | १२७८१२ | १७४४५९ | ० | ३०२२७१ | ३१३१७ | ३८८४४ | ० | ७०१६१ | १६५३५२ | २२२९७३ | ० | ३८८३२५ |

## अनुसूची - ६

### मतदाता नामावली सङ्कलन तथा अद्यावधिक (विशेष) कार्यक्रम-२०७२ जिल्लागत दर्ता विवरण

(प्रतिवेदनको खण्ड ४.१.२ सँग सम्बन्धित)

| क्र.सं. | जिल्ला | दर्ता विवरण | | | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | ते.लि. | जम्मा |
| | **प्रदेश नं. १** | | | | |
| १ | ताप्लेजुङ | ३९९ | ७५७ | ० | ११५६ |
| २ | पाँचथर | ५७१ | ११४८ | ० | १७१९ |
| ३ | इलाम | ८४४ | १२७८ | ० | २१२२ |
| ४ | सङ्खुवासभा | ४४९ | ८७६ | ० | १३२५ |
| ५ | तेह्रथुम | १४५ | ३५२ | ० | ४९७ |
| ६ | भोजपुर | ६५३ | १०४१ | ० | १६९४ |
| ७ | धनकुटा | ५७४ | ८८४ | ० | १४५८ |
| ८ | सोलुखुम्बु | ११८ | २१९ | ० | ३३७ |
| ९ | खोटाङ | ३०२ | ४४४ | ० | ७४६ |
| १० | ओखलढुङ्गा | ६८९ | ६५४ | ० | १३४३ |
| ११ | उदयपुर | ७८७ | ९६४ | ० | १७५१ |
| १२ | झापा | ४९११ | ५६१४ | ० | १०५२५ |
| १३ | मोरङ | ५२८४ | ६३२९ | ० | ११६१३ |
| १४ | सुनसरी | ३१५६ | ३३७८ | ० | ६५३४ |
| | **प्रदेश नं. २** | | | | |
| १५ | सप्तरी | १८९० | ३२८९ | ० | ५१७९ |
| १६ | सिरहा | ९०४ | २७५८ | ० | ३६६२ |
| १७ | धनुषा | २११७ | ६९८० | ० | ९०९७ |
| १८ | महोत्तरी | १०४९ | २८७२ | ० | ३९२१ |
| १९ | सर्लाही | १०४९ | २८७२ | ० | ३९२१ |
| २० | रौतहट | ८२६ | २१५८ | ० | २९८४ |
| २१ | बारा | १३११ | २७०७ | ० | ४०१८ |
| २२ | पर्सा | १५८० | २४८० | १ | ४०६१ |

| क.सं. | जिल्ला | दर्ता विवरण | | | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | ते.लि. | जम्मा |
| | **प्रदेश नं. ३** | | | | |
| २३ | दोलखा | ८११ | १०५७ | ० | १८६८ |
| २४ | रामेछाप | ६३० | ७४४ | ० | १३७४ |
| २५ | सिन्धुली | ६८८ | ९७१ | ० | १६५९ |
| २६ | रसुवा | १०२ | २९९ | ० | ४०१ |
| २७ | धादिङ | १०११ | १४६६ | ० | २४७७ |
| २८ | नुवाकोट | १०३६ | १३७१ | ० | २४०७ |
| २९ | काठमाडौं | १६५० | १७८४ | ० | ३४३४ |
| ३० | भक्तपुर | ४३६ | ३३६ | ० | ७७२ |
| ३१ | ललितपुर | ६३३ | ५९८ | ० | १२३१ |
| ३२ | काभ्रेपलाञ्चोक | १५९८ | १९०२ | ० | ३५०० |
| ३३ | सिन्धुपाल्चोक | ७४८ | १२३४ | ० | १९८२ |
| ३४ | मकवानपुर | १४०४ | १६५७ | ० | ३०६१ |
| ३५ | चितवन | २७७४ | २८२२ | ० | ५५९६ |
| | **प्रदेश नं. ४** | | | | |
| ३६ | गोरखा | ११७२ | १४६२ | ० | २६३४ |
| ३७ | मनाङ | ३३ | ३० | ० | ६३ |
| ३८ | मुस्ताङ | ६६ | ६८ | ० | १३४ |
| ३९ | लमजुङ | ५०५ | ८३८ | ० | १३४३ |
| ४० | कास्की | १०५९ | १४९३ | ० | २५५२ |
| ४१ | तनहुँ | ५८४ | ८६९ | ० | १४५३ |
| ४२ | स्याङ्जा | ६०६ | ९५१ | ० | १५५७ |
| ४३ | म्याग्दी | २३६ | ३०६ | ० | ५४२ |
| ४४ | बाग्लुङ | ८७० | १४१५ | ० | २२८५ |
| ४५ | पर्वत | ४०५ | ६५१ | ० | १०५६ |
| ४६ | नवलपरासी | ४७५१ | ५२०२ | ० | ९९५३ |

| क्र.सं. | जिल्ला | दर्ता विवरण | | | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | ते.लि. | जम्मा |
| | **प्रदेश नं. ५** | | | | |
| ४७ | गुल्मी | ५७३ | ९५९ | ० | १५३२ |
| ४८ | पाल्पा | ६८५ | १०३५ | ० | १७२० |
| ४९ | अर्घाखाँची | ८७२ | १०४८ | ० | १९२० |
| ५० | रूपन्देही | २४०० | २९१० | ० | ५३१० |
| ५१ | कपिलवस्तु | २०४६ | २९३४ | ० | ४९८० |
| ५२ | रुकुम | ३९५ | ५७० | ० | ९६५ |
| ५३ | रोल्पा | २७० | ५४४ | ० | ८१४ |
| ५४ | प्युठान | ४२३ | ६८२ | ० | ११०५ |
| ५५ | दाङ | २१६१ | १६७६ | ० | ३८३७ |
| ५६ | बाँके | १३७२ | १७७३ | ० | ३१४५ |
| ५७ | बर्दिया | १३५३ | १३७३ | ० | २७२६ |
| | **प्रदेश नं. ६** | | | | |
| ५८ | सल्यान | ५०० | ७९१ | ० | १२९१ |
| ५९ | डोल्पा | १५२ | १४४ | ० | २९६ |
| ६० | मुगु | १६८ | १९१ | ० | ३५९ |
| ६१ | जुम्ला | १३० | १९५ | ० | ३२५ |
| ६२ | कालिकोट | १७९ | २४२ | ० | ४२१ |
| ६३ | हुम्ला | २२४ | १७८ | ० | ४०२ |
| ६४ | जाजरकोट | ५५४ | ६७३ | ० | १२२७ |
| ६५ | दैलेख | ४५३ | ५९३ | ० | १०४६ |
| ६६ | सुर्खेत | ९९८ | ११०८ | ० | २१०६ |

| क्र.सं. | जिल्ला | दर्ता विवरण | | | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | ते.लि. | जम्मा |
| | | **प्रदेश नं. ७** | | | |
| ६७ | बाजुरा | ५१ | १२० | ० | १७१ |
| ६८ | अछाम | ३८३ | ४८० | ० | ८६३ |
| ६९ | बझाङ | २४० | ३९२ | ० | ६३२ |
| ७० | डोटी | ३६५ | ४८५ | ० | ८५० |
| ७१ | कैलाली | १४०१ | १३५२ | ० | २७५३ |
| ७२ | दार्चुला | १२५ | २०८ | ० | ३३३ |
| ७३ | बैतडी | ४२४ | ५२० | ० | ९४४ |
| ७४ | डडेलधुरा | २४६ | २६२ | ० | ५०८ |
| ७५ | कञ्चनपुर | १३५० | १३१७ | ० | २६६७ |
| | | **७३९०९** | **१०४३३५** | **१** | **१७८२४५** |

## अनुसूची - ७
## एकीकृत घुम्ती शिविरमा भएको मतदाता दर्ता विवरण

(प्रतिवेदनको खण्ड ४.१.३ सँग सम्बन्धित)

| क्र. सं. | जिल्ला | घुम्ती शिविर स्थल | जम्मा कार्य दिन | घुम्ति शिविरमा दर्ता सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | ते. लि. | जम्मा |
| १ | पाँचथर | ओयम | १ | ८३ | ६१ | ० | १४४ |
| २ | पाँचथर | अमरपुर | २ | ६९ | ६५ | ० | १३४ |
| ३ | रुकुम | पूर्तीमकाँडा | ४ | ७६ | ७२ | ० | १४८ |
| ४ | डोल्पा | धो | २ | ८१ | ५३ | ० | १३४ |
| ५ | पाँचथर | फलैचा | १ | २९ | ३० | ० | ५९ |
| ६ | पाँचथर | सिदिन, याङनाम | २ | २० | २३ | ० | ४३ |
| ७ | ताप्लेजुङ | लिङखिम | २ | ५१ | ४९ | ० | १०० |
| ८ | जाजरकोट | नायकवाडा रोकायगाउँ | २ | १९८ | २१५ | ० | ४१३ |
| ९ | डडेल्धुरा | रुपाल | १ | ८८ | १४५ | ० | २३३ |
| १० | सिन्धुपाल्चोक | अत्तरपुर | २ | १४४ | १२४ | ० | २६८ |
| ११ | ताप्लेजुङ | खेवाङ | १ | १०८ | १३८ | ० | २४६ |
| १२ | इलाम | चुलाचुली | ६ | ५९३ | ५६६ | ० | ११५९ |
| १३ | ताप्लेजुङ | थुकिम्बा | १ | १०० | ७४ | ० | १७४ |
| १४ | पाँचथर | लिम्बा, दुर्दिम्बा | ४ | ९१ | ७३ | ० | १६४ |
| १५ | पर्वत | हुवास | २ | १५२ | १४१ | ० | २९३ |
| १६ | सल्यान | सल्लीबजार | २ | १९६ | १७८ | ० | ३७४ |
| १७ | म्याग्दी | पाखापानी | १ | ८ | १३ | ० | २१ |
| १८ | म्याग्दी | चिमखोला | १ | १९ | १९ | ० | ३८ |
| १९ | म्याग्दी | रुम | २ | ४८ | ३८ | ० | ८६ |

| क्र.सं. | जिल्ला | घुम्ती शिविर स्थल | जम्मा कार्य दिन | घुम्ति शिविरमा दर्ता सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | ते.लि. | जम्मा |
| २० | सोलुखुम्बु | सल्यान, नेचाबतासे र नेचाबेतघारी | ३ | १२७ | १३७ | ० | २६४ |
| २१ | सोलुखुम्बु | बाकु, पावै | ३ | ७५ | ७४ | ० | १४९ |
| २२ | सोलुखुम्बु | गेली, मकाञ्जे | ३ | १३१ | ११० | ० | २४१ |
| २३ | पर्वत | रानीपानी | २ | ७८ | ८७ | ० | १६५ |
| २४ | प्युठान | रजवारा | २ | १२६ | १०८ | ० | २३४ |
| २५ | सिन्धुपाल्चोक | पाङताङ | १ | ११५ | ११० | ० | २२५ |
| २६ | बैतडी | कुलाउँ | २ | १४८ | ९३ | ० | २४१ |
| २७ | बैतडी | शर्माली | २ | १४७ | १४१ | ० | २८८ |
| २८ | रामेछाप | भुजी | २ | १६६ | १३३ | ० | २९९ |
| २९ | रामेछाप | लखनपुर | २ | ३२३ | ३०७ | ० | ६३० |
| ३० | रामेछाप | गाल्पा | २ | २२० | १८२ | ० | ४०२ |
| ३१ | दार्चुला | लटिनाथ | २ | ३१९ | २२७ | ० | ५४६ |
| ३२ | बैतडी | परचौरीहाट | ५ | ५१२ | ५५७ | ० | १०६९ |
| ३३ | पाँचथर | आङ्ना, पाङजाबुङ | ३ | २७६ | २२५ | ० | ५०१ |
| ३४ | डडेल्धुरा | बेलापुर | २ | २४६ | २६२ | ० | ५०८ |
| ३५ | डोल्पा | नर्कु | २ | ५६ | ९८ | ० | १५४ |
| ३६ | सिन्धुली | हर्षाही | २ | १२१ | ११४ | ० | २३५ |
| ३७ | झापा | पथरिया | १ | ६६ | ८७ | ० | १५३ |
| ३८ | प्युठान | कोचिवाङ | २ | १३० | ९२ | ० | २२२ |
| ३९ | सिन्धुपाल्चोक | थाङपालकोट | २ | २६० | २३७ | | ४९७ |
| ४० | प्युठान | स्वर्गद्वारी | २ | १६० | ७४ | ० | २३४ |
| ४१ | सङ्खुवासभा | ताम्कु, बाला | २ | ७२ | ४५ | ० | ११७ |
| ४२ | नुवाकोट | घ्याङफेदी | २ | १११ | ११४ | ० | २२५ |
| ४३ | अछाम | ऋषिदह | ३ | १८२ | १४४ | ० | ३२६ |

| क्र. सं. | जिल्ला | घुम्ती शिविर स्थल | जम्मा कार्य दिन | घुम्ति शिविरमा दर्ता सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | ते.लि. | जम्मा |
| ४४ | बझाङ | मेलबिसौना | २ | ९० | १२१ | ० | २११ |
| ४५ | मुस्ताङ | लेते | १ | ११ | ३० | ० | ४१ |
| ४६ | मुस्ताङ | चराङ | १ | ३० | ४२ | ० | ७२ |
| ४७ | कालीकोट | कुमालगाउँ | २ | १६८ | १४१ | ० | ३०९ |
| ४८ | सुर्खेत | नालापानी | १ | ७६ | ११४ | ० | १९० |
| ४९ | बाँके | गंगापुर | १ | ७ | ८ | ० | १५ |
| ५० | पाल्पा | जुठापौवा | १ | ४५ | ३७ | ० | ८२ |
| ५१ | सोलुखुम्बु | टाप्टिङ | २ | १०९ | ७० | ० | १७९ |
| ५२ | भोजपुर | घोरेटार | ३ | ३१४ | २७५ | ० | ५८९ |
| ५३ | चितवन | काउले | १ | ४६ | ४९ | ० | ९५ |
| ५४ | बैतडी | शिवलिङ्ग | २ | १५१ | २०३ | ० | ३५४ |
| ५५ | सिन्धुपाल्चोक | थाङपालकोट | थप | ० | ० | ० | ० |
| ५६ | लमजुङ | बिचौर | १ | ६० | ५२ | ० | ११२ |
| ५७ | कालीकोट | राँचुली | १ | ६२ | ४९ | ० | १११ |
| ५८ | कालीकोट | जुबिथा | १ | ८३ | ५२ | ० | १३५ |
| ५९ | पाँचथर | सराङडाडा | १ | १०२ | ८१ | ० | १८३ |
| ६० | इलाम | बाँझो | ३ | २९२ | २६८ | ० | ५६० |
| ६१ | म्याग्दी | मुदी | २ | ६९ | ४४ | ० | ११३ |
| ६२ | धनकुटा | खोकु | २ | ७२ | ७७ | ० | १४९ |
| ६३ | सङ्खुवासभा | वाना | २ | ८६ | ९० | ० | १७६ |
| ६४ | कपिलवस्तु | खुरहुरिया | १ | ४१ | ५३ | ० | ९४ |
| ६५ | ताप्लेजुङ | हाङपाङ | १ | १३५ | १५१ | ० | २८६ |
| ६६ | कञ्चनपुर | देखतभूली | २ | १५० | १२० | ० | २७० |
| ६७ | नुवाकोट | घ्याङफेदी | थप | ० | ० | ० | ० |
| ६८ | धादिङ | त्रिपुरेश्वर | २ | १५६ | ६५ | ० | २२१ |

| क्र. सं. | जिल्ला | घुम्ती शिविर स्थल | जम्मा कार्य दिन | घुम्ति शिविरमा दर्ता सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | ते.लि. | जम्मा |
| ६९ | सोलुखुम्बु | बुङ | २ | ७२ | ८२ | ० | १५४ |
| ७० | अछाम | ढकारी | २ | २०८ | १५७ | ० | ३६५ |
| ७१ | प्युठान | हंसपुर | ३ | ११० | ७३ | ० | १८३ |
| ७२ | प्युठान | ढुंगेगढी | ३ | १४० | १०३ | ० | २४३ |
| ७३ | प्युठान | बाङ्गेसाल | ३ | २५३ | १४३ | ० | ३९६ |
| ७४ | कैलाली | पहलमानपुर | ३ | ४८९ | ४५० | ० | ९३९ |
| ७५ | रोल्पा | थवाङ | २ | ५२ | ४७ | ० | ९९ |
| ७६ | डोटी | बिपीनगर | १ | २२९ | २२९ | ० | ४५८ |
| ७७ | दैलेख | राकम कर्णाली | ३ | ४१० | ३०६ | ० | ७१६ |
| ७८ | सुर्खेत | खानीखोला | १ | ६४ | ३७ | ० | १०१ |
| ७९ | सिन्धुली | हर्षाही | २ | थप रकम | | | ० |
